# Education Plan

# 2082-2091

## दश वर्षे

# गाउँ शिक्षा योजना



स्थानीय सरकार

## हेलम्बु गाउँपालिका

༄། । ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# हेलम्बु गाउँपालिकाको
# दश वर्षे गाउँ शिक्षा योजना
## *(10 Years Education Plan - 2082-2091)*

प्रकाशक

स्थानीय सरकार

**हेलम्बु गाउँपालिका**

༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

२०८२

## स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

## गाउँ कार्यपालिकाको कार्यालय

### हेलम्बु, सिन्धुपाल्चोक
### बागमती प्रदेश, नेपाल

# हेलम्बु गाउँपालिकाको दश वर्षे गाउँ शिक्षा योजना
# *(Education Plan - 2082-2091)*




स्रोत: स्थलरूप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**पुस्तक :** हेलम्बु गाउँपालिकाको दश वर्षे गाउँ शिक्षा योजना २०८२-२०९१
**प्रकाशक :** हेलम्बु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बागमती प्रदेश, हेलम्बु, सिन्धुपाल्चोक
**प्रमुख संरक्षक :** गाउँपालिका अध्यक्ष श्री निमा ग्याल्जेन शेर्पा
**संरक्षक :** गाउँपालिका उपाध्यक्ष श्री अप्सरा लम्साल लामिछाने

## हेलम्बु गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना २०८२-२०९१ निर्माण समिति

१. श्री छिरिङ लामा ह्योल्मो, (संयोजक, सामाजिक विकास समिति)
२. श्री बेनी बहादुर मोक्तान (प्रमुख प्रशासकीय अधिकृत)
३. श्री धन ध्वज लामा (वरिष्ठ शिक्षा अधिकृत, आठौं)
४. श्री रीता वि.क. (कार्यपालिका सदस्य)
५. श्री पूर्ण बहादुर गौतम (प्रधानाध्यापक एवम् सदस्य गाउँ शिक्षा समिति)
६. श्री भिमबहादुर कार्की (शिक्षक तथा संयोजक, विद्यालय योजना)
७. श्री नेत्र प्रसाद भट्टराई (शिक्षक तथा संयोजक, विद्यालय अनुगमन)
८. श्री गोपाल लामा (शिक्षासेवी)
९. श्री आशिका घले (शिक्षक)
१०. श्री सावित्री धिमाल (शिक्षक)
११. श्री यम बहादुर जोती (प्रधानाध्यापक तथा नेपाल शिक्षक महासंघ)
१२. श्री सोम बहादुर जोती (प्रधानाध्यापक)
१३. श्री सुरेन स्याङतान (शिक्षक)
१४. श्री मिङ्मार लामा (सम्भोटा शिक्षक)
१५. श्री सानुकान्छा तामाङ (प्रधानाध्यापक)
१६. श्री मधु बिलास घिमिरे (प्राविधिक सहायक)

**सर्वाधिकार :** प्रकाशकमा निहित (मिति २०८२ मंसिर २९ गते गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत)
**इमेल :** helamburm@gmail.com, helambuedu@gmail.com
**वेवसाइट :** www.helambumun.gov.np
**मुद्रण :** २०० प्रति
**प्रथम संस्करण :** वि. सं. २०८२

(हेलम्बु गाउँपालिकाको लिखित स्वीकृति बिना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन वा कुनै विद्युतीय वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।)

# विषयसूची

**क्र.सं.** **पृष्ठ**

Table of Contents

**Abbreviations** — ९
हाम्रो भनाइ — ११
परिच्छेद-१ — १६
परिचय — १६
१.१ पृष्ठभूमि — १६
१.३ भौगोलिक अवस्था — १६
१.४ जनसांङ्ख्यिक अवस्था — १७
१.५ शैक्षिक अवस्था — २४
१.५.१ शैक्षिक सस्थाहरूको विवरण — २४
१.५.२ विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण — २६
१.५.३ शिक्षक विवरण — २६
१.५.४ वडागत विद्यालय विवरण — २६
१.५.५ आर्थिक तथा सामाजिक पक्ष — ३०
१.५.१ नीतिगत प्रबन्ध — ३१
१.६ शिक्षा क्षेत्रका समस्या चुनौतीहरु र अवसरर — ३२
परिच्छेद-२ — ३८
दुरदृस्टी, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण — ३८
२.१ सन्दर्भ र औचित्य — ३८
२.२ सोंच, लक्ष्य, उद्देश्य, रणनीति — ३८
२.२.१ राष्ट्रिय दिर्घकालिन सोच — ३८
२.२.२ हेलम्बु गाउँपालिकाको दूरदृष्टि — ३८
२.२.३ लक्ष्य — ३८
२.२.४ उद्देश्य — ३९
२.२.५ रणनीति — ३९
२.२.७ अपेक्षित उपलब्धि — ४३
२.२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य (२०८२ देखि २०९१) — ४४
परिच्छेद-३ — ४९
शिक्षाका मुख्य उपक्षेत्रहरु — ४९
३.१ प्रारम्भिक बालविकास तथा शिक्षा — ४९
३.१.१ परिचय — ४९
३.१.२ वर्तमान अवस्था — ४९
३.१.३ अवसर र चुनौतिहरु — ५०
३.१.४ उद्देश्यहरु — ५०
३.१.५ रणनीतिहरु — ५१
३.१.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य — ५२
३.२ आधारभूत शिक्षा — ५४
३.२.१ परिचय — ५४
३.२.३ चुनौती तथा अवसरहरु — ५४
३.२.४ उद्देश्य — ५५
३.२.५ रणनीति — ५५
३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य — ५६
३.३ माध्यमिक शिक्षा — ५९
३.३ .१ परिचय — ५९
३.३.२ वर्तमान अवस्था — ५९
३.३.३ अवसर र चुनौती — ५९
३.३.४. उद्देश्यहरु — ६०
३.३.५ रणनीतीहरु — ६०

३.३.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य——६१
३.४. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम——६४
३.४.१ परिचय——६४
३.४.२ वर्तमान अवस्था——६४
३.४.३ प्राविधिक तथा व्यवसायिक शिक्षामा देखिएका चुनौतिहरु——६४
३.४.४ उद्देश्यः——६४
३.४.५ रणनीतिहरु——६५
३.४.६ उपलब्धी——६५
३.४.७ नतिजा——६६
३.४.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य——६६
३.५ अनौपचारिक शिक्षा तथा अजीवन सिकाइ——६६
३.५.१ परिचय——६६
३.५.२ वर्तमान अवस्था——६७
३.५.३ अवसर र चुनौति——६७
३.५.४ उद्देश्यहरु——६८
३.५.५ रणनिति——६८
३.५.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य——६९
३.५.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य——६९
अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु——७१
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन——७१
४.१.१ परिचय——७१
४.१.२ वर्तमान अवस्था——७१
४.१.३ अवसर तथा चुनौतिहरु——७१
४.१.४ उद्देश्यहरु——७१
४.१.५ रणनीतिहरु——७२
४.१.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य——७३
४.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य——७४
४.२ शिक्षक व्यवस्थापन तथा विकास——७४
४.२.१ परिचय——७४
४.२.२ वर्तमान अवस्था——७५
४.२.३ अवसर तथा चुनौतिहरु——७६
४.२.४ उद्देश्य——७६
४.२.६. उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य——७७
४.२.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य——७८
४.३ शिक्षामा समता र समावेशीकरण——७८
४.३.१ परिचय——७८
४.३.२ वर्तमान अवस्था——७९
४.३.३ उद्देश्य——७९
४.३.४ रणनीतिहरू——८०
४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य——८१
४.४ दिवा खाजासहित विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम——८२
४.४.१ परिचय——८२
४.४.२ वर्तमान अवस्था——८२
४.४.३ अवसर तथ चुनौतीहरुः——८३
४.४.४ उद्देश्यहरु——८३
४.४.५ रणनीतिहरु——८३
४.४.६ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप, तथा लक्ष्य——८४
४.४.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु——८५
४.५ विद्यालय सुरक्षा, बिपत जोखिम न्यूनिकरण तथा उत्थानशिलता, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा——८५
४.५.१ परिचय——८५
४.५.२ वर्तमान अवस्था——८७

४.५.३ अवसर र चुनौतीहरू — ८७
१. अवसरहरू (Opportunities) — ८७
२. चुनौतीहरू (Challenges) — ८८
४.५.४ उद्देश्यहरू (Objectives) — ८९
१. बालबालिकाको जीवन सुरक्षा सुनिश्चित गर्नु — ८९
२. आपतकालीन तयारी र संकट व्यवस्थापन क्षमता विकास गर्नु — ८९
३. विद्यालयमा सिकाइ निरन्तरता कायम राख्नु — ८९
४. समुदाय सहभागिता र जागरुकता अभिवृद्धि गर्नु — ८९
५. उद्यमशीलता र जीवनोपयोगी क्षमता विकास गर्नु — ८९
६. पूर्वाधार र आपतकालीन सामग्री उपलब्धता सुनिश्चित गर्नु — ८९
७. जोखिम मूल्याङ्कन र सुधारात्मक कदम सुनिश्चित गर्नु — ८९
४.५.५ रणनीतिहरू — ९०
१. भौतिक सुरक्षा सुधार रणनीति — ९०
२. आपतकालीन तयारी र क्षमता विकास रणनीति — ९०
३. संकट/आपतकालीन अवस्थामा शिक्षा निरन्तरता रणनीति — ९०
४. समुदाय सहभागिता रणनीति — ९०
५. उद्यमशीलता र जीवनोपयोगी क्षमता विकास रणनीति — ९०
६. अनुगमन, मूल्याङ्कन र सुधार रणनीति — ९०
रणनीतिक दृष्टिकोणको समग्र विश्लेषण — ९१
४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य — ९१
४६ विद्यालयको भौतिक पूर्वाधार विकास — ९३
४.६.१ परिचय — ९३
४.६.२ वर्तमान अवस्थाः — ९४
४.६.३ अवसर र चुनौतिहरु — ९४
४.६.४ उद्देश्यः — ९४
४.६.५ रणनीतिहरू — ९४
४.६.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु — ९५
४.६.७ क्रियाकलाप तथा लक्ष्य — ९५
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि — ९५
४.७.१ परिचय — ९५
४.७.२ वर्तमान अवस्था — ९६
४.७.३ अवसर र चुनौतिहरु — ९६
४७४ उद्देश्यहरु — ९७
४७५ रणनीतिहरु — ९७
४.७.६ नतिजा, क्रियाकलाप तथा लक्ष्य — ९८
४.७.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य — ९८
४.८ विद्यालयमा समायोजन गरी एकीकृत विद्यालयको स्थापना — ९९
४.८.१ परिचय — ९९
४.८.२ वर्तमान अवस्था — ९९
४.८.३ अवसर र चुनौतिहरु — १००
४८४ उद्देश्यहरु — १०१
विद्यालय समायोजन/मर्जका उद्देश्यहरू — १०१
४८५ रणनीतिहरु — १०१
विद्यालय समायोजन/मर्जका रणनीतिहरू — १०२
१. समुदाय र अभिभावकसँग सहभागिता — १०२
२. विद्यार्थीमैत्री पहुँच सुनिश्चित — १०२
३. शिक्षक व्यवस्थापन सुदृढीकरण — १०२
४. तथ्याङ्क र पूर्वअध्ययनमा आधारित योजना — १०२
५. कानुनी र कार्यविधि पालना — १०२
६. आंशिक/क्लस्टर मोडेल अपनाउने — १०२
७. अनुगमन र मूल्याङ्कन — १०२

८. सञ्चार रणनीति — १०२

४.८.६ नतिजा, क्रियाकलाप तथा लक्ष्य — १०२

उपलब्धि — १०२

नतिजा, क्रियाकलाप र लक्ष्य/उपलब्धि — १०२

१. नतिजा / **Expected Outcomes** — १०२

२. लक्ष्य / **Targets and Achievements** — १०३

४.८.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य — १०३

४.९ सामुदायिक विद्यालयमा छात्रावासको स्थापना तथा व्यवस्थापन — १०६

प्रमुख क्रियाकलापहरु तथा लक्ष्य — १०९

परिच्छेद-५ — ११०

सुशासन तथा व्यवस्थापन — ११०

५.१ संस्थागत क्षमता विकास — १११

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध — ११३

परिच्छेद-६ — ११९

लगानी र स्रोत व्यवस्थापन — ११९

परिच्छेद–७ — १४५

अनुगमन तथा मूल्याङ्कन — १४५

७.१ परिचय — ११३

७.२ वर्तमान अवस्था — ११३

७.३ उद्देश्यहरु — ११३

८.४ रणनीति तथा कार्यनीतिहरु — ११३

७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य — ११३

सन्दर्भ सामग्री (**Bibliography**) — ११४


- ✓ मिति २०८१।०९।२४ गतेको कार्यपालिकाबाट गाउँ शिक्षा योजना निर्माण गर्ने गाउँ कार्यापालिकाको निर्णय
- ✓ मिति २०८२।०८।२९ गतेको कार्यपालिकाबाट हेलम्बु गाउँपालिकाको दश वर्षे गाउँ शिक्षा योजना स्वीकृत
- ✓ मिति २०८१।१०।०२ गतेको नियमित प्रधानाध्यापक बैठकमा हेलम्बु गाउँपालिकाको दश वर्षे गाउँ शिक्षा योजनाको छलफल
- ✓ मिति २०८२।०९।०१ गतेको गाउँ शिक्षा समितिको बैठकमा हेलम्बु गाउँपालिकाको दश वर्षे गाउँ शिक्षा योजना स्वीकृत
- ✓ गाउँ शिक्षा योजना निर्माणको विभिन्न चरणमा गरेका बैठक, छलफल, गोष्ठीहरु

# Abbreviations

गा. पा. : गाउँपालिका

वि. व्य. स. : विद्यालय व्यवस्थापन समिति

शि.अ.सं. : शिक्षक अभिभावक संघ

CEHRD : Center for Education and Human resource Development

IEMIS : Integrated Educational Management Information System

CDC : Curriculum Development Centre

HDI : Human Development Index

ICT : Information and Communication Technology

KPI : Key Performance Indicator

## तालिका तथा चार्ट


- तालिका १ : जनसंख्या विवरण
- तालिका २ : पाँच वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या
- तालिका ३ : शैक्षिक सस्थाहरूको विवरण
- तालिका ४ : विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण
- तालिका ५ : शिक्षक विवरण
- तालिका ६ : वडागत विद्यालय विवरण
- तालिका ७ : वडाहरुमा रहेका विद्यालयहरुको नामावली विवरण
- तालिका ८ : पाँच वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्या
- चार्ट १ : पाँच वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या
- चार्ट २ : वडागत रुपमा जनसंख्याको वितरण
- चार्ट ३ : वैवाहिक स्थिति
- चार्ट ४ : पहिलो पटक विवाह दर्ता गर्दाको उमेर
- चार्ट ५ : अपाङ्गताको प्रकार अनुसार जनसंख्या
- चार्ट ६ : जन्म दर्ता
- चार्ट ७ : बालबालिकाको बसोबासको अवस्था
- चार्ट ८ : लिङ्ग र उमेर अनुसार परिवार मूलीको संख्या
- चार्ट ९ : प्रमुख दश जातजाति अनुसार जनसंख्या
- चार्ट १० : प्रमुख दश धर्म अनुसार जनसंख्या
- चार्ट ११ : प्रमुख दश मातृभाषा अनुसार जनसंख्या
- चार्ट १२ : प्रमुख दश पुर्खाको भाषा अनुसार जनसंख्या
- चार्ट १३ : प्रमुख दश दोस्रो भाषा अनुसार जनसंख्या
- चार्ट १४ : पाँच वर्ष वा सो भन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या
- चार्ट १५ : पाँच वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्या
- चार्ट १६ : ५ देखि २५ वर्षसम्म एस.एल.सी.÷एस.ई.ई. तह भन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तह अनुसार जनसंख्या
- चार्ट १७ : १० जोड २ वा उच्च तह उत्तीर्ण गरेकाले अध्ययनको क्षेत्र अनुसारको जनसंख्या
- चार्ट १८ : १० जोड २ वा सो सरह वा उच्च तह उत्तीर्ण गरेका व्यक्तिको अध्ययनको क्षेत्र अनुसारको जनसंख्या (१५–२४ वर्षको लागि)

# हाम्रो भनाइ

शिक्षा दिगो सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारभूत स्तम्भ हो । यही मान्यतालाई केन्द्रमा राखेर हेलम्बु गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना तर्जुमा गरिएको हो । यो योजना नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी मौलिक हक, स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार र दायित्व, तथा विद्यालय शिक्षा क्षेत्र योजना (SESP) का नीति, उद्देश्य र रणनीतिसँग सुसंगत रहने गरी तयार गरिएको दीर्घकालीन नीति तथा रणनीतिक दस्तावेज हो ।

हेलम्बु गाउँपालिका भौगोलिक रूपमा दुर्गम भए तापनि यहाँका बालबालिका तथा युवामा उल्लेखनीय शैक्षिक सम्भावना र मानव पूँजी विकासको अवसर विद्यमान छ । ती सम्भावनालाई प्रभावकारी रूपमा उपयोग गर्न गुणस्तरीय, समावेशी तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितता अपरिहार्य छ । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा प्राविधिक शिक्षासम्म समान पहुँच विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षकको निरन्तर व्यावसायिक विकास, तथा प्रविधिमैत्री शिक्षण–सिकाइ प्रणालीको संस्थागत सुदृढीकरणलाई प्रमुख प्राथमिकताका रूपमा अवलम्बन गरेको छ ।

यस योजनाले विशेष गरी अपाङ्गता भएका बालबालिका, गरिब, दलित, जनजाति तथा भौगोलिक रूपमा पिछडिएका समुदायका विद्यार्थीहरूलाई शिक्षा प्रणालीको मूलधारमा समावेश गर्ने स्पष्ट लक्ष्य लिएको छ । लक्षित तथा समावेशी कार्यक्रमहरूको कार्यान्वयन, परिणाममा आधारित योजना व्यवस्थापन, उत्तरदायी कार्यान्वयन संयन्त्र तथा नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीमार्फत योजनाका उद्देश्यहरू प्राप्त गर्ने रणनीति अवलम्बन गरिएको छ ।

यस दश वर्षे गाउँ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन बहुपक्षीय सहकार्यमा आधारित रहेको छ । गाउँपालिका, विद्यालय, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदारहरूबीचको समन्वय र सहकार्यले मात्र योजनाबाट अपेक्षित नतिजा हासिल गर्न सकिने विश्वास लिइएको छ । योजनाको सफल कार्यान्वयनमार्फत हेलम्बु गाउँपालिकालाई गुणस्तरीय, समावेशी तथा जीवनोपयोगी शिक्षाको नमुना स्थानीय तहका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य राखिएको छ ।

अन्त्यमा, यस योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवाला निकाय, शिक्षाविद्, लेखन कार्यदल, जनप्रतिनिधि, कर्मचारी तथा समुदायप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**निमा ग्याल्जेन शेर्पा**
**अध्यक्ष**
**हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक**

**२०८३ जेठ १३ गते बुधबार**

# कार्यकारी सांराश
# (Executive Summary)

हेलम्बु गाउँपालिकाको दश वर्षे गाउँ शिक्षा योजना (२०८२/०८३–२०९१/०९२) स्थानीय सरकारको संविधानद्वारा प्रत्याभूत शिक्षा सम्बन्धी अधिकार, संघीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG–4) सँग समन्वय गर्दै तयार गरिएको दीर्घकालीन रणनीतिक दस्तावेज हो। यस योजनाले गाउँपालिकाभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय, पहुँचयोग्य, प्रविधिमैत्री तथा रोजगारमुखी बनाउने दीर्घकालीन दृष्टि लिएको छ।

यस योजनाको मूल दृष्टि "सबैका लागि गुणस्तरीय, प्रविधिमैत्री, समावेशी र जीवनोपयोगी शिक्षा" हो। सो दृष्टि प्राप्तिका लागि बालविकासदेखि माध्यमिक तथा प्राविधिक शिक्षासम्मको पहुँच विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक सक्षमता अभिवृद्धि, सुशासन र उत्तरदायित्वयुक्त शिक्षा व्यवस्थापनमा जोड दिइएको छ।

योजनाले हालको शैक्षिक अवस्थाको विश्लेषण गर्दै विद्यालय पूर्वाधारको असमानता, दुर्गम क्षेत्रमा शिक्षक अभाव, सीमित ICT पहुँच, अपाङ्गता तथा सीमान्तकृत समुदायका बालबालिकाको न्यून सहभागिता र कमजोर अनुगमन प्रणालीजस्ता प्रमुख चुनौतीहरू पहिचान गरेको छ। ती चुनौती समाधान गर्न दीर्घकालीन लक्ष्य, मध्यकालीन उद्देश्य र वार्षिक कार्ययोजनाको ढाँचा अवलम्बन गरिएको छ।

दश वर्षे अवधिमा योजनाले विशेष गरी प्रारम्भिक बालविकासको गुणस्तर सुधार, आधारभूत तहमा सिकाइ उपलब्धि वृद्धि, माध्यमिक तहमा टिकाउ दर सुधार, प्राविधिक तथा सीपमूलक शिक्षाको विस्तार, शिक्षकको निरन्तर व्यावसायिक विकास, र डिजिटल तथा ICT आधारित शिक्षण–सिकाइ प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ। साथै अपाङ्गता भएका बालबालिका, गरिब, दलित, जनजाति तथा भौगोलिक रूपमा दुर्गम क्षेत्रका विद्यार्थीका लागि लक्षित कार्यक्रमहरू समावेश गरिएको छ।

योजनाको कार्यान्वयनका लागि गाउँपालिका, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदारबीच प्रभावकारी समन्वय र सहकार्यको अपेक्षा गरिएको छ। परिणाममुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीमार्फत योजनाको प्रगति नियमित रूपमा समीक्षा गर्ने योजना तय गरिएको छ।

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो।यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ। योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा पहुँच र समता विस्तार, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय शासन र व्यवस्थापन सुदृढीकरण, प्रविधिको प्रभावकारी उपयोग, तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन्। योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ।यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम, तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिएको छ। कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन-मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ।स्थानीय स्रोत परिचालन, अन्तर-तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक निजी साझेदारीलाई जोड दिइएको छ। समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो।योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**क) विषय प्रवेश**

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ।नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक

सन्दर्भअनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छायस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो।यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ। साथै, यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुर्‍याउँछ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ। यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ। यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरूसहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ।

### ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ। स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुर्‍याउँछ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण-सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ। यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ। त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो।

**ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको थियो।

- क) नेपालको संविधान
- ख) सोह्रौँ आवधिक योजना
- ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
- घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
- ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
- च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- छ) विद्यालय शिक्षा क्षेत्र योजना
- ज) राष्ट्रिय शिक्षा नीति २०७६,
- झ) दिगो विकास लक्ष्य
- ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना
- ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
- ड) राजनीतिक दलको घोषणापत्र
- ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको थियो।

**बैठकका निर्णयहरु र उपस्थितिहरु अनुसूचीमा समावेश गर्ने।**

- क) कार्यपालिकाको बैठकको निर्णय
- ख) योजना निर्माण समितिको गठन
- ग) योजना निर्माण कार्यदल गठन
- घ) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय
- ङ) प्रथम मस्यौदा तयारी
- च) योजनाको अन्तिम रुप
- छ) योजनाको मूल्याकंन
- ज) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

**ग) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरिएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ। यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरिएको छ। परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरु उल्लेख गरिएको छ।

समग्रमा, हेलम्बु गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना स्थानीय आवश्यकतामा आधारित, SESP प्राथमिकता, SDG–4 सँग सम्बन्धित दीर्घकालीन रणनीतिक दस्तावेज हो । राष्ट्रिय नीतिसँग समन्वित र दीर्घकालीन दिगोपनमा केन्द्रित दस्तावेज हो । यस योजनाको सफल कार्यान्वयनले गाउँपालिकामा शिक्षाको गुणस्तर सुधार, समान अवसरको सुनिश्चितता र सक्षम मानव संसाधन विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**दश वर्षे गाउँ शिक्षा योजना लेखन कार्यदल**
**हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक**

**२०८३ जेठ १३ गते बुधबार**

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

प्रत्येक व्यक्तिले मर्यादित एवम् सम्मानजनक जीवन जिउन पाउनु पर्छ । यसका लागि शिक्षा अत्यावश्यक हुन्छ । शिक्षालाई व्यक्ति, राष्ट्र विकास, समृद्धि र सुशासनको मूल आधारका रूपमा लिइन्छ । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गर्छ । व्यक्तिमा उचित ज्ञान, सीप तथा दक्षता विकास गर्छ । विकसित ज्ञान र सीपका आधारमा श्रम बजारमा उपलव्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि हुने गर्दछ । शिक्षाले प्रत्येक व्यक्तिलाई मर्यादित एवम् सम्मानजनक जीवन जिउन अत्यावश्यक दक्षता विकास गर्छ ।

समाजमा विभिन्न प्रकारका विभेद तथा असमानताको अवस्था रहन्छ । शिक्षाले समाजमा हुने आर्थिक एवम् सामाजिक असमानताको अवस्थामा सुधार गर्छ । समतामूलक समाज विकासमा शिक्षाले महत्वपूर्ण योगदान पुऱ्याउँछ । शिक्षाको यही मान्यतालाई आधार बनाइ नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने संवैधानिक हक रहेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने संवैधानिक हक रहेको छ । राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूले शिक्षालाई उच्च प्राथमिकता प्रदान गरेका छन् । यी व्यवस्थाहरूको सही कार्यान्वयनमा शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्ने हक समेत संविधानले प्रत्याभूत गरेको हुँदा शिक्षा देशको प्रमुख प्राथमिकता क्षेत्र भित्र रहँदै आएको छ ।

समृद्ध नेपाल सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माण गर्ने प्रतिवद्धता नेपाल सरकारले गरेको अवस्था छ । मानव सं-साधनको विकास नभई यो लक्ष्य हासिल हुन सक्दैन । शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु पर्छ । गुणस्तरीय एवम् सक्षम नागरिक तयार गर्न शैक्षिक व्यवस्थापन पद्दति गुणस्तरीय हुनु पर्छ । यसका लागि शिक्षा सम्बन्धी दीर्घकालिन तथा अल्पकालिन योजना विकास तथा कार्यान्वयन अनिवार्य हुन्छ ।

राष्ट्रिय तथा स्थानीय शैक्षिक आवश्यकता अनुसारको शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकले शिक्षालाई व्यवस्थित गर्ने योजना बनाएको छ । यसका लागि शिक्षालाई व्यक्तिगत सामाजिक, राष्ट्रिय र अन्तरर्राष्ट्रिय परिवेश अनुकूलन बनाउने लक्ष्य लिएको छ । यस क्रममा शिक्षाको दीर्घकालीन योजना तयार गरी यसैका आधारमा शिक्षाको योजना तथा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने लक्ष्यका साथ योजनावद्ध विकासको थालनी गरेको छ ।

## १.२ गाउँपालिकको संक्षिप्त परिचय

हेलम्बु गाउँपालिकाको नामाकरण तात्कालिन हेलम्बु गा.वि.स. वर्तमान गाउँपालिकाको वडा नं १ सँग जोडिएको छ । 'हेलम्बु' भन्नाले एउटा गाउँ मात्र नभएर यसले भेगको प्रतिनिधित्व गर्दछ । साविकको हेलम्बु गा.वि.स.को नाम २०४९ सालको निर्वाचन सम्पन्न भएपछि निर्वाचित पहिलो गा.वि.स.ले यस गा.वि.स.को नाम परिवर्तन गरेर 'हेलम्बु' राखेको हो । त्यस अघिसम्म तार्के घ्याङ्गुल गा.वि.स. र तार्केघ्याङ्गुल पञ्चायत थियो । यसको अर्थ 'तार्के' र 'घ्याङ्गुल'को नामबाट 'तार्केघ्याङ्गुल' रहेको अनुमान सजिलै गर्न सकिन्छ । राज्यको पुर्नसंरचनासँगै यहाँका ५ वटा तात्कालिन गा.वि.स.हरु क्रमशः हेलम्बु, किउल, पाल्चोक, महाँकाल र इचोकलाई मिलाएर हेलम्बु गाउँपालिकाको निर्माण भएको हो । यस गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन । पुर्नसंरचनामा महाँकाल र इचोक दुवै तात्कालिन गा.वि.स.लाई २/२ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाले आफ्नो पालिकाको वस्तुगत विवरण तयार पार्ने निर्णय गरेको छ । उक्त निर्णय अनुसार वस्तुगत विवरण तयार पार्ने काम सम्पन्न समेत गरेको छ । हेलम्बु गाउँपालिकामा भएका स्रोत-साधनहरुको उपयोग गरी अधिकतम विकास गर्ने लक्ष्यका साथ पालिकाको वर्तमान अवस्थाको अध्ययनका लागि यो विवरण तयार पार्न लागेको हो ।

## १.३ भौगोलिक अवस्था

हेलम्बु गाउँपालिकामा रहेका ७ वटा वडाहरु सबैको भौगोलिक स्वरुपमा समानता र केही फरक पाइन्छ । वडा नं १ र २ को माथिल्लो भाग निकै उचाइमा अवस्थित छ र यस ठाउँमा हिउँदको समयमा हिउ पर्छ । बाँकी ५ वटा वडामा हिमाली, मध्य र तल्लो तटीय भु-भागहरु रहेको छ । मेलम्ची नदीले यो पालिकालाई एउट सुन्दर उपत्यकामा परिणत गरेको छ । मेलम्चीको नदी एकतर्फ हेलम्बु, किउल, पाल्चोक र अर्कातर्फ इचोक, महाँकाल रहेको छ । यो पालिकाको मध्य भागबाट बग्ने मेलम्ची नदीले नदी किनारमा समथर मलिलो भु–भागहरुको निर्माण गरेको छ । यहाँको भु–भाग अनुसारकै हावापानी रहेको छ । माथिल्लो भागमा हिउँदको समयमा निकै ठण्डा र गर्मीको समयमा ठिक्कको हावापानी कायम रहन्छ । मध्य भागमा पनि जाडोमा जाडो र

गर्मीमा गर्मी हुन्छ । जाडो याममा पनि लेकमा जस्तो यस ठाउँमा निकै जाडो र गर्मीमा निकै गर्मी हुँदैन । तल्लो भु–भागमा गर्मीमा केही मात्रामा गर्मी हुन्छ भने जाडोको समयमा पनि केही मात्रामा जाडो हुन्छ ।

हेलम्बु पर्यटकीय क्षेत्रको रुपमा परिचित छ । हिमालको दृश्यसँगै ह्योल्मो, शेर्पा, तामाङ, नेवार, ब्राहमण, क्षेत्री जातिको बसोबास, रहनसहन र रीतिरिवाज, ऐतिहासिक, पर्यटकीय र धार्मिक स्थालहरु जस्तै: गुम्बा, मन्दिर, ग्रेटट्रेलले आन्तरिक तथा बाह्य पर्यटकहरु आकर्षित हुने गरेका छन् । यो क्षेत्र धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल पनि हो । यस ठाउँमा विभिन्न समयमा धार्मिक गुरुहरुले ध्यान गर्ने गरेको र त्यति बेला धार्मिक गुरुहरुले यस क्षेत्रको भ्रमण समेत गरेको किम्वदन्तीहरु पाइन्छ । अधिकांश भु-भाग पहाड र सुन्दर डाँडा पाखाले भरिएको यस गाउँपालिका समुन्द्री सतहबाट करिव १००० मिटरको उचाई देखि उच्च ६००० मिटरसम्मको भु-भाग पर्दछ । हेलम्बु गाउँपालिका सुन्दर, शान्त र रमणीय जुगल हिमालको सन्निकट याङ्ग्रीमा डाँडाको काखमा रहेको छ । माथिल्लो भु–भागमा ह्योल्मो र तामाङ जातिको बहुल्यता रहेका र तल्लो बेसी भू-भागमा विशेष गरी ब्राम्हण, क्षेत्री, नेवार, दलितहरुको बसोबास रहेको छ ।

आमायाङ्ग्री, मेलम्चीघ्याङ, तार्केघ्याङ, सेर्माथाङ, ककनी, कुटुमसाङ, घोप्टेघ्याङजस्ता महत्वपूर्ण स्थल रहेको यस ठाउँमा गुम्बा, माने, घ्याङहरु, मन्दिर अवलोकन गर्दा मानिसको मन छुने हुन्छ । यस ठाउँको अतिथि सत्कार, विशेष खालको संस्कृति परम्परा आकर्षक प्राकृतिक सौन्दर्यता, स्वच्छ वातावरणले गर्दा यो क्षेत्र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । यस हेलम्बु गाउँपालिकामा बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको मुहान र सुरुङ अधिकाँश भाग समेत पर्दछ । यस गाउँपालिकामा मुहान मेलम्ची र अन्य खोलाहरु जस्तै गोहोरे खोला, तिम्बु खोला अन्य सा–साना खोल्चीहरु छन्, जसबाट खानेपानी, सिचाईलाई थप सुविधा पुगिरहेको छ । यस क्षेत्रको अधिकाँश भु-भाग वनजङ्गलले ढाकेको छ । यस गाउँपालिकाका मुख्य व्यापारिक केन्द्रहरु ग्याल्थुम, चनौटे, तिम्बु र किउल बगर लगायताका स्थान हुन ।

### १.४ जनसांङ्ख्यिक अवस्था

हेलम्बु गाउँपालिकाको पुरुष र महिलाको जनसंख्या लगभग बरारबर रहेको देखिन्छ । राष्ट्रिय जनगणना, २०७८ को अनुसार उमेर समुहको आधारमा यस गाउँपालिकाको जनसङ्ख्या यस प्रकार रहेका छन् ।

**तालिका-१. जनसंख्या विवरण**

| उमेर समुह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९५ वा सो भन्दा माथि | ४ | १३ | १७ |
| ९०-९४ | १० | १५ | २५ |
| ८५-८९ | ४१ | ४७ | ८८ |
| ८०-८४ | ८३ | ८८ | १७१ |
| ७५-७९ | १५३ | १७३ | ३२६ |
| ७०-७४ | २७६ | २६३ | ५३९ |
| ६५-६९ | २९४ | २८१ | ५७५ |
| ६०-६४ | ४२५ | ४०८ | ८३३ |
| ५५-५९ | ४६० | ४३५ | ८९५ |
| ५०-५४ | ५४८ | ५२७ | १०७५ |
| ४५-४९ | ५१२ | ४८० | ९९२ |
| ४०-४४ | ५०९ | ५४४ | १०५३ |
| ३५-३९ | ५२१ | ५५४ | १०७५ |
| ३०-३४ | ५९९ | ५६२ | ११६१ |
| २५-२९ | ६९८ | ६४७ | १३४५ |
| २०-२४ | ७२३ | ७३४ | १४५७ |
| १५-१९ | ७२५ | ८०३ | १५२८ |
| १०-१४ | ७४४ | ८१४ | १५५८ |
| ०५-०९ | ७६८ | ७४३ | १५११ |
| ००-०४ | ६८८ | ५८५ | १२७३ |
| **जम्मा जनसङ्ख्या** | **८७८१** | **८७१६** | **१७, ४९७** |

| विवरण | कुल जनसंख्या | पुरुष | पुरुष % | महिला | महिला% | लैङ्गिक अनुपात | जनघनत्व | जनसंख्या वृद्धि दर |
|---|---|---|---|---|---|---|---|---|
| नेपाल | २, ९१, ६४, ५७८ | १, ४२, ५३, ५५१ | ४८.९ | १, ४९, ११, ०२७ | ५१.१ | ९५.५९ | १९८ | ०.९२ |
| बागमती प्रदेश | ६१, १६८६६ | ३०४८६८४ | ४९.८ | ३०६८१८२ | ५०.२ | ९९.६६ | ३०१ | ०.९७ |
| सिन्धुपाल्चोक जिल्ला | २, ६२, ६२४ | १, २९, २०५ | ४९.२ | १, ३३, ४१९ | ५०.८ | ९६.८४ | १०३ | -०.८८ |
| हेलम्बु गाउँपालिका | १७, ४९७ | ८, ७८१ | ५०.२ | ८, ७१६ | ४९.८ | १००.७५ | ६१ | -०.१ |

हेलम्बु गाउँपालिकाको कुल जनसंख्या १७, ४९७ (महिला ८, ७१६ जना ५०.२% र पुरुष ८७८१ जना ४९.८%) छ । कुल जनसंख्याको लैङ्गिक अनुपात १००.७५ रहेको छ । बागमती प्रदेशको कुल साक्षरता दर ८२.१ रहेको छ जुन राष्ट्रियस्तर भन्दा ५.९% हुन आउछ । हेलम्बु गाउँपालिकाको कुल साक्षरता दर ६३.५ (महिला ५७.८ पुरुष ६९.३) रहेको छ । जातिगत रुपमा ६०% तामाङ्गको जनसंख्याको बसोवास यस पालिकामा रहेको छ भने कम जनसंख्या परियारको १% रहेको पाइन्छ। पालिकाको कूल जनसंख्या १७४९७ रहेको छ । जसमध्ये महिला ५०.२% र पुरुष ४९.८% रहेका छन् । यसबाट महिलको जनसंख्या पुरुषको तुलनामा १% प्रतिशत भन्दा थैरै रहेको छ । त्यसै गरी सबैभन्दा बढी जनसंख्याको उमेर समूह १५–१९ वर्ष रहेको छ । यो समूहले कूल जनसंख्याको प्रतिशत ५.९ प्रतिनिधित्व रहेको छ । दोश्रो ठूलो १०–१४ रहेको छ । यो समूहले ५.४ प्रतिशत प्रतिनिधित्व गरेको छ । सबैभन्दा कम प्रतिनिधित्व हुने उमेर समूह ९५ वर्ष माथिको हो । यिनीहरु ०.१ प्रतिशत रहेका छन् । यस गाउँपालिकाको कुल जनसंख्या राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा १७४९७ रहेको छ ।

## पाँच वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको ५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या निम्नानुसार रहेको छ।

**चार्ट १ : पाँच वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या**




## वडागत रुपमा जनसंख्याको वितरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको वडागत रुपमा जनसंख्याको वितरण निम्नानुसार रहेको छ।

**चार्ट २ : वडागत रुपमा जनसंख्याको वितरण**




## २.४ पाँच वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको ५ वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या निम्नानुसार रहेको छ।

**तालिका २ : पाँच वर्ष उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या**

| क्र.सं. | उमेर | पुरुष | महिला | क्र.सं. | उमेर | पुरुष | महिला |
|---|---|---|---|---|---|---|---|
| १ | ९५ माथि | ४ | १३ | ११ | ४५-४९ | ५१२ | ४८० |
| २ | ९०-९४ | १० | १५ | १२ | ४०-४४ | ५०९ | ५४४ |
| ३ | ८५-८९ | १४ | ४७ | १३ | ३५-३९ | ५२१ | ५५४ |
| ४ | ८०-८४ | ८३ | ८८ | १४ | ३०-३४ | ५९९ | ५६२ |
| ५ | ७५-७९ | १५३ | १७३ | १५ | २५-२९ | ६९८ | ६४७ |
| ६ | ७०-७४ | २७६ | २६३ | १६ | २०-२४ | ७२३ | ७३४ |
| ७ | ६५-६९ | २९४ | २८१ | १७ | १५-१९ | ७२५ | ८०३ |
| ८ | ६०-६४ | ४२५ | ४०८ | १८ | १४-Oct | ७४४ | ८१४ |
| ९ | ५५-५९ | ४६० | ४३५ | १९ | ०९-May | ७६८ | ७४३ |
| १० | ५०-५४ | ५४८ | ५२७ | २० | ००-०४ | ६८८ | ५८५ |
| जम्मा | | | | | | ८,७८१ | ८,७१६ |

## २.५ वैवाहिक स्थिति

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको वैवाहिक स्थिति निम्नानुसार रहेको छ।

**चार्ट ३ : वैवाहिक स्थिति**




### २.६ पहिलो पटक विवाह दर्ता गर्दाको उमेर

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको पहिलो पटक विवाह दर्ता गर्दाको उमेर निम्नानुसार रहेको छ।

**चार्ट ४ : पहिलो पटक विवाह दर्ता गर्दाको उमेर**




### २.७ अपाङ्गताको प्रकार अनुसार जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको अपाङ्गताको प्रकार अनुसार जनसंख्या निम्नानुसार रहेको छ।

**चार्ट ५ : अपाङ्गताको प्रकार अनुसार जनसंख्या**

**जम्मा अपाङ्गता : २.१%** **महिला : १.७%** **पुरुष : २.५%**




## २.८ जन्म दर्ता

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको जन्म दर्ता निम्नानुसार रहेको छ।

चार्ट ६ : जन्म दर्ता




## २.९ बालबालिकाको बसोबासको अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको बालबालिकाको बसोबासको अवस्था निम्नानुसार रहेको छ।

**चार्ट ७ : बालबालिकाको बसोबासको अवस्था**




## २.१० लिङ्ग र उमेर अनुसार परिवार मूलीको संख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको लिङ्ग र उमेर अनुसार परिवार मूलीको संख्या निम्नानुसार रहेको छ।

**चार्ट ८ : लिङ्ग र उमेर अनुसार परिवार मूलीको संख्या**




## २.११ प्रमुख दश जातजाति अनुसार जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको प्रमुख दश जातजाति अनुसार जनसंख्या निम्नानुसार रहेको छ।

चार्ट ९ : प्रमुख दश जातजाति अनुसार जनसंख्या




## २.१२ प्रमुख दश धर्म अनुसार जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको प्रमुख दश धर्म अनुसार जनसंख्या

निम्नानुसार रहेको छ।

**चार्ट १० : प्रमुख दश धर्म अनुसार जनसंख्या**



## २.१३ प्रमुख दश मातृभाषा अनुसार जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको प्रमुख दश मातृभाषा अनुसार जनसंख्या निम्नानुसार रहेको छ।

**चार्ट ११ : प्रमुख दश मातृभाषा अनुसार जनसंख्या**




## २.१४ प्रमुख दश पुर्खाको भाषा अनुसार जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको प्रमुख दश पुर्खाको भाषा अनुसार जनसंख्या निम्नानुसार रहेको छ।

**चार्ट १२ : प्रमुख दश पुर्खाको भाषा अनुसार जनसंख्या**




## २.१५ प्रमुख दश दोस्रो भाषा अनुसार जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको प्रमुख दश दोस्रो भाषा अनुसार जनसंख्या निम्नानुसार रहेको छ।

**चार्ट १३ : प्रमुख दश दोस्रो भाषा अनुसार जनसंख्या**



## १.५ शैक्षिक अवस्था

शैक्षिक अवस्था अन्तर्गत विभिन्न पक्षहरूको हालको अवस्थालाई विष्लेषण गरिएको छ । यसमा मूलत शैक्षिक सूचकहरूलाई प्राथमिकता दिई विद्यमान अवस्थाको समीक्षा गरिएको छ । यस अन्तर्गतका विभिन्न सूचकहरूको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### १.५.१ शैक्षिक सस्थाहरूको विवरण

शैक्षिक सत्र २०८२ मा हेलम्बु गाउँपालिकामा तपसिल बमोजिमको विद्यालयहरु सञ्चालनमा रहेका छन् ।

| S. N | EMIS Code | School Name | Address | Ward | Email | Class Upto | Higher Secondary Approval Date | Lower Secondary Approval Date | Secondary Approval Date | Primary Approval Date |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 230380003 | Nurbuling Manichaur Secondary School | Helambu,Kharka Danda | 2 | nurbulingschool@gmail.com | 10 | | 2067-01-15 | 2071-12-26 | 2039-10-07 |
| 2 | 230300009 | Mahendra Basic School | helambu | 7 | basicmahendra73@gmai.com | 8 | | 2076-01-01 | | 2020-09-01 |
| 3 | 230440009 | Saraswati Secondary School | Helambu, Gyalthum | 4 | secondarysaraswati1@gmail.com | 12 | 2052-03-18 | 2026-05-26 | 2035-09-11 | 2020-09-20 |
| 4 | 230520003 | Jayabageswori Secondary School | Helambu | 3 | sjbss2020@gmail.com | 10 | | 2053-06-09 | 2066-03-17 | 2020-09-28 |
| 5 | 230290008 | Golmadevi Secondary School | Timbu | 1 | golmadevischoolhelambu@gmail.com | 10 | | 2060-03-05 | 2064-12-15 | 2045-03-15 |
| 6 | 230440012 | East Point Academy | Helambhu | 4 | epahelambu@gmail.com | 10 | | 2074-01-11 | 2076-02-27 | 2054-05-11 |
| 7 | 230300003 | Pating Basic School | Pating | 7 | patingschool8@gmail.com | 8 | | 2070-01-01 | | 2047-01-01 |
| 8 | 230300007 | Mahendra Secondary School | suparitar | 6 | mahendraschool6@gmail.com | 12 | 2068-02-14 | 2051-02-14 | 2063-02-14 | 2017-10-05 |
| 9 | 230440010 | Siddhartha Pra V | Bharati | 5 | siddharthabasicschool5@gmail.com | 4 | | | | 2063-08-12 |
| 10 | 230300008 | Hari Siddhi Basic School | Bangare | 7 | harisidhhischool22@gmail.com | 3 | | | | 2054-10-20 |
| 11 | 230300004 | Mahakaleswori Basic School | Surasing | 7 | girichameli359@gmail.com | 5 | | | | 2047-02-15 |
| 12 | 230440007 | Padmeshwori Pra V | Mahahkal | 5 | basicschoolpadmeshwary@gmail.com | 5 | | | | 2047-01-02 |
| 13 | 230290001 | Gorakh Nath Pra V | Tarkeghyang | 1 | toyagautam567@gmail.com | 5 | | | | 2081-04-06 |
| 14 | 230440004 | Mahakali Nindeshwori Pra V | Helambu 4 | 4 | mahakali123@yahoo.com | 5 | | | | 2041-01-01 |
| 15 | 230380010 | Satdhara Basic School | Helambu | 2 | tamangbir524@gmail.com | 5 | | | | 2064-01-15 |
| 16 | 230520001 | Palchok Secondary School | Helambu-3, Palchok, Sindupalchok | 3 | shreepalchoksec2045@gmail.com | 10 | | 2065-11-06 | 2075-12-01 | 2045-10-13 |
| 17 | 230290006 | Sarkathali Basic School | Sarkathali | 1 | balkrishnagautam14@gmail.com | 5 | | | | 2047-11-02 |
| 18 | 230300001 | Ichok Secondary School | Ghyangdanda | 6 | ichokschool@gmail.com | 10 | | 2066-08-18 | 2077-09-01 | 2036-10-24 |
| 19 | 230440005 | Gyanodaya Pra V | Helambu | 4 | gyanodayabasic123@gmail.com | 5 | | | | 2045-03-10 |
| 20 | 230520002 | Ishing Pra V | Ishing | 3 | ishingbasic999@gmail.com | 5 | | | | 2069-02-19 |
| 21 | 230440008 | Bolde Pra V | Bolde | 5 | boldeschool@gmail.com | 3 | | | | 2049-10-10 |
| 22 | 230290007 | Pema Chholing Basic School | Nhakote | 1 | rabinpariyar77@gmail.com | 8 | | 2066-12-10 | | 2049-02-23 |
| 23 | 230300002 | Dhapsung Basic School | Dhapsung | 6 | yogbahadurpandit@gmail.com | 5 | | | | 2050-01-01 |
| 24 | 230380007 | Bhumeshwari Secondary School | Kiul, Muktitar | 2 | schoolbhumeshwari@gmail.com | 12 | 2067-03-23 | 2037-10-05 | 2053-09-15 | 2032-09-17 |
| 25 | 230380002 | Chitre Pra V | Chitre | 2 | shambhunathguragain0@gmail.com | 5 | | | | 2047-02-31 |
| 26 | 230380011 | Yangrima Boarding School | Sermathang , Helambu | 2 | yangrima.trust@gmail.com | 12 | 2080-03-05 | 2046-01-08 | 2054-03-10 | 2046-01-08 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 27 | 230290002 | Melamchi Ghyang Secondary School | Melamchighyang | 1 | Limbutika85@gmail.com | 12 | 2081-02-28 | 2058-12-04 | 2062-03-12 | 2045-06-05 |
| 28 | 230440002 | Sarbodaya Secondary School | Chhajogang | 5 | sarbodayaschool2039@gmail.com | 10 | | 2071-12-26 | 2074-12-05 | 2039-10-10 |
| 29 | 230440006 | Srijana Pra V | Chitre | 5 | nirmalagiri407@gmail.com | 3 | | | | 2054-02-02 |
| 30 | 230440003 | Bhanjyang Pra V | Sirise | 5 | bhanjyangbasicschool@gmail.com | 5 | | | | 2050-01-02 |
| 31 | 230290005 | Helambu Bodhisattva Model School | Helambu | 6 | hbms2047@gmail.com | 11 | 2081-04-06 | 2076-06-03 | 2078-03-07 | 2047-01-03 |
| 32 | 230380008 | Risankumane Basic School | Dhodeni, Kiul | 2 | risangkumane.school@gmail.com | 5 | | | | 2064-10-18 |
| 33 | 230380001 | Setidevi Basic School | Rimal Tol | 2 | setidevisevischool2046@gmail.com | 5 | | | | 2065-09-14 |
| 34 | 230300011 | Kharkadanda Samudayik Bbk | Helambu 6 | 6 | kharkadada@gmail.com | ECD/ PPC | | | | 2080-09-16 |
| 35 | 230440001 | Urleni Pra V | Urleni | 5 | shreeurlenibasicschool@gmail.com | 3 | | | | 2047-03-14 |
| 36 | 230380004 | Manikantheshwori Basic School | Churetar | 2 | manikantheshwori@gmail.com | 5 | | | | 2047-01-27 |

**TOTAL SCHOOLS**

| | Public | | Private | | Religious | |
|---|---|---|---|---|---|---|
| **Description** | **Level** | **Unit** | **Level** | **Unit** | **Level** | **Unit** |
| ECD | 33 | 32 | 2 | 2 | 0 | 0 |
| Basic Level(1-5) | 33 | 19 | 2 | 0 | 0 | 0 |
| Basic Level(6-8) | 14 | 3 | 2 | 0 | 0 | 0 |
| Sec Level(9-10) | 11 | 6 | 2 | 1 | 0 | 0 |
| Sec Level(11-12) | 5 | 5 | 1 | 1 | 0 | 0 |
| **Total** | | **33** | | **2** | | **0** |

| प्रकार | सामुदायिक तर्फ | सस्थागत तर्फ | कूल |
|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ३२ | २ | ३४ |
| आधारभूत विद्यालय | २१ | २ | २३ |
| माध्यमिक विद्यालय | ११ | २ | १३ |
| सामुदायिक सिकाइ केन्द्र | २ | ० | २ |

हेलम्बु गाउँपालिकामा प्रारम्भिक बालविकास र शिक्षा ३२ वटा, सामुदायिक विद्यालय ३२ वटा (आधारभूत विद्यालय २१, माध्यमिक विद्यालय ११) र २ वटा संस्थागत गरी ३४ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । श्री गोरखनाथ आधारभूत विद्यालय, हेलम्बु-१, सिन्धुपाल्चोक मिति २०८२ वैशाख ११ गतेबाट श्री गोल्मादेवी माध्यमिक विद्यालय, हेलम्बु-१, सिन्धुपाल्चोकमा समायोजन भएको छ ।

### १.५.२ विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण

<table>
<tr><th colspan="2">ECD</th><th colspan="10">Basic Level (1-5)</th><th colspan="6">Basic Level (6-8)</th><th colspan="4">Secondary Level(9-10)</th><th colspan="4">Secondary Level(11-12)</th></tr>
<tr><th colspan="2">ECD</th><th colspan="2">G1</th><th colspan="2">G2</th><th colspan="2">G3</th><th colspan="2">G4</th><th colspan="2">G5</th><th colspan="2">G6</th><th colspan="2">G7</th><th colspan="2">G8</th><th colspan="2">G9</th><th colspan="2">G10</th><th colspan="2">G11</th><th colspan="2">G12</th></tr>
<tr><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th><th>Girls</th><th>Boys</th></tr>
<tr><td>282</td><td>338</td><td>185</td><td>182</td><td>152</td><td>182</td><td>153</td><td>162</td><td>195</td><td>186</td><td>191</td><td>201</td><td>144</td><td>170</td><td>178</td><td>174</td><td>149</td><td>127</td><td>140</td><td>153</td><td>155</td><td>103</td><td>60</td><td>36</td><td>57</td><td>35</td></tr>
<tr><td colspan="2">620</td><td colspan="2">367</td><td colspan="2">334</td><td colspan="2">315</td><td colspan="2">381</td><td colspan="2">392</td><td colspan="2">314</td><td colspan="2">352</td><td colspan="2">276</td><td colspan="2">293</td><td colspan="2">258</td><td colspan="2">96</td><td colspan="2">92</td></tr>
<tr><td colspan="12">G: 1158 | B: 1251 | T: 2409</td><td colspan="6">G: 471 | B: 471 | T: 942</td><td colspan="4">G: 295 | B: 256 | T: 551</td><td colspan="4">G: 117 | B: 71 | T: 188</td></tr>
<tr><td colspan="26">G: 2041 | B: 2049 | T: 4090</td></tr>
</table>

| कक्षा | छात्रा | छात्र | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | २८२ | ३३८ | ६२० | १५.१६ |
| कक्षा १-३ | ४९० | ५२६ | १०१६ | २४.८४ |
| कक्षा ०-५ | ११५८ | १२५१ | २४०९ | ५८.९१ |
| कक्षा ६-८ | ४७१ | ४७१ | ९४२ | २३.०३ |
| कक्षा ९-१० | २९५ | २५६ | ५५१ | १३.४७ |
| कक्षा ११-१२ | ११७ | ७१ | १८८ | ४.५९ |
| **जम्मा** | २०४१ | २०४८ | ४०८९ | १०० |

हेलम्बु गाउँपालिकामा शैक्षिक सत्र २०८२ मा २०४१ जना छात्रा र २०४८ जना छात्र गरी कूल ४०८९ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । सबैभन्दा कम विद्यार्थी कक्षा ११-१२ मा ४.५९ प्रतिशत रहेको छ भने सबैभन्दा बढी कक्षा ०-५ मा ५८.९१ प्रतिशत रहेको छ।

### १.५.३ शिक्षक विवरण

| विवरण | महिला | पुरूष | जम्मा |
|---|---|---|---|
| प्रारम्भिक बालविकास | ३३ | | ३३ |
| आधारभूत तह १- ३ | ४ | | ४ |
| आधारभूत तह १- ५ | ३९ | ६३ | १०२ |
| आधारभूत तह ६-८ | ४ | २२ | २६ |
| माध्यमिक तह ९-१० | २ | २१ | २३ |
| माध्यमिक तह ११-१२ | १ | ६ | ७ |
| **जम्मा** | **८३** | **११२** | **१९५** |
| **प्रतिशत (%)** | **४२.५६%** | **५७.४३%** | **१००%** |

पालिकामा कूल १९५ जना शिक्षक कार्यरत रहेका छन् । जसमध्ये कूल ८३ जना महिला रहेका छन् । यो कूल शिक्षकको ४२.५६ प्रतिशत हुन आउँछ । त्यसै गरी कूल पुरुष शिक्षकको सङ्ख्या ११२ रहेको छ । तहगत रूपमा हेर्दा सबैभन्दा बढी शिक्षक आधारभूत तह १- ५ रहेका छन् ।

### १.५.४ वडागत विद्यालय विवरण

हेलम्बु गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको विवरण तपसिल बमोजिम रहेका छन्।

| वडा | आधारभूत तह (बालविकास-कक्षा ३) | आधारभूत तह (बालविकास-कक्षा ५) | आधारभूत तह (बालविकास-कक्षा ८) | माध्यमिक तह (बालविकास-कक्षा १०) | माध्यमिक तह (बालविकास-कक्षा १२) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | १ | १ | १ | १ | ४ | |
| २ | | ५ | | १ | २ | ८ | |
| ३ | | १ | | २ | | ३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | | २ | | १ | १ | ४ | |
| ५ | ३ | ३ | | १ | | ७ | |
| ६ | | १ | | १ | २ | ४ | |
| ७ | १ | १ | २ | | | ४ | |
| **जम्मा** | **४** | **१४** | **३** | **७** | **६** | **३४** | |

## वडाहरुमा रहेका विद्यालयहरुको नामावली विवरण

| क्र.सं. | विद्यालय | तह |
|---|---|---|
| **वडा नं १** | | |
| १ | मेलम्चीघ्याङ माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १२ |
| २ | सर्कथली आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| ३ | पेमा छोलिङघ्याङ आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ८ |
| ४ | गोल्मादेवी माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १० |
| **वडा नं २** | | |
| ५ | नुर्वुलिङ मानिचौर माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १० |
| ६ | मनिकण्ठेश्वरी आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| ७ | भूमेश्वरी माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १२ |
| ८ | रिसाङ्कुमाने आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| ९ | सातधारा आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| १० | याङ्ग्रीमा माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १२ |
| ११ | सेतिदेवी आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| १२ | चित्रे आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| **वडा नं ३** | | |
| १३ | पाल्चोक माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १० |
| १४ | इसिङ्ग आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| १५ | जयवागेश्वरी माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १० |
| **वडा नं ४** | | |
| १६ | सरस्वती माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १२ |
| १७ | महाकाली निन्देश्वरी आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| १८ | ज्ञानोदय आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| १९ | इष्ट पोइन्ट एकेडेमी | प्रारम्भिक बालविकास देखि कक्षा १० |
| **वडा नं ५** | | |
| २० | उर्लेनी आधारभूत विद्यालय | कक्षा १ देखि कक्षा ३ |
| २१ | सर्वोदय माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १० |
| २२ | भन्ज्याङ्ग आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| २३ | सिर्जना आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ३ |
| २४ | सिद्दार्थ आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| २५ | बोल्दे आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ३ |
| २६ | पद्मेश्वरी आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| **वडा नं ६** | | |
| २७ | हेलम्बु बेधिसत्व मोडल स्कुल | प्रारम्भिक बालविकास देखि कक्षा १२ |
| २८ | इचोक माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १० |
| २९ | ढापसुङ आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |

| क्र.सं. | विद्यालय | तह |
|---|---|---|
| ३० | महेन्द्र माध्यमिक विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा १२ |
| **वडा नं ७** | | |
| ३१ | पतिङ आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ८ |
| ३२ | महाकालेश्वरी आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ५ |
| ३३ | हरिसिद्दि आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ३ |
| ३४ | महेन्द्र आधारभूत विद्यालय | प्रारम्भिक बालविकास देखि कक्षा ८ |

गाउँपालिकामा कुल ३४ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । प्रारम्भिक बालविकास ३३ र आधारभुत तह कक्षा १–५ सञ्चालन हुने विद्यालय १८ वटा रहेका छन् । त्यसै गरी आधारभुत तह कक्षा १–८ सञ्चालन हुने विद्यालय ३ वटा रहेका छन् । कक्षा १–१२ सञ्चालन हुने माध्यामिक विद्यालयह ६ वटा ओटा रहेका छन् । सबैभन्दा बढी विद्यालय भएको वडा २ हो जसमा ८ वटा विद्यालयहरु रहेका छन् ।

### १.५.४ साक्षरता

#### १.५.४.१ साक्षरताको स्थिति

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार गाउँपालिकाको साक्षरताको स्थिति हेर्दा पुरुष साक्षरता ६९.३ प्रतिशत र महिला साक्षरता ५७.८ प्रतिशत रहेको छ। समग्रमा गाउँपालिकाको साक्षरता ६३.५ प्रतिशत र निरक्षरता ३६.५ प्रतिशत रहेको छ।

**चार्ट १४ : पाँच वर्ष वा सो भन्दा माथिका व्यक्तिको साक्षरताको अवस्था अनुसारको जनसंख्या**




**२.२.२ ५ देखि २५ वर्षसम्म एस.एल.सी./एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तह अनुसार जनसंख्या**

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको ५ देखि २५ वर्षसम्म एस.एल.सी.÷एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तह अनुसार जनसंख्या निम्नानुसार रहेको छ।

**चार्ट १६ : ५ देखि २५ वर्षसम्म एस.एल.सी.÷एस.ई.ई. तह भन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तह अनुसार**




## २.२.३ पाँच वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको पाँच वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्या निम्नानुसार रहेको छ।

**चार्ट १५ : पाँच वर्ष वा सोभन्दा माथिका व्यक्तिले उत्तीर्ण गरेको शैक्षिक तह अनुसारको जनसंख्या**




| | पूर्व बालविकास | प्राथमिक तह | निम्नमाध्यमिक तह | एस.एल.सी. | उच्च माध्यमिक तह | प्रविणता | स्नातक तह | स्नाकोत्तर वा सो भन्दा बढी | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| ■ | 4.6 | 37.1 | 21.5 | 5.9 | 12.7 | 9.3 | 1.6 | 1.1 | 0.5 |
| ■ | | | | | | | | | |
| ■ | | | | | | | | | |
| □ | | | | | | | | | |

### २.२.४ १० जोड २ वा उच्च तह उत्तीर्ण गरेकाले अध्ययनको क्षेत्र अनुसारको जनसंख्या

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको १० जोड २ वा उच्च तह उत्तीर्ण गरेकाले अध्ययनको क्षेत्र अनुसारको जनसंख्या निम्नानुसार रहेको छ।

**चार्ट १७ : १० जोड २ वा उच्च तह उत्तीर्ण गरेकाले अध्ययनको क्षेत्र अनुसारको जनसंख्या**




### २.२.४ १० जोड २ वा सो सरह वा उच्च तह उत्तीर्ण गरेका व्यक्तिको अध्ययनको क्षेत्र अनुसारको जनसंख्या (१५–२४ वर्षको लागि)

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोकको १० जोड २ वा सो सरह वा उच्च तह उत्तीर्ण गरेका व्यक्तिको अध्ययनको क्षेत्र अनुसारको जनसंख्या (१५–२४ वर्षको लागि) निम्नानुसार रहेको छ।

**चार्ट १८ : १० जोड २ वा सो सरह वा उच्च तह उत्तीर्ण गरेका व्यक्तिको अध्ययनको क्षेत्र अनुसारको जनसंख्या (१५–२४ वर्षको लागि)**




राष्टिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल साक्षरता प्रतिशत ६३.५ रहेको छ । जसमध्ये पुरुष साक्षरता प्रतिशत ६९.३ र महिला साक्षरता प्रतिशत ५७.८ रहेको छ । पुरुषको तुलनामा महिला साक्षरताको अवस्था कमजोर रहेको छ । त्यसैगरी उमेर समुह ५ वर्ष भन्दा माथिको साक्षरता प्रतिशतको हकमा पढ्न र लेख्न दुवै जान्नेका प्रतिशत कुल ६३.५ रहेको छ । पढ्न र लेख्न दुवै नजान्नेको जनसंख्या कुल ३६.२ प्रतिशत रहेको छ । जसमा पुरुषको प्रतिशत ३०.५ र महिलाको प्रतिशत ४२.० रहेको छ । समग्रमा महिलाको शैक्षिक अवस्था कमजोर देखिएको छ । यसबाट पनि महिला सशक्तिकरण तथा समुदायमा आधारित साक्षरता सिप विकास कार्यक्रमको औचित्य थप पुन आएको छ ।

### १.५.५ आर्थिक तथा सामाजिक पक्ष

आमायाङ्ग्री, मेलम्चीघ्याङ, तार्केघ्याङ, सेर्माथाङ, ककनी, कुटुमसाङ, घोप्टेघ्याङ, पाल्चोक, घोप्टेघ्याङ जस्ता महत्वपूर्ण स्थल रहेको यस ठाउँमा गुम्बा, माने, घ्याङहरु, मन्दिर अवलोकन गर्दा पर्यटकहरुको मन छुने हुन्छ । यस ठाउँको अतिथि सत्कार, विशेष खालको संस्कृति परम्परा आकर्षक प्राकृतिक सौन्दर्यता, स्वच्छ वातावरणले गर्दा यो क्षेत्र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । यस हेलम्बु गाउँपालिकामा बहुचर्चित मेलम्ची खानेपानी आयोजनाको मुहान र सुरुङ अधिकाँश भाग समेत पर्दछ । यस गाउँपालिकामा मुहान मेलम्ची र अन्य खोलाहरु जस्तै गोहोरे खोला, तिम्बु खोला अन्य सा–साना

खोल्चीहरु छन्, जसबाट खानेपानी, सिचाईलाई थप सुविधा पुगिरहेको छ । यस क्षेत्रको अधिकाँश भु-भाग वनजङगलले ढाकेको छ । यस गाउँपालिकाका मुख्य व्यापारीक केन्द्रहरु ग्याल्थुम, चनौटे, तिम्बु, कुटुम्साङ र किउल बगर लगायताका स्थान हुन ।

सामाजिक तथा सांस्कृतिक दृष्टिले हेलम्बु गाउँपालिका ऐतिहासिक महत्व बोकेको क्षेत्र हो । यहाँका प्राचीन बस्ती संरचना र परम्परागत बौद्ध संस्कृतिको प्रभाव स्पष्ट देखिन्छ । विविध भाषा, धर्म र परम्पराहरूले यहाँको सामाजिक बनावटलाई समृद्ध बनाएका छन्। धार्मिक तथा सांस्कृतिक पर्व, उत्सवहरू सामूहिक रूपमा मनाइन्छन्, जसले सामाजिक सद्भाव र सहकार्यको भावना बलियो बनाउँछ । हेलम्बु गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था विविधतायुक्त र गतिशील छ । बहुजातीय संरचना र ऐतिहासिक पहिचान यसको मुख्य विशेषता हुन् । समावेशी विकास नीति, सांस्कृतिक संरक्षण कार्यक्रम र लैङ्गिक समानतामा केन्द्रित पहलहरू आवश्यक देखिन्छन् ।

यहाँको अर्थतन्त्र मुख्यतः कृषि, व्यापार, होटल तथा पर्यटन व्यवसाय हुन । राजधानीसँगको निकटताका कारण यहाँ होटल तथा रेष्टुरेन्ट व्यवसाय, यातायात सेवा, निजी शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्थाहरूको विस्तार भएको छ । परम्परागत कृषि गतिविधि अझै केही स्थानमा कायम भए पनि वैदेशिक रोजगार तथा बसाइसराईका कारण कृषि उत्पादन घट्दै गएको छ । यहाँको आर्थिक अवस्था अवसर र चुनौती दुवै पक्षबाट प्रभावित छ । एकातर्फ, राजधानी नजिकको रणनीतिक अवस्थाले लगानी, रोजगारी र उद्यमशीलताका सम्भावना बढाएको छ भने अर्कोतर्फ असंगठित श्रम बजार, सीप र बजार मागबीच असन्तुलन तथा आय असमानता जस्ता समस्या विद्यमान छन् । त्यसैले स्थानीय सरकारले सीपमूलक तथा प्राविधिक शिक्षा प्रवर्द्धन, साना तथा मझौला उद्यम विकास, महिला तथा युवामुखी उद्यमशीलता कार्यक्रम सञ्चालन र उत्पादनमुखी क्षेत्र विस्तारमा विशेष ध्यान दिन आवश्यक देखिन्छ । व्यवस्थित शहरी योजना, दिगो पूर्वाधार विकास र स्थानीय स्रोत–साधनको अधिकतम उपयोग गर्न सके यहाँको अर्थतन्त्रलाई थप सबल, समावेशी र प्रतिस्पर्धात्मक बनाउन सकिन्छ ।

### १.५.१ नीतिगत प्रबन्ध

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिकहकको व्यवस्था गरिएको छ जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । धारा ३१ मा शिक्षालाई नागरीकको आधारभुत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरीकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क, माध्यामिक तह सम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ ।

त्यस्तै दृष्टीविहिन नागरीकलाई ब्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसकालागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ ।यसै गरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ ।यसै गरीनेपालको संविधान २०७२ मा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद मनोरञ्जन, तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शरिरीक मानसिक वा कुनै किसिमको यातना दिन पाईने छैन भनि उल्लेख छ त्यसै गरी दलितको हक अन्तर्गत आधारभुत तहबाट उच्च तह सम्म छात्रवृत्ती सहित निः शुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरिनेपालको संविधानमा शिक्षालाई वैज्ञानिक प्राविधिक ब्याबसायिक सिपमुलक, रोजगारमुलक जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एबं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रनमा राज्यको लागानी अभिबृद्दि गर्ने कुरा उल्लेख छ साथै नागरीकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सुचना केन्द्रको स्थापना र प्रबर्द्र गर्ने कुरा उल्लेख छ ।

त्यस्तै १६ औँ आवधिक योजनामा गुणस्तरिय शिक्षा मार्फत् दक्ष प्रतिस्पर्धी उत्पादनशिल र नबप्रवर्तनशिल मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ यसैगरी विद्यालय क्षेत्र विकास योजना २०७३ र ०७४ (२०७९ र ०८१) ले समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसाथ गरी सबै नागरीकलाई उत्पादनशिल जिवनयापन गर्न चाहिने पूर्ण कार्यमुलक साक्षरता गणितिय सिप तथा आधारभुत जिवनोपयोगी सिपको विकासको अवसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एबं समावेशी प्रयत्न मार्फत् मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्मान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी प्रबर्तनात्मक र मुल्य उन्मुख नागरीकको विकासमा योगदान पुर्याउने दुरदृष्टि राखेकोछ ।

राष्ट्रिय शिक्षा निति २०७६ मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी प्रविधीमैत्री रोजगारमुलक र उत्पादनशिल बनाई देशको आवश्यकता अनुरुपको मानब संसाधन विकास गर्ने लक्ष्य राखेको छ ।यसै गरी उच्च स्तरिय राष्ट्रिय शिक्षाआयोग २०७५ को प्रतिबेदनमा शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गर्नका लागि सामाजिक न्याय सहित सभ्य समुन्नत स्वस्थ जनशक्ति उत्पादन राष्ट्र निर्माणको दिशा, व्यक्तिको सर्वाङ्गिण विकास र सामाजिक आर्थिक रुपान्तरणका लागि गुणस्तरिय शिक्षा भन्ने उल्लेख भएको छ ।

क) गाउँ शिक्षा सम्बन्धी नीति कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन
ख) विद्यालय स्थापना तथा व्यवस्थापन र अनुमती
ग) शिक्षा सम्बन्धी तालिम गोष्ठी सञ्चालन
घ) गाभिएका र बन्द भएका विद्यालयका सम्पत्ती व्यवस्थापन
ङ) गाउँ शिक्षा समिति विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
च) विद्यालयको भौतिक सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापन
छ) विद्यालय शिक्षाको गुणस्तर बृद्दिकालागि विभिन्न तालिम गोष्ठि सञ्चालन तथा पाठ्यसामाग्री वितरण
ज) सामुदायिक विद्यालयको दरबन्दि मिलान
झ) विद्यालयको नकसाङ्कन
ञ) सामुदायिक विद्यालयको पूर्वाधार निर्माण तथा मर्मत
ट) आधारभुत तहको परीक्षा सञ्चालन अनुगमन तथा व्यवस्थापन
ठ) विद्यार्थी सिकाई उपलब्धी परीक्षण र मूल्याङ्कन
ड) छात्रवृत्ति व्यवस्थापन
ढ) सामुदायिक आध्ययन केन्द् सामुदायिक बाचनालय र सामुदायिक पुस्तकालयको सञ्चालन र व्यवस्थापन
ण) अतिरिक्त क्रियाकलापको आयोजना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धि २३ ओटा अधिकारहरु प्रदान गरे अनुरुप हेलम्बु गाउँपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि गर्न दिवाखाजा कार्यविधी २०७७ निर्माण तथा कार्यन्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

## १.६ शैक्षिक अवस्था

हेलम्बु गाउँपालिकाले शैक्षिक व्यवस्थापन तथा गुणस्तरका लागि पर्याप्त लगानी गर्दै नमूना कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। गाउँपालिकामा ११ वटा सामुदायिक माध्यमिक विद्यालय, २१ वटा आधारभूत विद्यालय र २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो। यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ। तर विद्यालय भवन, कक्षा कोठा, खेलमैदान तथा प्रयोगशाला जस्ता भौतिक पूर्वाधार सबै विद्यालयमा समान रूपमा पर्याप्त छैनन् भन्ने संकेत पाइन्छ। गाउँपालिकाले आफ्नो शिक्षा नीतिमा शत प्रतिशत भर्ना दर पुर्‍याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको छ। शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ, विशेष गरी विज्ञान, गणित र अंग्रेजी जस्ता विषयमा। यसले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रम सकारात्मक पहल भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन आवश्यक छ।

विद्यार्थी भर्ना दर सन्तोषजनक भए पनि केही बालबालिका विद्यालय कहिल्यै नगएका वा बीचैमा छोड्ने समस्या कायम छ। गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित हुन सक्छ। “भर्ना शतप्रतिशत” र “ड्रपआउट शून्य” लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ। सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, नियमित मूल्याङ्कन प्रणाली र प्रविधि एकीकरण अपरिहार्य छन्। लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कुल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबीचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ। अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ। शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो। वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय

अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ संकेत गर्दछ। तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याव र Smatboard उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ । यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ।

**सबल पक्षहरु**

हेलम्बु गाउँपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय सकारात्मक तथा असल अभ्यासहरू कार्यान्वयनमा ल्याएको छ । स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको अधिकारको प्रभावकारी उपयोग गर्दै आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दिशामा विद्यार्थी भर्ना अभियान, विशेष छात्रवृत्ति कार्यक्रम, दिवा खाजा तथा विद्यालय पोसाक वितरण जस्ता लक्षित कार्यक्रम सञ्चालन गरिएका छन् । यी कार्यक्रमहरूले गरिब, विपन्न तथा सीमान्तकृत परिवारका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न महत्वपूर्ण योगदान पुऱ्याएका छन् । विद्यालय वातावरण सुधारका लागि बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइएको छ। सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित परिसर निर्माणले विद्यालयलाई सिकाइअनुकूल बनाउने दिशामा सकारात्मक परिणाम देखाउन थालेको छ। शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रविधि एकीकरणमा विशेष ध्यान दिइएको छ । स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला विस्तार, इन्टरनेट जडान तथा डिजिटल सामग्रीको प्रयोगले आधुनिक शिक्षण सिकाइ प्रक्रिया प्रवर्द्धन गरेको छ। समावेशी शिक्षाको क्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य सीमान्तकृत समूहलाई विशेष प्राथमिकता दिइएको छ । अपाङ्गताका प्रकृतिअनुसार सहायक सामग्री, छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिमले विद्यालय व्यवस्थापन र शैक्षिक नेतृत्वमा लैङ्गिक सन्तुलन कायम गर्न सहयोग पुऱ्याएको छ। यसका अतिरिक्त, सामुदायिक सिकाइ केन्द्रहरूको सक्रियता बढाई वयस्क साक्षरता, निरन्तर शिक्षा र जीवनोपयोगी सीप विकास कार्यक्रम सञ्चालन गरिएको छ । विद्यालयस्तरमा नियमित शैक्षिक अनुगमन, उपलब्धि परीक्षण, अभिभावक शिक्षक अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रमहरू सञ्चालन गरी सिकाइ उपलब्धि सुधारमा ध्यान दिइएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गरी युवाहरूलाई स्वरोजगार र उद्यमशीलतातर्फ उन्मुख गराउने पहल पनि अघि बढाइएको छ।

समग्रमा,हेलम्बु गाउँपालिकाले शिक्षामा पहुँच, गुणस्तर, समावेशीकरण र दिगोपनालाई एकसाथ सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ । यदि यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न सकियो भने स्थानीय स्तरमै गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकासको नमुना स्थापित हुनसक्ने सम्भावना प्रबल रहेको छ।

**शिक्षा क्षेत्रका समस्याहरू**

गाउँपालिकामा निम्नानुसारको समस्याहरु पहिचान गरिएको छ ।

**क) समतामूलक पहुँच र सहभागिता**

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि गरिबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ । अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागिता गराउनु अझै चुनौतीपूर्ण छ। अभिभावक शिक्षाको अभावले घर–विद्यालय समन्वय कमजोर भएको देखिन्छ । समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ।

**ख) गुणस्तर र सान्दर्भिकता**

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ। स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकासमा ढिलाइ हुँदा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ। यसले जीवनोपयोगी सीप विकासमा चुनौती सिर्जना गरेको छ।

**ग) शिक्षक व्यवस्थापन**

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन। विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधि–मैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन् । शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र नियुक्ति प्रक्रियामा हुने विवादले स्थायित्व र पेशागत मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ ।

**घ) भौतिक पूर्वाधार**

धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। कतिपय भवनहरू जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ । आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन् । यसले डिजिटल शिक्षण–सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ।

**ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली**

स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको छ । सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ । विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र फिडब्याक प्रणाली पर्याप्त सुदृढ छैन् । परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन।

**च) समता र समावेशीकरण**

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ । लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ ।

**छ) विद्यालय सुशासन र व्यवस्थापन**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागितामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वियन हुन नसक्ने अवस्था देखिन्छ । विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको अभाव छ। शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ । माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने लगानी र बजेटको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ

समग्रमा हेर्दा  हेलम्बु गाउँपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ । प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

क) विद्यालय शिक्षामा सबै बालबालिकाहरुलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु ।
ख) पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धीहरु हासिल गर्न नसक्नु ।
ग) वालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु ।
घ) विषयगत रुपमा र कक्षागत रुपमा विषयगत शिक्षकहरुको दरबन्दी नहुनु ।
ङ) शिक्षामा सुचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।
च) साक्षरता निरन्तर शिक्षा र जिवनपर्यन्त शिक्षाका अवसरहरु उपलब्ध गराउन नसक्नु ।
छ) वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।
ज) उपर्युक्त भौतिक पुर्वाधारको विकास हुन नसक्नु ।
झ) स्थानीय पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।
ञ) प्रधानाध्यापक नेतृत्व क्षमताको कमी
ट) समावेशी शिक्षामा पहुँचको कमी

## चुनौतीहरु :

हेलम्बु गाउँपालिकाले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर र समावेशीकरण सुनिश्चित गर्न थुप्रै चुनौती र अवसरको सामना गर्दै आएको देखिन्छ।लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति र अन्य सामाजिक विविधताका कारण सबै बालबालिकालाई समान रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न अझै प्रयास आवश्यक छ । जनसाङ्ख्यिकीय प्रवृत्ति, जन्म दर, बसाईँसराइ, भौगोलिक विकटता र स्थानीय बनौटका कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा शिक्षक दरबन्दीको न्यायोचित वितरण आवश्यक छ, जसले विद्यार्थी र शिक्षक दुवैको सहज पहुँच सुनिश्चित गर्दछ। विद्यालयमा थप आर्थिक व्यवस्थापन गर्न कठिनाई हुँदा निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयनमा पूर्णता दिन चुनौती देखिन्छ । दक्ष जनशक्तिको अभावले पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणाली सुधार तथा सूचना सञ्चार प्रविधिको प्रभावकारी प्रयोगमा बाधा पुऱ्याउँछ । साथै, विपत्का अवस्थाहरू जस्तै बाढी, पहिरो वा अन्य आपतकालीन परिस्थितिमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर उपलब्ध गराउने रणनीति आवश्यक छ । जनसाङ्ख्यिक विविधताका कारण आजीवन सिकाइ कार्यक्रममा समान अवसर र विविधता सुनिश्चित गर्नुपर्छ । सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधार निर्माण गरी हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत संकलन आवश्यक छ, साथै जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरू अपनाउनु दिगो शिक्षा प्रणालीका लागि अनिवार्य छ । यी सबै चुनौती र अवसरलाई व्यवस्थित रूपमा सम्बोधन गर्दा यस गाउँपालिकामा समावेशी, दिगो र गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना उच्च रहेको छ ।

गाउँपालिकामा सबैका लागि गुणस्तरिय शिक्षाको अवसर सुनिश्चित गर्न निम्नानुसारको चुनौतीहरु पहिचान गरिएको छ ।

क) लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन
ख) जनसाङ्खिकीय प्रवृत्ति (विशेषत: जन्म र बसाँई सराई), बनौट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन
ग) स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरबन्दीलाई न्यायोचित वितरण गर्न कठिन
घ) विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिन
ङ) दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्याङ्कन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न कठिन
च) विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी
छ) जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न कठिन,
ज) सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न आर्थिक स्रोत सङ्कलनमा चुनौती,
झ) जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न कठिन

ञ) सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलान गर्नु ।
ट) सुचना प्रविधिमैत्री कक्षा कोठा व्यवस्थापन गरी गुणस्तरीय जीवनोपयोगी शिक्षा सुनिश्चित गर्नु ।
ठ) विद्यार्थी संख्या र भौगोलिक दुरी समेतको अध्ययन गरी कम विद्यार्थी, बढी आर्थिक बोझ भएको विद्यालयलाई गाभिनु ।
ड) गाउँपालिकाभित्र भौतिक पूर्वाधारयुक्त क्याम्पस तथा एक प्राविधिक शिक्षालयको स्थापना गर्नु।
ढ) विषयगत शिक्षक व्यवस्थापन गर्नु।
ण) कक्षा दोहोयाउँने र कक्षा छाड्ने दर न्यूनिकारण गर्नु ।
त) तालिमबाट सिकेका व्यवहारिक सीप कक्षाकोठामा प्रयोग गर्ने परिपाटिको बसाल्नु ।
थ) अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरुमा सामूहिक प्रतिवद्धता कायम गराई शिक्षाको गुणस्तर सुनिश्चित गर्न जवाफदेही बनाउनु ।
द) सबै सरोकारवालाहरुको सहभागितामा विद्यालय सुधार योजना निर्माण गरी तथा यसको प्रभावकारी कार्यान्वयन गर्नु ।
ध) शिक्षकहरुको कार्यकुशलताको आधारमा मूल्याङ्कन गरी प्रोत्साहन र पुरस्कृत गर्ने प्रणालीको विकास गर्नु ।
न) अभिभावकहरुमा जिम्मेवारी बोधको भावना कम हुनु र विद्यालय व्यवस्थापनमा सहभागिताको कमी ।
ऩ) शिक्षकले कक्षाकोठामाध्यमिक विद्यालयताउँने समयको पूर्ण रुपमा उपयोग भएको सुनिश्चितता गर्नु ।
प) शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकले सुचना प्रविधिमा अध्यावधिक भई शिक्षण योजना र सिकाइमा प्रयोग भएको सुनिश्चितता गर्नु ।
फ) विद्यालय उमेरका बालबालिकालाई १०० प्रतिशत विद्यालयमा पुगेको सुनिश्चित गर्नु ।
ब) विद्यालयको तथ्याङ्क समयमा र सहि विवरण भर्नु र अध्यावधिक गर्नु।
भ) आर्थिक विवरण चुस्त दुरुस्त राख्न र सार्वजनिकिकरण गर्नु।
म) दक्ष जनशक्ति उत्पादन
य) बोर्ड परीक्षाको नतिजा
र) विद्यार्थी वहिर्गमन (विचैमा विद्यालय छाड्नु)
ऱ) गुणस्तरीय शिक्षा

**अवसरहरु :**

संविधान र कानुनी व्यवस्थाअनुसार शिक्षा स्थानीय तहको अधिकारभित्र परेपछि स्थानीय सरकारले आफ्नै योजनाअनुसार गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सक्ने अवसर प्राप्त भएको छ। यससँगै शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने क्षमता र तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाबाट सहकार्य र स्रोत जुटाउने वातावरण पनि उपलब्ध छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भएसँगै डिजिटल शिक्षण–सिकाइ, अनलाइन सामग्री र शिक्षक–विद्यार्थी समन्वयमा सहजता आएको छ। स्थानीय पाठ्यक्रम विकासका क्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन र जीवनोपयोगी विषयवस्तु समावेश गर्न सकिने भएकाले शिक्षा केवल सैद्धान्तिक नभई व्यवहारिक र वर्तमान चुनौतीसँग सुसंगत हुने सम्भावना बढेको छ। त्यस्तै, स्थानीय स्तरमा विद्यमान रैथाने ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रम र सिकाइ अभ्यासमा आन्तरिकीकरण गर्न सकिनु विद्यार्थीको सांस्कृतिक र सामाजिक सन्दर्भसँग शिक्षा जोड्ने अवसर दिन्छ। साथै, वैकल्पिक सिकाइको सहजीकरणमार्फत प्रत्येक विद्यार्थीले सिक्न पाउने अधिकार सुनिश्चित गर्न सकिने भएकाले पहुँच, समावेशीकरण र गुणस्तर एकसाथ बढाउने वातावरण तयार भएको छ। यस प्रकार, कानुनी अधिकार, स्रोत व्यवस्थापन, प्रविधि र स्थानीय ज्ञानको उपयोगले यस गाउँपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन महत्त्वपूर्ण अवसर प्रदान गरेको छ।

गाउँपालिकामा सबैका लागि गुणस्तरिय शिक्षाको अवसर सुनिश्चित गर्न निम्नानुसारको अवसरहरु पहिचान गरिएको छ ।

क) संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु
ख) शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु,
ग) स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु
घ) तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु
ङ) सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु

च) स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु

छ) स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु

ज) वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ।

झ) शिक्षामा पहुँच वृद्धि हुनु

ञ) विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्थापन

ट) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम लागु हुनु

ठ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ ओटा अधिकार प्रदान गरेको

ड) आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रवन्ध भएको

ढ) स्थानीय तहमा शिक्षा क्षेत्रमा गैर सरकारी संघ-संस्थाहरूको क्रियाशीलता रहेको

ण) गुणस्तरीय शिक्षाप्रति अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको

त) विद्यालय तहमा खुद भर्नादरमा उल्लेख्य वृद्धि भएको

थ) लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको

द) शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता वृद्धि भइ रहेको

ध) प्राविधिक शिक्षाको विस्तारले मानव स्रोत विकास सम्भवना रहेको

***

# परिच्छेद-२
# दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ सन्दर्भ र औचित्य

नेपालको संघीय शासन प्रणाली र प्रचलित नीतिगत व्यवस्थानुसार स्थानीय सरकारको कार्यक्षेत्र र अधिकारलाई प्रयोग गदै शिक्षा क्षेत्रलाई योजनाबद्ध बनाउन गाउँ शिक्षा समितिमा विभिन्न समयमा छलफल भएको थियो । शिक्षाको क्षेत्रमा नेपाल सरकारले कार्यन्वयन गरिरहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३–२०८०) र त्यसपछि कार्यन्वयन हुने शिक्षा क्षेत्र योजना (२०७८–२०८७) ले निर्धारण गरेको शिक्षाको दिर्घकालिन सोचलाई सहयोग पुर्याउँन र हेलम्बु गाउँपालिका भित्र योजनाबद्ध रुपमा आजको युग सुहाउँदो गुणस्तरिय शिक्षा सुनिश्चित गराउन सबै सरोकारवालाको सहभागितामा यो शिक्षा योजना तयार गरिएको हो । नेपालको संविधानले परिलक्षित गरेका शिक्षासम्बद्ध अधिकारको प्राप्तिमा स्थानीय तहमामा विकास गरिने योजनाले प्रभावकारी भूमिका खेल्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षाको प्रबन्धसहित निःशुल्क एवम् अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने, प्राविधिक र व्यावसायिक शिक्षाको अवसर बढाउने, जीवनपर्यन्त सिकाइका अवसर सृजना गरी सिकाइलाई उत्पादनसँग आबद्ध गर्ने, उद्यमशीलताको प्रवर्धन गर्ने, शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने जस्ता विषयहरू विद्यालय शिक्षाका प्राथमिकताका क्षेत्रहरू हुन् ।

प्रजातन्त्र पश्चात शिक्षामा आम नागरिकको चासो बढेको र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा शिक्षा नीति योजना तथा परियोजना कार्यान्वयन हुदै आएका छन । नेपालको संविधान २०७२ को व्यवस्था बमोजिम संघीय स्वरुपको राज्य व्यवस्था स्थापना भई संघ, प्रदेश र स्थानीय तहका सरकारहरू क्रियाशिल छन् । राज्यको यो बदलिदो शासकीय स्वरुप लगायत स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेशमा धेरै परिवर्तन भइसकेका छन् । अब निर्माण हुने शिक्षा योजनाका विषयवस्तुलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भएको छ । संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता देखिएको छ ।

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितता तथा सहभागिताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय तहको प्रमुख कर्तव्य हुन आएको छ । शिक्षामा सहभागिता र पहुँचमा वृद्धिको साथ साथै गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना गर्नु आवश्यक छ । सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी बालबालिकामा भएको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउने खालको शिक्षण सिकाई क्रियाकलापमा जोड दिंदै आधुनिक, वैज्ञानिक र २१ औं शताब्दी अनुकूलको बालबालिका निर्माण र देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनको आधारशिला तयार गर्नमा स्थानीय सरकारको अहम भूमिका र दायित्व रहेको छ । रोजगारी र आयआर्जनको अवस्था सृजना गरी मानिसको जिवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकासमार्फत् सभ्य, गुणस्तरीय र सुसस्कृत समाजको निर्माण गर्नुमा शिक्षाको अहम भूमिका रहने हुँदा शैक्षिक क्षेत्रलाई एक निश्चित दिशा प्रदान गरी अपेक्षित उपलब्धी हासिल गर्ने आवश्यकताको बोध गरी दिर्घकालिन शैक्षिक योजना निर्माण गरी कार्यान्वयन हुन अति आवश्यक रहेको छ । योजना निर्माणको औचित्यलाई देहाय बमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

## २.२ सोंच, लक्ष्य, उद्देश्य, रणनीति

### २.२.१ राष्ट्रिय दिर्घकालिन सोच

सक्षम, सिर्जनशील र मूल्य उन्मुख नागरिक तयार गरी नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका माध्यमबाट "समृद्ध नेपाल, सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने ।

### २.२.२ हेलम्बु गाउँपालिकाको दूरदृष्टि

समतामूलक, नि:शुल्क, गुणस्तरिय, प्राविधिक र व्यवहारिक शिक्षाको माध्यमबाट सामाजिक र आर्थिक रुपान्तरण

### २.२.३ लक्ष्य

समतामुलक शैक्षिक वातावरण निर्माण गरी गुणस्तरिय, प्राविधिक र व्यवहारिक शिक्षाको माध्यमबाट देश विकासको लागि दक्ष जनशक्ति निर्माणमा योगदान पुर्याउने ।

### २.२.४ उद्देश्य

१. सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,
३. औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु,
४. विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु ।

### २.२.५ रणनीति

**उद्धेश्य १ : सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।**

**रणनीतिहरू:**

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि अनिवार्य र निःशुल्क बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने,
ख) विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र शैक्षिक सत्रको सुरुमा "विद्यार्थी भर्ना घरदैलो अभियान" सञ्चालन गर्ने,
ग) गरिब, विपन्न, दलित र सीमान्तकृत समूहका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति र पोसाक वितरण गर्ने,
घ) विकट क्षेत्र वा अध्ययन गर्ने वातावरण नभएका बालबालिकाहरूका लागि आवश्यकता अनुसार नि:शुल्क छात्रावासको व्यवस्था गर्ने,
ङ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको अवस्था अनुसार (शारीरिक, सुनाइ, दृष्टि, अटिजम आदि) ब्रेल, साङ्केतिक चित्र र ह्विलचेयर जस्ता सामग्री र विशेष छात्रवृत्तिको व्यवस्था गर्ने,
च) अपाङ्गता भएका, सीमान्तकृत वा विशेष आवश्यकताका बालबालिकाका लागि समावेशी सिकाइ वातावरण उपलब्ध गराउने, Home to Education सञ्चालन गर्ने
छ) बालबालिकाको शिक्षामा अभिभावकलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गर्ने,
ज) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने
झ) विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता र वातावरणमैत्री पूर्वाधार सुनिश्चित गर्नु
ञ) प्रत्येक बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने वातावरण तयार गर्ने,
ट) बालबालिकाहरूको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्ने,
ठ) गाउँपालिका क्षेत्रभित्रका विद्यालय उमेर समूहका सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय बनाउने,
ड) माध्यमिक तहको शिक्षालाई गुणस्तरीय र सबै बालबालिकाले माध्यमिक तहसम्मको शिक्षा पूरा गरेको सुनिश्चित गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँचमा वृद्धि गर्ने,
ढ) चार वर्ष उमेर पुगेका सबै बालबालिकाहरुलाई एक वर्षको पूर्व प्राथमिक शिक्षा अनिवार्य गर्ने ।
ण) अनिवार्य, नि:शुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।
त) नि:शुल्क माध्यमिक शिक्षामा समतामुलक पहुँचको सुनिश्चितता तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने ।
थ) युवाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सीप विकासको अवसर र पहुँच विस्तार गर्ने ।

**उद्धेश्य २ : सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु ।**

**रणनीतिहरू:**

क) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति र प्रविधिमा अभ्यस्त गराउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने
ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन स्मार्ट बोर्ड, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधाको विस्तार गर्ने
ग) शिक्षाको गुणस्तर कायम गर्न नतिजमा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास गर्ने

घ) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति र जीवनोपयोगी सीपसँग मेल खाने गरी अनुकूल बनाउने

ङ) विषयगत र कक्षागत रूपमा शिक्षक व्यवस्थापन गर्ने

च) शिक्षण सिकाइमा खोजमूलक, प्रयोगात्मक, विद्यार्थीके

छ) न्द्रित र क्रियाकलाप आधारित सिकाइ प्रवर्द्धन गर्ने

ज) शिक्षकलाई नवीनतम शिक्षण विधि, ICT प्रयोग, समावेशी र गुणस्तरीय शिक्षण तालिम प्रदान गर्ने

झ) नियमित मूल्याङ्कन र फिडब्याक प्रणालीको माध्यमबाट सिकाइ उपलब्धि र गुणस्तर सुनिश्चित गर्ने

ञ) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर ल्याब र प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने

ट) कक्षाकोठामा नवीनतम शैक्षिक प्रविधिको प्रयोग, गुणात्मक शिक्षण सिकाई तथा बालमैत्री वातावरणको सिर्जना गरी विद्यार्थीहरूको विषयगत, कक्षागत, तहगतको साथ साथै समग्र विद्यालयको सिकाइ उपलब्धीस्तरमा वृद्धि गर्ने,

ठ) पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

ड) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत् न्यूनतम सिकाइ उपलब्धीको सुनिश्चिततासहित सबै विद्यालयमा गुणस्तर कायम गर्ने ।

ढ) पूर्वाधार तथा प्रविधिको विकास एवम् प्रयोग मार्फत् सबै तहको शिक्षामा सिकाइ तथा सिकारुमैत्री वातावरण निर्माण गर्ने ।

ण) ९-१२ कक्षामा प्राविधिक धारको शिक्षालाई विकास गर्दै लैजाने

त) नि:शुल्क आवसिय छात्रबासको व्यवस्था भएको विद्यालय क्याम्पस स्थापना गर्ने

थ) दैनिक जिवन उपयोगी/ व्यवहारिक/ व्यवसायिक शिक्षा प्रणालीको विकास गर्ने

द) सबै विषय र धारको अध्ययन र अध्यापन हुने क्याम्पस स्थापना गरी स्नातक तहसम्म नि:शुल्क शिक्षाको प्रबन्ध गर्ने

ध) राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका विश्वविद्यालयहरुसँग समन्वय सहकार्य गरेर सम्बन्धन लिई सबै विषय र धारको अध्ययन र अध्यापन गराउने

न) सबै विषय र प्राविधिक धारको अध्ययन र अध्यापन हुने एउटा विश्वविद्यालय स्थापना गर्ने

**उद्धेश्य ३ : औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित गर्नु ।**

**रणनीतिहरु**

क) अनलाइन प्लेटफर्म, भिडियो क्लास, मोबाइल एप्लिकेशन र रेडियो/टेलिभिजन माध्यमबाट वैकल्पिक सिकाइ पहुँच विस्तार गर्ने

ख) प्रत्येक वडामा इन्टरनेट सुविधा सहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने

ग) एक वडा एक पुस्तकालय/वाचनालय" को अवधारणा अनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालयहरू स्थापना गर्ने

घ) गाउँस्तरमा एक मुख्य पुस्तकालय स्थापना गरी वडाका पुस्तकालयहरूलाई एउटै सञ्जालमा जोड्ने

ङ) परम्परागत र मौलिक ज्ञान, दर्शन र प्राकृतिक विज्ञानलाई सङ्ग्रह र सूचीकरण गरी संरक्षण गर्ने

च) प्रत्येक टोलमा नागरिकहरूको सिकाइको चाहना पूरा गर्न र "जीवन पर्यन्त सिकाइ" लाई अभियानको रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने

छ) समुदायको समन्वय र सहयोगमा टोल-टोलमा प्रौढ कक्षाहरू सञ्चालन गर्ने र उनीहरूको सिकाइ उपलब्धिलाई मापन गर्ने सूचकहरू विकास गरि कार्यान्वयन गर्ने

ज) अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रहरूको भूमिका प्रभावकारी बनाएर हेलम्बु गाउँपालिकालाई "पूर्ण साक्षर तथा शिक्षित पालिका" घोषणा गर्ने

झ) साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर सुनिश्चित गर्ने ।

ञ) वहिष्करणमा परेका बालबालिकाका लागि औपचारिक शिक्षामा पहुँच सुनिश्चित गर्नुका साथै वैकल्पिक सिकाइको अवसर पुऱ्याउने,

ट) आपत्कालीन अवस्थामा पनि बालबालिकाले सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यन्वयन गर्ने,

ठ) अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ अवसरहरुको विस्तार गर्ने।

ड) शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गर्ने ।

ढ) विपद जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाको उपाय अपनाउने

ण) सबै प्रकारका विभेदहरु न्यूनिकरण गर्नको लागि आवश्यक रणनीति तयार गर्ने

**उद्धेश्य ४ : विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्नु।**

**रणनीतिहरू**

क) शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने

ख) शैक्षिक पेसामा संलग्न जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्न परिणाममा आधारित जवाफदेहिता प्रणालीको विकास गर्ने

ग) प्रधानाध्यापक छनोट प्रणालीलाई योग्यता र क्षमताका आधारमा हुने गरी परिमार्जन गर्ने

घ) विव्यसको भूमिका र जिम्मेवारीलाई समयसापेक्ष परिमार्जन गरी विद्यालयलाई स्वचालित र सफल संस्थाका रूपमा विकास गर्ने

ङ) विद्यालयप्रति समुदायको अपनत्व बढाउन विद्यालय समुदाय सहकार्य कार्यक्रम सञ्चालन गर्ने

च) विद्यालय र विद्यार्थीको विस्तृत विवरणका लागि एकीकृत तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गर्ने

छ) सम्पूर्ण सूचनालाई सुरक्षित राख्न र 'रियल टाइम' मा प्राप्त गर्न Cloud Data Management र स्वचालित संयन्त्रको विकास गर्ने

ज) निजी (संस्थागत), गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन र आर्थिक पारदर्शिताको नियमित अनुगमन र नियमन गर्ने

झ) शैक्षिक जनशक्ति र नेतृत्व तहका लागि स्पष्ट आचारसंहिता निर्माण गरी लागू गर्ने

ञ) गाउँपालिकाभरि रहेका शिक्षक दरबन्दीको अध्ययन गरी दरबन्दी मिलान र पुनर्वितरण गर्ने

ट) प्रधानाध्यापक, व्यवस्थापन समिति, शिक्षक र कर्मचारीहरूका लागि नियमित तालिम र नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गर्ने

ठ) शिक्षक पेशागत सहयोगका लागि गाउँपालिका तथा विद्यालयस्तरमा प्रणालीको विकास गर्नु ।

ड) शैक्षिक संस्था र विद्यालयमा सुशासन कायम गरी बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।

ढ) विद्यालयको गुणस्तर सुधारका लागि अनुगमन एवम् सुपरीवेक्षण कार्यलाई प्रमुख आधार बनाइने ।

ण) गाउँपालिका भित्रका शैक्षिक संरचना अन्तर्गत कार्यरत शिक्षक र कर्मचारीको क्षमता विकास र संस्थागत सक्षमता अभिवृद्धि गर्ने

## २७.. कार्यनीति

क) शिक्षाका सम्पूर्ण प्रक्रियामा अभिभावकहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

ख) अभिभावकहरुको संलग्नतामा शिक्षामा आकर्षण बढाउनको लागि विद्यालय समुदाय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) विद्यालयमा विद्यार्थी टिकाइ राख्न र कक्षा छाड्ने समस्या समाधान गर्न दिवा खाजा, छात्रवृत्ति, नियमित स्वास्थ्य परीक्षण जस्ता प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

घ) बालमैत्री व्यवहार र शिक्षण सिकाई पद्तीको विकास गरी सबै विद्यालयहरुलाई बालमैत्री घोषणा गरी निरन्तरता दिईनेछ ।

ङ) स्वयंसेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान मार्फत् न्युनतम विषयगत शिक्षक व्यवस्था गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।

च) जनप्रतिनिधि, कर्मचारी, पेशाविद, निवृत्त शिक्षक, कार्यरत विज्ञ शिक्षकहरूको समूह बनाई विद्यालय तथा कक्षाकोठा निरीक्षण र सुपरिवेक्षणको कार्यमा उपयोग गरिनेछ ।

छ) विद्यालयले वार्षिक कार्यपात्रो, विषयगत शिक्षकहरूबाट वार्षिक शैक्षणिक योजना र दैनिक योजना बनाई कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।

ज) विद्यार्थी गृहकार्य र कक्षा कार्य प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ ।

झ) आवधिक परीक्षाको नतिजा विश्लेषण, प्रबोधीकरण र विद्यार्थी प्रगति विवरण सम्प्रेषणको कार्यलाई आवधिक रूपमा नियमित तुल्याइनेछ ।

ञ) विद्यालयहरूमा सिकाइ कुना, पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी "पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने" व्यवस्थालाई प्रोत्साहित गरिनेछ ।

ट) पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

ठ) शिक्षक र विद्यार्थीसङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाईनेछ ।

ड) माग र आवश्यकताका आधारमा शिक्षक पेसागत विकास र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

ढ) प्रत्येक वर्ष कक्षा ५ र ८ मा गाउँपालिकाद्वारा आधारभूत शिक्षा परीक्षा सञ्चालन गरिनेछ । कक्षा १० र १२ मा सञ्चालन हुने प्रदेश र राष्ट्रियस्तरको परीक्षालाई नै विद्यार्थी उपलब्धी परीक्षणको रूपमा उपयोग गरिनेछ ।

ण) अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा बजारमा उपलब्ध डिजिटल पाठ्यसामग्रीहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

त) प्राविधिक तथा व्यावसायिक तालिम परिषद (CTEVT) र अन्य तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी कार्यस्थलको सिकाइ सहित रोजगार अवसर प्रदान गर्न औद्योगिक/उद्यमशिलता प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) तथा छोटो अवधिका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

थ) प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भइरहेको र सञ्चालन हुने विद्यालयमा उपयुक्त प्रयोगशाला सामग्री र कक्ष व्यवस्थापनको लागि संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

द) निश्चित मापदण्डका आधारमा गरिब, जेहेन्दार र पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा धारमा अध्ययनको अवसर जुटाइनेछ ।

ध) प्रौढहरूका लागि आधारभूत साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

न) पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाको लागि संघ र प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गरी सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरिनेछ, जीवनपर्यन्त सिकाइका लागि सामुदायिक सिकाइकेन्द्रको विस्तार तथा संस्थागत सुदृढीकरण गरिनेछ ।

ऩ) कानुन बमोजिम विद्यालयहरूको आर्थिक कार्यप्रणाली व्यवस्थित गरिनेछ । लेखापरीक्षणपूर्व सामाजिक परीक्षणलाई अनिवार्य गरिनेछ ।

प) वार्षिक कार्यक्रम र बजेट तर्जुमा, आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यलाई अनुदान निकासासँग आवद्ध गरिनेछ ।

फ) विद्यालयको वृहत विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, स्रोत साधन र समुदाय सम्बन्धसँग आवद्ध गरिनेछ र कार्यान्वयन योग्य तुल्याइनेछ ।

ब) आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकीकरण गरी कार्य सम्पादनमा आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञान प्रयोगशाला अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान, पुस्तकालय अनुदान लगायतका अनुदान उपलब्ध गराइनेछ ।

भ) विद्यालयका प्रधानाध्यापक, विव्यस/शिअसं पदाधिकारीहरूका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

म) शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा उपलब्ध विद्यालयहरूको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) व्यवस्थित र सुदृढ गरिनेछ । यसको लागि प्रत्येक वर्ष तालिम दिइनेछ । विद्यालय IEMIS लाई अनुदान निकासासँग आवद्ध गरिनेछ ।

य) सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाह गर्न प्रत्येक वर्ष प्रत्येक विद्यालयको प्रधानाध्यापक/शिक्षक/कर्मचारीमध्ये १ जनालाई कम्प्युटर सीप सम्बन्धी तालिम दिइनेछ । साथै नवप्रवेशी शिक्षक\कर्मचारीहरुलाई अनिवार्य कम्प्युटर सीप सम्बन्धी तालिम लिने\दिने व्यवस्था गरिनेछ ।

र) एक शिक्षक एक कम्प्युटर\ल्यापटपको व्यवस्था गरिनेछ ।

ऱ) योजनाको पहिलो वर्ष सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थित गरिनेछ । योजनाको अन्त्य सम्ममा कक्षा ७/८ सञ्चालित सबै आधारभूत विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

ल) विपद जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरिनेछ । विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिमको विषयवस्तुमा विपद व्यवस्थापन सम्बन्धी सामग्री समेटिनेछ ।

ळ) सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि एकमुष्ट अनुदान पद्धति लागू गरिनेछ ।

ळ) विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय कार्यढाँचाको अनुसरण भए-नभएको अनुगमन/निरीक्षण गरी वातावरणमैत्री भएको सुनिश्चित गरिनेछ ।

व) विद्यालयमा मानवमुल्य शिक्षा र नैतिक शिक्षाको प्रवर्द्धन गरिनेछ ।

श) नि:शुल्क आवसिय छात्रबासको व्यवस्था भएको विद्यालय क्याम्पस स्थापना गरिनेछ ।

ष) सबै विषय र धारको अध्ययन र अध्यापन हुने क्याम्पस स्थापना गरी स्नातक तहसम्म नि:शुल्क शिक्षाको प्रबन्ध गरिनेछ ।

स) राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका विश्वविद्यालयहरुसँग समन्वय सहकार्य गरेर सम्बन्धन लिई सबै विषय र धारको अध्ययन र अध्यापन गराउने छ ।

ह) सबै विषय र धारको अध्ययन र अध्यापन हुने एउटा विश्वविद्यालय स्थापना गरिनेछ ।

### २.२.७ अपेक्षित उपलब्धि

क) सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित भएको हुनेछ,

ग) औपचारिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिहरूका लागि वैकल्पिक, अनौपचारिक, खुला र निरन्तर सिकाइको वातावरण सुनिश्चित भएको हुनेछ

घ) विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ

ङ) शतप्रतिशत बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित हुने र बालविकास र शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

च) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा बालबालिकाको शत प्रतिशत पहुँच सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

छ) माध्यमिक शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित भई गुणस्तरमा सुधार भएको हुनेछ ।

ज) हरेक विद्यालयमा निर्धारित मापदण्ड बमोजिममा विषयगत शिक्षकको व्यवस्था तथा पेसागत दक्षता अभिवृद्धि भई सिकाइमा सुधार भएको हुनेछ ।

झ) साक्षरता एवम् डिजिटल साक्षरता शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसरमा सुधार भएको हुनेछ ।

ञ) शिक्षाको मूल प्रवाहका बाहिर रहेका लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित हुनेछ ।

ट) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पहुँच तथा सहभागिता भएको हुने छ ।

ठ) आपत्कालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चिततामा सुधार भएको हुनेछ ।

ड) भौतिक पूर्वाधारहरूको विकास भई विद्यालय वातावरण बालमैत्री, अपाङ्गतामैत्री, किशोरीमैत्री भई सिकाइ अनुकूल भएको हुनेछ ।

ढ) विद्यालयमा नवीनतम प्रविधिको विस्तार भई सिकाइ उपलब्धिमा सुधार र विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भई शैक्षिक सुशासन प्रवर्धन भएको हुनेछ ।

ण) शैक्षिक संस्था तथा विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

त) नतिजामा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

थ) " जहाँ विद्यार्थी, त्यहाँ शिक्षक एवम् जहाँ विद्यार्थी, त्यहाँ स्रोत " को व्यवस्थापनका लागि उपयुक्त वातावरण कायम भएको हुनेछ ।

द) संस्थागत सक्षमतामा अभिवृद्धि र शिक्षण जनशक्तीको पेशागत दक्षता र क्षमता विकास भई विद्यार्थिहरुको सिकाई उपलब्धि क्रमीक सुधार भएको हुनेछ ।

ध) विद्यार्थीहरुमा जीवनपयोगी सीप र व्यवहारकुशल सीप अभिवृद्धि हुन गई दैनिक जीवनयापनमा सुधार भएको हुनेछ ।

न) स्थानीय ज्ञान, सीप र विषयवस्तु एवम् पालिका विशेषका सिकाई अनुभवहरु विद्यार्थीहरुमा हासिल भई "हाम्रो हेलम्बुर हामी हेलम्बुवासी" भन्ने भावनात्मक सोच विकास भएको हुनेछ ।

ऩ) नि:शुल्क आवसिय छात्रबासको व्यवस्था भएको विद्यालय क्याम्पस स्थापना भएको हुनेछ ।

प) सबै विषय र धारको अध्ययन र अध्यापन हुने क्याम्पस स्थापना गरी स्नातक तहसम्म नि:शुल्क शिक्षाको प्रबन्ध भएको हुनेछ ।

फ) राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका विश्वविद्यालयहरुसँग समन्वय सहकार्य गरेर सम्बन्धन लिई सबै विषय र धारको अध्ययन र अध्यापन भएको हुनेछ ।

ब) सबै विषय र धारको अध्ययन र अध्यापन हुने एउटा विश्वविद्यालय स्थापना भएको हुनेछ ।

### २.२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य (२०८२ देखि २०९१)

| मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचकहरु | आधार वर्ष को अवस्था, २०८२ | | | योजनाको मध्यावधिको लक्ष्य २०८७ | | | योजनाको अन्तको लक्ष्य २०९१ | | |
| | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय | राष्ट्रिय | प्रदेश | स्थानीय |
| **१. प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | | | | | | |
| कुल भर्नादर | १०१.० | | ९९ | ९९ | | १०० | १०० | | १०० |
| कक्षा १ का भर्ना भएका मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त प्रतिशत | ७६.३ | | १०० | ९५ | | १०० | १०० | | १०० |
| आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ० | | १०० | | | १०० | १०० | | १०० |
| प्रारम्भिक बालविकास तथा शिक्षामा योग्यता प्राप्त शिक्षक प्रतिशत | ० | | १०० | | | १०० | १०० | | १०० |
| शिक्षक विद्यार्थी अनुपात | | | ७ | | | १० | | | १२ |
| विद्यालय शिक्षक अनुपात | | | ९३.९४ | | | ८५ | | | ८० |
| **२. आधारभूत शिक्षा कक्षा १ - ८** | | | | | | | | | १०० |
| कक्षा १ मा सहजै देखिने विद्यार्थी भर्ना दर | १४१.१ | | १२० | १०५ | | १०० | ११८.८ | | १०० |
| कक्षा १ मा खुद भर्ना दर | ९३.७ | | ९८ | १०० | | १०० | १०० | | १०० |
| कक्षा १-५ मा सहजै देखिने भर्ना दर | १३०.५ | | ९८ | | | १०० | १२०.४ | | १०० |
| कक्षा १ -५ मा खुद भर्ना दर | ९४.४ | | ९७ | १०० | | १०० | १०० | | १०० |
| कक्षा १-८ सहजै देखिने भर्ना दर | १२४.८ | | ९६ | ११८.८ | | १०० | १०६ | | १०० |
| कक्षा १-८ खुद भर्ना दर | ९४.१ | | ९८ | १०० | | १०० | १०० | | १०० |
| कक्षा १- ३ सम्म विद्यालय शिक्षक अनुपात | | | १०० | | | १०० | | | १०० |
| कक्षा १- ५ सम्म विद्यालय शिक्षक अनुपात | | | १३.७३ | | | ११ | | | ९ |
| कक्षा ६- ८ सम्म विद्यालय शिक्षक अनुपात | | | ११.५४ | | | १० | | | ९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १- ८ सम्म विद्यालय शिक्षक अनुपात | | | ४१.७५ | | | ३९ | | | ३५ |
| कक्षा १- ५ सम्म शिक्षक विद्यार्थी अनुपात | १.२४ | | ८.२५ | १.३० | | १५ | | | २० |
| कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | | | ९५ | ९५ | | १०० | | | १०० |
| कक्षा ६- ८ को कुल भर्ना दर | ११५ | | ९९ | | | १०० | | | १०० |
| कक्षा ६- ८ को खुद भर्ना दर | ९३.६ | | ९७ | | | १०० | | | १०० |
| कक्षा ६- ८ सम्मको विद्यालय शिक्षक अनुपात | | | १.२० | | | १.३० | | | १.३० |
| कक्षा ६- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | १.३० | | १६.३९ | १.३० | | २० | | | २५ |
| कक्षा १- ८ सम्मको शिक्षक विद्यार्थी अनुपात | १.३३ | | ४.७५ | १.३० | | १५ | | | २० |
| कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | | १०० | | | १०० | | | १०० |
| कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | | ६६.६६ | | | १०० | | | १०० |
| कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | | ९०.३३ | | | १०० | | | १०० |
| **३. माध्यमिक तह कक्षा ९-१२** | | | | | | | | | |
| कुल भर्नादर कक्षा ९- १० | ९९.१ | | ८७ | | | १०० | | | १०० |
| खुद भर्नादर कक्षा ९- १० | ७५.८ | | ८३ | | | १०० | | | १०० |
| कुल भर्नादर कक्षा ९- १२ | ८०.६ | | ७९ | | | १०० | | | १०० |
| खुद भर्नादर कक्षा ९- १२ | ५५.८ | | ७५ | ९९ | | १०० | | | १०० |
| कुल भर्नादर कक्षा ११- १२ | ६३.३ | | ७७ | | | १०० | | | १०० |
| खुद भर्नादर कक्षा ११- १२ | ३७.१ | | ७१ | | | १०० | | | १०० |
| कक्षा ९- १० सम्मको शिक्षक विद्यार्थी अनुपात | १.४० | | १३.१८ | १.३० | | २० | | | २० |
| कक्षा ९- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | १.४१ | | ४.५८ | १.३० | | ७ | | | १२ |
| कक्षा ११- १२ सम्मको शिक्षक विद्यार्थी अनुपात | १.४० | | २०.६७ | १.३० | | २५ | | | ३० |
| कक्षा ९- १० सम्म विद्यालय | | | २६.०९ | | | २४ | | | २२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षक अनुपात | | | | | | | | | |
| कक्षा ९- १२ सम्म विद्यालय शिक्षक अनुपात | | | ४८.७५ | | | ४५ | | | ४० |
| कक्षा ११- १२ सम्म विद्यालय शिक्षक अनुपात | | | ७१.४३ | | | ६९ | | | ६५ |
| सहजै देखिने भर्ना दर ९-१२ | ८३.४ | | ८७ | ९० | | ९५ | ८२.७ | | १०० |
| माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या* (%) | १० | | ३ | | | १० | | | २० |
| कक्षा १० मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा १० को तह ४ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | | ७५.६८ | | | ९५ | | | १०० |
| कक्षा १२ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा १२ को तह ५ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | | ६५ | | | ९० | | | १०० |
| **४. विद्यालय बाहिर रहेका बालबालिका प्रतिशत** | | | | | | | | | ० |
| आधारभूत तह कक्षा १-५ | २.९ | | ०.२ | ० | ० | ० | ० | ० | ० |
| आधारभूत तह कक्षा १-८ | ६.६ | | ०.७५ | ० | ० | ० | ० | ० | ० |
| माध्यमिक तह कक्षा ९-१२ | | | ०.६७ | ० | ० | ० | ० | ० | ० |
| **५. विद्यार्थी भर्नामा लैङ्गिक समता सूचकाङ्क** | | | | | | | | | १०० |
| आधारभूत तह कक्षा १-५ | ०.९१ | | १.०५ | १.१ | १.१ | १.१ | १.१ | १.१ | १.१ |
| आधारभूत तह कक्षा १-८ | १.० | | १.०६ | १.०४ | | १.०७ | १.०१ | | १.१ |
| आधारभूत तह कक्षा ६-८ | ०.९४ | | १.०५ | | | १.०६ | | | १.०७ |
| माध्यमिक तह कक्षा ९-१० | ०.९६ | | १.०४ | | | १.०५ | | | १.०६ |
| माध्यमिक तह कक्षा ११-१२ | ०.९७ | | १.०५ | | | १.०६ | | | १.०७ |
| माध्यमिक तह कक्षा ९-१२ | १.०१ | | १.०५ | १.०० | | ०.९९ | ०.९८ | | १.१ |
| कक्षा ०-१२ | ०.९३ | | १.०६ | | | १.०६ | | | १.१ |
| **६. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | | | | | | १०० |
| ५ वर्ष माथिको साक्षरता दर | | | ६६ | | | १०० | | | १०० |
| १५-२४ वर्षको साक्षरता दर | | | ८७ | | | ९९ | | | १०० |
| १५ वर्ष माथिको साक्षरता दर | | | ६६ | | | ९७ | | | १०० |
| **७. टिकाउ दर** | | | | | | | | | १०० |
| कक्षा ५ सम्मको टिकाउ दर | | | ९२ | | | ९५ | | | १०० |
| कक्षा ८ सम्मको टिकाउ दर | ८६.५ | | ८१ | ९५ | | ९० | ९९. | | १०० |
| कक्षा १० सम्मको टिकाउ दर | ६६.९ | | ७० | | | ९० | | | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १२ सम्मको टिकाउ दर | ४०.६ | | ५४ | | | ७० | | | १०० |
| **८. महिला शिक्षक प्रतिशत (लैङ्गिक समता सूचकाङ्क)** | | | | | | | | | १०० |
| प्रारम्भिक बालविकास | | | १०० | | | १०० | | | १०० |
| आधारभूत तह | ४८.९ | | ५१ | | | ५५ | | | ६० |
| माध्यमिक तह | १८.१ | | ११ | | | १५ | | | २० |
| आधारभूत तह कक्षा १-३ | १.२ | | १०० | | | १०० | | | १०० |
| आधारभूत तह कक्षा १-५ | १.२ | | ३८ | | | ४२ | | | ५० |
| आधारभूत तह कक्षा ६-८ | ०.६ | | १५ | | | २० | | | २५ |
| माध्यमिक तह कक्षा ९-१० | ०.२ | | ९ | | | १५ | | | २० |
| माध्यमिक तह कक्षा ९-१२ | २०.६ | | १४ | ३३.०० | | २० | | | २५ |
| माध्यमिक तह कक्षा ११-१२ | ०.२ | | १७ | | | २० | | | २५ |
| **९. जीवनपर्यान्त शिक्षा तथा सिकाइ तथा अनौपचारिक शिक्षा** | | | | | | | | | |
| साक्षरता दर (पाँच वर्षभन्दा माथि) (%) | ५८ | | ८० | | | १०० | | | १०० |
| साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | ८२ | | ८५ | १०० | | १०० | | | १०० |
| साक्षरता दर (१५-२४ उमेर समूह) (%) | ९२ | | ९७ | | | १०० | | | १०० |
| साक्षरता दरमा लैङ्गिक समता (पाँच वर्षभन्दा माथि) (%) | ०.६५ | | ०.८० | ०.८० | | ०.९० | | | १.१ |
| **१०. प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम** | | | | | | | | | |
| प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति (%) | ३१ | | ३५ | ७५ | | ४० | | | ६० |
| प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | | | १०० | | | २०० | | | ३०० |
| **११. शैक्षिक सुशासन तथा व्यवस्थापन** | | | | | | | | | १०० |
| आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | २४.१ | | | ३०.१ | | | | | |
| आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात | ३०.१ | | | ३०.१ | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| (सामुदायिक विद्यालय) | | | | | | | | | |
| आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ३३.१ | | | ३०.१ | | | | | |
| माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | ४०.१ | | | ३०.१ | | | | | |
| माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीः शिक्षक अनुपात | ४१.१ | | | ३०.१ | | | | | |
| विद्युत पुगेका विद्यालय प्रतिशत | ५५.३ | | १०० | ७२.५ | | १०० | १०० | | १०० |
| इन्टरनेट पुगेको विद्यालय प्रतिशत | २४.४ | | १०० | ४५.७ | | १०० | ८७.३ | | १०० |
| आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक (%) | ०. | | ६० | १००. | | ९० | १०० | | १०० |
| खानेपानीको पहुँच पुगेको विद्यालय (%) | ६९.५ | | १०० | ७८.७ | | १०० | १०० | | १०० |
| शौचालयको पहुँच पुगेको विद्यालय* (%) | ६९.१ | | १०० | ७८.७ | | १०० | १०० | | १०० |
| शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर उपयोग हुने विद्यालय प्रतिशत | ३५.९ | | १०० | ७०. | | १०० | ९० | | १०० |
| **१२. शिक्षामा लगानी** | | | | | | | | | |
| कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट | १०.६८ | | ३९.११ | २० | | ४० | | | ४५ |
| आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | ४० | | | ४२ | | | ४५ |
| माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | | | ३८ | | | ४० | | | ४२ |

# परिच्छेद-३
# शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अङ्गको रूपमा मान्यता दिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति समावेश गरिएको छ । सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ । यसै कुरालाई मध्यनजर गरेर हेलम्बु गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई सामान्य लेखपढ गराउने अक्षर तथा अङ्क चिनाउने कुरामा जोड दिनुका साथै बालबालिकाको सर्वाङगिण विकासमा सहयोग गरी आधारभूत शिक्षाको लागि तयार गर्ने । प्रारम्भिक बालविकास शिक्षाका कार्यक्रमहरु विभिन्न समायवधिमा सञ्चालन गर्ने प्रचलन भएपनि ४ वर्षको उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरिने कुरा नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७७ मा उल्लेख गरिएको छ । पाठ्यक्रम प्रारुप २०७६ अनुसार चार वर्ष उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख छ भने चार वर्ष भन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक पक्षको विकास गराउन सकिने कुरा उल्लेख गरिएको छ ।

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अभिन्न अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्तव थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ ।

### ३.१.२ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ भने उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ । त्यस्तैगरी १६ औँ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनीतिका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्युनतम मापदण्ड पूरा गर्ने नीति लिइएको छ ।

हेलम्बु गाउँपालिकामा हाल ३४ वटा बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको

सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु भन्ने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाका सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सीपको विकास रहेको छ ।

### ३.१.३ अवसर र चुनौतिहरु

यस पालिकाले बालविकासमा जोड दिनु, खाजा कार्यक्रम लागु हुनु बालविकास केन्द्र सञ्चालन भएका विद्यालयहरुमा छुट्टै कक्षाकोठा हुनु तथा बसाई व्यवस्थापन गरिनु, विद्यालयमा कक्षाकोठाको व्यवस्थापनमा जोड दिनु, सिकाइका सबै क्षेत्र तथा सन्दर्भ सामग्रीहरु एवम् खेलकुदका सामग्री व्यवस्थापन गर्नु, अभिभावकहरुमा क्रमशः ४ वर्ष पछि बालविकासमा भर्ना गर्नुपर्छ भन्ने चेतना बढ्दै जानु आदि जस्ता कार्यहरु प्रारम्भिक बालविकास केन्द्रको अवसरको रुपमा लिन सकिन्छ । यस क्षेत्रको चुनौतिको रुपमा बाल सजकर्ता एक जना मात्र रहनुले विशेष परिस्थितिमा बाल सहजकर्ताले बिदा बस्नु परेको बेलामा कक्षा सञ्चालन हुन नसक्नु, बाल सहजकर्ताहरुले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरु पनि सहजिकरण गर्नुपर्ने, बालविकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु बालविकास केन्द्रहरुको वर्गीकरण नगर्नु, धैरै बालविकास केन्द्रहरुका सरकारले तोकेको न्यूनत्तम मापदण्ड पनि पूरा नगर्नु, सबै सामूदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्र स्थापना नहुनु, सरकारले तोकेको मापदण्ड अनुसार २५ जना भएको कक्षामा १ जना सहयोगीको व्यवस्था नहुनु, उपयुक्त बसाइ व्यवस्थापन नहुनु, बालमैत्री सिकाइको व्यवस्था नहुनु, बाल मनोरञ्जनात्मक सिकाइ तथा खेलकुद सामाग्रीको व्यवस्था नहुनु, अभिभावक चेतनामूलक कार्यक्रमहरु नहुनु, शिशु नियमित उपस्थित नहुनु आदि ।

**प्रारम्भिक बालविकास शिक्षामा देखिएका विद्यमान चुनौतीहरु -**

- क) सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्न
- ख) सहजकर्ताहरुको पारिश्रमिक वृद्धि, वृति विकास र क्षमता विकास गर्न
- ग) तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउन
- घ) तोकेको मापदण्ड अनुसार सुसारे (सहयोगी) को व्यवस्था गर्न
- ङ) खेलकुद तथा मनोरञ्जनात्मक कार्यकलापका लागि आर्थिक व्यवस्थापन गर्न
- च) अभिभावकमा जनचेतना अभिवृद्धि गर्न
- छ) विद्यार्थीहरुलाई नियमित गर्न
- ज) उपयुक्त बसाईका लागि बालमैत्री फर्निचर व्यवस्थापन गर्न
- झ) सबै विद्यालयमा बालमैत्री बनाउन
- ञ) कक्षा कोठाको बालमैत्री व्यवस्थापन
- ट) सिकाइका सबै क्षेत्रहरुको व्यवस्थापन गर्न
- ठ) पर्याप्त सन्दर्भ सामग्रीरहरुको व्यवस्थापन गर्न
- ड) डिजिटल सिकाइ सामग्रीको व्यवस्थापन गर्न
- ढ) विद्यालयमा स्वच्छ खानेपानी व्यवस्था गर्न ।

### ३.१.४ उद्देश्यहरु

सबै ५ वर्ष मुनिका बालबालिकाहरुलाई प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गरी विद्यालयमा आउने बानीको विकासका साथै सरसफाई रहने र सामान्य लेखपढ गर्न सक्ने बनाउनु प्रारम्भिक बालविकास केन्द्रको प्रमुख उदेश्य हुनेछ ।
यस गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उदेश्य हुनेछ -

- क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु
- ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु
- ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु
- घ) ५ वर्ष मुनिका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।
- ङ) ५ वर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँचमा सुधार ल्याउनु ।
- च) सबै सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र स्थापना गर्नु ।

छ) बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।

ज) प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

झ) सबै प्रारम्भिक बालविकास केन्द्रमा आधुनिक शैक्षणिक प्रविधिको प्रयोग गराउनु ।

ञ) प्रारम्भिक कुराहरु कक्षाकोठाका भित्तामा भित्तेलेखन गर्न साथै आँखालाई असर नपर्ने रङको प्रयोग गर्नु ।

ट) अपाङ्गता भएका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा ल्याउनु ।

ठ) बालविकास सहजकर्ताहरुलाई न्यूनतम पारिश्रमिक, सेवा सुविधा र क्षमता विकास गर्नु ।

ड) वैकल्पिक सहयोगी कार्यकर्ता तथा स्वयंसेवक शिक्षकको व्यवस्था गर्नु ।

ढ) विद्यार्थी संख्याको आधारमा सहयोगी कार्यकर्ता थप गर्ने ।

ण) कम विद्यार्थी भएका बाल विकास केन्द्रहरु समायोजन गर्नु ।

त) बाल विकासका कक्षा कोठाहरु बालमैत्री तथा डिजिटलमय बनाउनु ।

### ३.१.५ रणनीतिहरु

यस गाउँपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ । जसको लागि तलका कार्यनीतिहरु कार्यान्वयनमा ल्याउने छ

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

ग) निजी क्षेत्रलाई समेत केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

घ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

क) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

ख) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ग) लागत सहभागिता अभिवृद्धि गर्ने,

घ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

ङ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

च) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

छ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ज) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,

झ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने।

ञ) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका ४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरु विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।

ट) प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघ-संस्था, निजी क्षेत्र र विद्यालयहरुलाई जिम्मेवार बनाइने साथै अभिभावक सचेतना कार्यक्रमलाई जोड दिइने छ ।

ठ) बालविकास सहजकर्ताहरुको क्षमता विकाससँगै प्रोत्साहनका गतिविधिहरु सञ्चालन गरिने छ ।

ड) बालविकास केन्द्रलाई ब्यवस्थित बनाउनको लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरिनेछ ।

ढ) प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्थापन र सरसफाइलाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, श्रव्य, दृश्य तथा श्रव्य-दृश्य सामग्रीसहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।

ण) प्रारम्भिक बालविकास तथा शिक्षाका सहयोगी कार्यकर्ताहरुको क्षमता विकासमा ध्यान दिदै तालिम प्राप्त योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिनेछ ।

त) एक वडा एक नमुना बालविकास केन्द्रको निमार्ण गर्दै लगिनेछ ।

थ) सबै सामुदायिक विद्यालयमा माग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र स्थापना गरिनेछ ।

द) प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारीताको लागि बालबालिकाको परिवार, विद्यालय, सहयोगी कार्यकर्ता, विद्यालय प्रधानाध्यापकलाई पहिलो जिम्मेवार बनाइनेछ ।

ध) बालबालिकाको सरसफाइ, शिक्षा तथा स्वास्थ्य परीक्षण सम्बन्धी, पोषण, गर्भवती तथा शिक्षा सम्बन्धी अभिभावक सचेतना कार्यक्रम वर्षमा न्युनतम १ पटक गराइनेछ ।

न) प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई दिवा खाजामा पोषणयुक्त खानेकुराको व्यवस्था गरिने छ साथै समयसापेक्ष दिवा खाजाको लागि आर्थिक व्यवस्थापन गरिनेछ ।

ऩ) बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित उपलब्धीका आधारमा पुरस्कारको व्यवस्था गरिने छ ।

प) बालविकास केन्द्रको नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरिने छ ।

फ) बालविकास सहयोगी कार्यकर्ताको क्षमता विकास तथा समस्यामा आधरित तालिम सञ्चालन गरिने छ ।

ब) बालबालिकालाई स्तरअनुसारको झोला, स्टेस्नरी तथा अतिरिक्त एक सेट कपडा सहित प्रारम्भिक बालविकास केन्द्रमा उपस्थित गराउन विद्यालय तथा अभिभावकलाई जिम्मेवार बनाइनेछ ।

भ) प्रारम्भिक बालविकास केन्द्रमा शिक्षिका बाहेक अरु एक जना सुसारेको व्यवस्था गरिने छ ।

म) बाल सहजकर्ताको लागि न्यूनतम पारिश्रमिक तथा थप सेवा सुविधाको व्यवस्था गरिने छ ।

### ३.१.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलब्धि

यस गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ। यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज, समावेशी र समान पहुँच उपलब्ध हुनेछ। साथै, सबै बालबालिकाले प्रारम्भिक बालविकास तथा शिक्षाको पूर्ण अनुभव हासिल गरी आवश्यक सक्षमता विकासपछि कक्षा १ मा प्रवेश गर्ने अवसर प्राप्त गर्नेछन्, जसले उनीहरूको सिकाइको आधार सुदृढ भई दीर्घकालीन शैक्षिक सफलतामा सकारात्मक प्रभाव पार्नेछ।
सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने ।

#### प्रमुख नतिजाहरु

क) सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा आवश्यकताका आधारमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन भएका हुनेछन् ।

ख) प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकालाई ल्याउन पुर्याउन अभिभावक तथा विद्यालय जिम्मेवार भएका हुनेछन् ।

ग) बालमैत्री तथा प्रविधिमैत्री कक्षाकोठाको व्यवस्था भएको हुनेछ ।

घ) प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार भएको हुनेछ ।

ङ) प्रारम्भिक बालविकास केन्द्रहरु प्रारम्भिक बालविकास सम्बन्धी न्युनतम मापदण्ड निर्देशिका २०६७ ( पहिलो संशोधन २०७५) अनुसार मापदण्ड पूरा भएका हुनेछन् ।

च) सबै प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ताहरु मण्टेश्वरीमा आधारित तालिम प्राप्त हुनेछन् ।

छ) सबै बालविकास केन्द्रहरुमा बालमैत्री कक्षाकोठा हुनेछन् ।

ज) सबै बालविकास केन्द्रहरुमा बालबालिकाहरु रमाइलो वातावरणमा सिक्नेछन् ।

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | समय | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | समय | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| ३ | अति विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरु सहयोग गर्ने । | समय | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | विद्यालय र गाउँपालिका |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकास केन्द्रको व्यवस्था गर्ने | संख्या | १ | २ | ३ | ३ | ३ | १२ | १२ | विद्यालय र गाउँपालिका |
| ५ | बालशिक्षालाई थप गुणस्तरको लागि थप शिक्षकको व्यवस्था गर्ने | निरन्तर | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | विद्यालय र गाउँपालिका |
| ६ | थप शिक्षकको व्यवस्था गर्ने | १ | | | | | | १ | १ | विद्यालय र गाउँपालिका |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | जना | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| ८ | प्रत्येक वडामा एक नमुना बालविकास केन्द्र स्थापना | संख्या | १ | १ | १ | २ | २ | ७ | ७ | विद्यालय र गाउँपालिका |
| ९ | अपाङ्गमैत्री बालविकास केन्द्र स्थापना | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| १० | अनुगमन तथा समीक्षा बैठक त्रैमासिक | संख्या | २ | २ | २ | २ | २ | १० | १० | विद्यालय र गाउँपालिका |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपाल सरकारले आधारभूत तहको शिक्षालाई शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा भनि परिभाषित गरिएको छ । आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरुको उमेर समूह ४ वर्ष देखि १३ वर्ष सम्म रहेको छ । आधारभुत तह कक्षा १–३ मा कक्षा ४ -५ र कक्षा ६-८ सञ्चालन भएका विद्यालयहरुमा विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पूनसरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षाको रुपमा परिभाषित गरिएको छ । प्राथमिक र निम्न माध्यमिक तहलाई एकिकृत गरी बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ । आधारभूत तहमा प्रदान गरिने गुणस्तरीय शिक्षाले राष्ट्र र समाजमा रहेका गरिवी हटाउन जोड दिनुका साथै व्यक्तिको जीवनस्तर उकास्नमा टेवा पुर्याउन सक्ने भएकोले समाज र राष्ट्रलाई अगाडी बढ्नमा सहयोग हुने कुरा विभिन्न प्रतिवेदनहरुले देखाएका छन् । आधारभूत तहको शिक्षा अध्ययन पश्चात् यसको महत्वलाई दृष्टिगत गर्दै यसलाई गुणस्तरीय योजनाबद्ध रुपमा व्यवस्थित गर्नका लागि हेलम्बु गाउँपालिकाले यस १० वर्षे योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षामा पहुँच गुणस्तर, बालमैत्री र प्रविधिमैत्री तथा व्यवस्थापकिय प्रवन्धको वर्तमान अवस्थाको समिक्षा गर्दै यसमा देखिएका चुनौतिहरु पहिचान गरी आगामी १० वर्षका लागि आधारभूत तहको शिक्षा विकासका लक्ष्य उद्देश्यहरु, रणनिति, नतिजा र प्रमुख क्रियाकलापहरु उल्लेख गरिएको छ ।

नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र राख्ने व्यवस्था गरिएको छ भने संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि समेटिएको छ । संविधानमा उल्लेख भएका प्रावधानहरुले सम्पूर्ण बालबालिकाहरुलाई बालमैत्री, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्न तीनै तहका सरकारहरु जिम्मेवार रहनुपर्ने प्रावधान रहेको छ ।

### ३.२.२ वर्तमान अवस्था

हेलम्बु गाउँपालिका भित्र कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित सामुदायिक विद्यालयहरु जम्मा १८ वटा र कक्षा १ देखि कक्षा ८ सम्म जम्मा ३ वटा विद्यालयहरु रहेका छन् । शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत छात्राको संख्या ११५४ जना र छात्रको संख्या १२४८ जना गरी जम्मा २४०२ जना रहेका छन् भने कक्षा ६ देखि ८ सम्म जम्मा छात्राको संख्या ४६८ जना र छात्रको संख्या ४७४ जना गरी कूल विद्यार्थीको संख्या ९४२ जना रहेको छ । आधारभूत शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरु रहेका छन् । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित, जनजातिहरु, दुर्गम तथा पिछडिएको क्षेत्रमा रहेका बालबालिकाहरुको पहुँच अन्यको तुलनामा कम रहेको छ ।

### ३.२.३ चुनौती तथा अवसरहरु

- आधारभूत तहको भौतिक, शैक्षिक, सामाजिक वातावरणमा सुधार ल्याई विद्यालयलाई भयरहित बालमैत्री बनाउने ।
- सुचना तथा सञ्चार प्रविधी ल्याव व्यवस्थापन लगायतका प्राविधिक क्षेत्रहरुमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गरी शिक्षकको क्षमता तथा दक्षतामा वृद्धि गरी सिकाईमा प्रभावकारी बनाउने ।
- सिकाईको गुणस्तरमा अभिवृद्धि गरी विद्यार्थीहरुको सिकाई उपलब्धीमा सुधार ल्याउने ।
- नि:शुल्क तथा आधारभूत शिक्षामा सबै बालबालिकाहरुको पहुँच तथा सहभागितामा सुनिश्चितता प्रदान गर्ने ।
- आधारभूत तहमा कक्षा छाड्ने दरलाई शून्यमा झारी आधारभूत तह पूरा गर्ने दरलाई शतप्रतिशत पुर्याउने ।
- आधारभूत तहमा विषयगत शिक्षकको व्यवस्था गरी सक्षम र दक्ष जनशक्तिको व्यवस्था गर्ने ।
- विद्यार्थी मूल्याङ्कनलाई सिकाई क्रियाकलापको अभिन्न अङ्गको रुपमा विकास गरी परीक्षा प्रणालीमा सुधार गर्दै परीक्षालाई विश्वासनिय र वैद्य बनाउने ।
- विद्यालय व्यवस्थापन तथा सहभागितामा सबै सरोकारवालाहरुलाई जवाफदेही र जिम्मेवारी बनाउने ।
- विद्यालयमा न्यूनत्तम भौतिक पूर्वाधार व्यवस्थित र पर्याप्तता बनाउने ।
- विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री बनाउने ।
- आधारभूत तहको शिक्षालाई अनिवार्य र नि:शुल्क बनाउने ।

### ३.२.४ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छ

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य बनाउनु
ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु
घ) अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गरी शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चितता गर्नु ।
ङ) सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने व्यवस्था सुनिश्चितता गर्नु ।
च) विद्यार्थीहरुको औषत सिकाई उपलब्धीलाई राष्ट्रिय मापदण्ड अनुसार बनाउनु ।
छ) विद्यालयको भौतिक, शैक्षिक व्यवस्थापकीय वातावरणमा सुधार गर्दै बालमैत्री, अपाङ्गमैत्री, समावेशी, प्रविधिमैत्री जवाफदेहि सुरक्षित बनाउनु ।
ज) एकीकृत विद्यालयको अवधारणा विकास गरी नजिकका विद्यालयहरु समायोजन गरेर शिक्षक विद्यार्थी अनुपात मिलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु ।

### ३.२.५ रणनीति

यस योजनाका उद्देश्यहरु हासिल गर्न निम्नानुसारका रणनितिहरु अबलम्वन गरिएको छ ।

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने
ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने
ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने
घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने
ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने
च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने
छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने
ज) शिक्षण–सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने
झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने
ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने र मूल्याङ्कनलाई शिक्षण–सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने
ट) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने
ठ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने
ड) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने
ढ) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने र आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
ण) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने र शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
त) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने
थ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने
द) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
ध) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने

न) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने

ऩ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

प) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने

फ) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने

ब) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक–सांस्कृतिक विविधताको सम्मान गर्ने

भ) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

म) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने

य) अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहले आवश्यक नीति नियम र कानुन तर्जुमा गरी आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।

र) विद्यालयीय शिक्षालाई ICT ल्याव व्यवस्थापनका प्रविधिहरु तयार गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रुपमा विस्तार गर्ने ।

ऱ) विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिकाहरुको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्ने ।

ल) मूल्याङ्कनलाई शिक्षण क्रियाकलापको अभिन्न अङ्गको रुपमा प्रयोग गर्दै विद्यार्थीलाई निरन्तर मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,

ळ) विद्यार्थीहरुको सिकाई उपलब्धी परीक्षण गरी जवाफदेहिता, सुनिश्चितता तथा सुधारका क्षेत्र पहिचान गर्ने ।

ऴ) कक्षा ६–८ मा शिक्षक विद्यार्थीको अनुपात मिलान गर्दै आर्थिक स्रोतको व्यवस्थापन गर्न स्थानीय सरकारमार्फत् संघीय सरकारसँग पहल गर्ने ।

व) विद्यालयका सरोकारवालाहरुलाई विद्यालयप्रतिको अपनत्व भावना जागृत गराउन क्षमता विकास गर्न तालिम तथा अभिमुखिकरणको व्यवस्था गर्ने ।

श) बालकक्षादेखि ५ कक्षासम्म स्थानीयस्तरमा उपलव्ध पौष्टिक तथा स्वस्थकर दिवा खाजालाई गुणात्मक र परिमाणात्मक बनाउन थप रकमको व्यवस्था गर्ने ।

ष) विद्यालय शिक्षालाई विभिन्न प्रकोप, महामारी, संकट लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

स) हरेक विद्यालयमा न्यूनत्तम भौतिक पूर्वाधार विकासको व्यवस्थापन गर्ने । कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितिय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरुलाई निरन्तर गरिने छ ।

ह) एकीकृत विद्यालयको अवधारणा विकास गरी नजिकका विद्यालयहरु समायोजन गरेर शिक्षक विद्यार्थी अनुपात मिलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिने छ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

गाउँपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ। यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भई शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ। आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरिएको हुनेछ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि ९५ प्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ। अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको पहुँच अभिवृद्धि र सहभागितामा सुनिश्चितता हुने ।

### प्रमुख नतिजाहरु

क) विद्यालय शिक्षालाई विभिन्न महामारीरोग, प्रकोप, संकट लगायतका परिस्थितिप्रति सचेत बनाइएको हुने ।

ख) सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न अपुग भएका शिक्षक दरबन्दीलाई पूर्नवितरण तथा नयाँ दरबन्दीको व्यवस्थापन भएको हुने ।

ग) विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन ICT ल्याव व्यवस्थापन गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिएको हुने ।

घ) विद्यार्थीहरुको सिकाई उपलब्धी राष्ट्रिय मापदण्डमा तोकिए बमोजिम भएको हुने ।

ङ) सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा सहभागी गराइएको हुने ।

च) विद्यालयमा शिक्षक तथा कर्मचारीको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरिय शिक्षाको प्रवाह अघि बढि शैक्षिक सुशासन कायम भएको हुने ।

छ) विद्यालयहरुमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरी पौष्टिक तथा स्वस्थकर दिवा खाजाको व्यवस्थाबाट स्वास्थ्य अवस्थामा सुधार हुनुका साथै विद्यालय आउने वातावरण सिर्जना भएको हुने ।

ज) एकीकृत विद्यालयको अवधारणा विकास गरी नजिकका विद्यालयहरु समायोजन गरेर शिक्षक विद्यार्थी अनुपात मिलेको र गुणस्तरीय शिक्षाको सुनिश्चितता भएको हुने।

### प्रमुख क्रियापलाप तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | जम्मा भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| २ | स्थानीय पाठ्यक्रम निर्माण कक्षा १ देखि ५ र ५ देखि ८ सम्म | कक्षा | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका |
| ३ | वि.व्य.स तथा शि.अ.स तथा सरोकारवालाहरुलाई क्षमता विकास तालिम | समय | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ४ | प्रविधिमैत्री शिक्षक तालिम | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ५ | आधारभूत तहमा (कक्षा ६–८) शिक्षक व्यवस्थापन | संख्या | ३ | | | | | ३ | ३ | गाउँपालिका |
| ६ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ७ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| ८ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| ९ | आर्थिक रूपमा विपन्नका लागि न्यानो कपडा विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | २५ | २५ | २५ | २५ | २५ | १०० | १०० | विद्यालय र गाउँपालिका |
| १० | विद्यालयमा न्युनतम भौतिक पूर्वाधार विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय शिक्षालाई महामारी रोग, प्रकोप, संकट तथा योजना तयारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| १२ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलब्धी परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| १३ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई आर्थिक सहयोग | निरन्तर | १० | १० | १० | १० | १० | १० | १० | विद्यालय र गाउँपालिका |
| १५ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| १६ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| १७ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| १८ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| १९ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | विद्यालय र गाउँपालिका |
| २० | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |

## ३.३ माध्यमिक शिक्षा

### ३.३ .१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा पूर्ण रुपमा नि:शुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ । यो शिक्षा अनिवार्य तथा पूर्ण नि:शुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकहरुलाई माद्यमिक शिक्षा प्रदान गर्ने पूर्ण दायित्व राज्यको हुने उल्लेख गरिएको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्र भित्र रहने व्यवस्था रहेको दखिन्छ भने अर्को तर्फ संघ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकार क्षेत्र भित्र रहने व्यवस्था रहेको छ । संविधानका उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरीय र नि:शुल्क शिक्षा सुनिश्चत गर्ने एकल तथा साझा अधिकारका रुपमा तिनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश छ । शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा लिएको छ । अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकालाई कक्षा १-८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरी सके पछि सिकारुको रुचि आवश्यकता क्षमता आधारमा माध्यमिक तहमा परम्परागत, प्राविधिक तथा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नु पर्छ । यो तहको शिक्षालाई व्यवसायिक, गुणस्तरीय, रोजगारमूलक, सीपमूलक, जीवनोपयोगी, उत्पादनमूलक बनाउनु पर्दछ । आधारभूत तहमा प्राप्त गरेको भाषिक तथा गणितीय सीपको उपयोग गरी आफ्नो रुचि, आवश्यकता, क्षमता तथा दक्षताको आधारमा सिकाईरुले साधारण शिक्षाको लक्ष्य लिई विभिन्न विषय र क्षेत्रमा प्राविधिक तथा व्यवसयिक सीप हासिल गरी भविष्यमा आयआर्जनको मार्ग सुनिश्चत गर्ने भन्ने उद्देश्य माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ । यस हेलम्बु गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, रोजगारमूलक, नि:शुल्क, बालमैत्री, प्रविधिमैत्री र समावेसी गराउने लक्ष्य लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

हेलम्बु गाउँपालिकाभित्र हाल जम्मा ११ वटा सामुदायिक र २ वटा संस्थागत गरी जम्मा १३ वटा माध्यमिक विद्यालयहरु सञ्चलित छन् । माध्यमिक विद्यालयहरु पूर्ण रुपमा स्थायी दरबन्दी स्वीकृत छैनन । माध्यमिक विद्यालय १३ वटामा साधारण धारका र एक वटामा प्राविधिक धार (कक्षा ९-१२, सिभिल इन्जिनियरिङ्ग र कम्प्युटर इन्जिनियरिङ्ग) को विद्यालय रहेका छन । यस गाउँपालिकाको माध्यमिक तह, कक्षा ९ र १० मा जम्मा विद्यार्थी ५५४ जना रहेका छन् जसमा छात्रा २९८ जना र छात्र २५६ जना रहेका छन् । माध्यमिक तहका प्रस्तावित विद्यालयमा हालसम्म पूरा स्वीकृत दरबन्दी नभएकोले कक्षा सञ्चालनमा ठूलो अवरोध सिर्जना भएको छ जसको कारणले गर्दा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नमा समस्या देखिएको छ । शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरु रहेका छन् ।

### ३.३.३ अवसर र चुनौती

क) माध्यमिक शिक्षालाई पूर्ण निःशुल्क गरी प्रभावकारी रुपमा अगाडि बढाउनु ।
ख) माध्यमिक तहमा विषयगत आधारमा सबै विद्यालयहरुमा स्थायी शिक्षक दरबन्दीको व्यवस्था गर्नु ।
ग) सिकारुको सिकाईमा सुधार गरी विद्यार्थी उत्तीर्ण प्रतिशत वृद्धि र सिकाइ उपलब्धी अभिवृद्धि गर्नु ।
घ) डिजिटल सिकाइ प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु ।
ङ) विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउनु ।
च) शिक्षकको वृति विकासलाई पारदर्शी नतिजामा आधारित पुरस्कृत तथा उपचमरत्मक बनाउनु ।
छ) विद्यालय शिक्षालाई समावेसी तथा समतामूलक बनाउनु ।
ज) विद्यालयमा छुटै प्रशासन सम्बन्धि काम गर्ने योग्यता र क्षमताका आधारमा प्रधानाध्यापकको व्यवस्था गर्नु ।
झ) प्रशासनिक कार्यलाई चुस्तदुरुत र पारदर्शी गर्नको लागि प्रत्येक तहमा कार्यरत प्रधानाध्यापकलाई प्रोत्साहन भत्ता व्यवस्था गर्नु ।
ञ) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउनु ।
ट) विद्यार्थी मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रुपमा विकास गर्नु ।
ठ) विद्यालय शिक्षा पद्धतीलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउनु ।
ड) निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्न र शिक्षाको पहुँचबाट बहिर रहेका ठूलो संख्यालाई विद्यालयमा भित्र्याउनु ।
ढ) विपन्न बालबालिका, अपाङ्ग, दुर्गम क्षेत्रका महिला, दलित, पिछडा वर्ग र लोपोन्मुख समुदयका बालबालिकालाई माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

ण) माध्यमिक तहका विद्यालयलाई प्रविधीमैत्री बनाउनु ।
त) माध्यमिक तहका विद्यालयमा कार्यरत लेखा कर्माचारीहरुलाई तालिम प्राप्त बनाउनु ।
थ) माध्यमिक तह विशेषत कक्षा १० बाट कक्षा ११ को भर्नादर बढाउनु तथा खुद भर्ना दरलाई वृद्धि गर्नु ।
द) कम विद्यार्थी भएका विद्यालयहरु तह घटुवा वा समायोजन गरी बिग स्कुलको अवधारणा अनुरप विद्यालय सञ्चालन गर्नु ।

### ३.३.४. उद्देश्यहरु

क) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
ग) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु
घ) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु ।
ङ) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
च) माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउनु ।
छ) माध्यमिक तहका शिक्षकहरुलाई पेशागत क्षमता विकाश गरी शिक्षण सिकाइ गुणस्तरिय बनाउनु ।
ज) माध्यमिक तहमा गुणस्तरिय शिक्षा प्रदान गर्न विषयगत शिक्षकको व्यवस्था गर्नु ।
झ) विद्यालयहरुमा स्मार्ट बोर्ड लगायतका डिजिटल सिकाइ सामग्रीहरुको व्यवस्थापन गरी माध्यमिक तहमा शिक्षण सिकाइलाई प्रविधीमैत्री बनाउनु ।
ञ) सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
ट) कम विद्यार्थी भएका विद्यालयहरु तह घटुवा वा समायोजन गरी बिग स्कुलको अवधारणा अनुरप विद्यालय सञ्चालन गर्नु ।
ठ) माध्यमिक तहको शिक्षालाई अनिवार्य र पूर्ण नि:शुल्क बनाउनु ।
ड) एकीकृत विद्यालयको अवधारणा विकास गरी नजिकका विद्यालयहरु समायोजन गरेर शिक्षक विद्यार्थी अनुपात मिलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु।
ढ) छात्रबाससहितको बिग स्कुलको विद्यालय सञ्चालन गर्नु ।
ण) माध्यमिक तह (कक्षा ११ र १२) लाई एकीकृत गरी एकै स्थानमा सञ्चालन गरी शैक्षिक गुणस्तर र शिक्षकको प्रभावकारी व्यवस्थापन गर्नु।

### ३.३.५ रणनीतीहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने
ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने
ग) नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने
घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने
ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने
च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने र वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने
छ) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने
ज) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने र शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने
झ) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने
ञ) शिक्षण–सिकाइ पद्धतिमा सुधार गर्ने

ट) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ठ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य–दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

ड) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने

ढ) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने र थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने

ण) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्तीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने

त) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमूना विद्यालयका रूपमा विकास गर्ने

थ) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

द) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

ध) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

न) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

ऩ) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

प) विद्यालय नक्शाङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ ।

फ) निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिनेछ ।

ब) माध्यमिक तह सञ्चालित प्रस्तावित विद्यालयहरुमा विद्यार्थी अनुपातको आधारमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ ।

भ) प्रत्येक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुदृढ गरिनेछ ।

म) विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र।अ। व्यवस्थापन गरिनेछ ।

य) विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ ।

र) यस पालिकाभित्र कक्षा ९-१२ मा प्राविधिक धारको शिक्षा व्यवस्थापन गर्न पूर्वाधार विकास गरिनेछ ।

ऱ) कम्तिमा ११-१२ कक्षामा विज्ञान विषय अध्ययनका लागि आर्कषण बढाउन भौतिक पूर्वाधार सहितको व्यवस्था गरिनेछ ।

ल) आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ ।

ळ) छात्रबाससहितको बिग स्कुलको विद्यालय सञ्चालन गर्नेछ।

ऴ) माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक धारको व्यवस्था गरिनेछ ।

व) स्थानीय तहसँग आवश्यक परामर्श र सहकार्य गरी विद्यालय शिक्षालाई दैवि प्रकोप, संकट महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

श) माध्यमिक विद्यालय शिक्षादेखि नै विज्ञान प्रविधि, ईन्जिनियरिङ्ग, कला र गणित शिक्षा जस्ता विषयहरुको सिकाईलाई अन्तरसम्बन्धित गर्दै लगिनेछ ।

ष) कम विद्यार्थी संख्या भएका विद्यालयहरु समायोजन गरी बिग स्कुलको अवधारणा अनुरुप विद्यालय सञ्चालन गरिनेछ ।

स) एकीकृत विद्यालयको अवधारणा विकास गरी नजिकका विद्यालयहरु समायोजन गरेर शिक्षक विद्यार्थी अनुपात मिलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिने छ।

ह) माध्यमिक तह (कक्षा ११ र १२) लाई एकीकृत गरी एकै स्थानमा सञ्चालन गरी शैक्षिक गुणस्तर र शिक्षकको प्रभावकारी व्यवस्थापन गरिनेछ।

### ३.३.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस अन्तर्गत सबै बालबालिकाले नि:शुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर

पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुर्‍याउनेछ। माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने । सबै माध्यमिक विद्यालयहरुले आधारभूत मापदण्ड पूरा गरेको हुने । माध्यमिक तह (कक्षा ११ र १२) लाई एकीकृत गरी एकै स्थानमा सञ्चालन गरी शैक्षिक गुणस्तर र शिक्षकको प्रभावकारी व्यवस्थापन हुने। आवश्यकता अनुसार माध्यमिक तह (कक्षा ९ र १०) लाई पनि एकीकृत गरी एकै स्थानमा सञ्चालन गरी शैक्षिक गुणस्तर र शिक्षकको प्रभावकारी व्यवस्थापन हुने।

### नतिजा

क) माध्यमिक शिक्षा पूरा गर्न सिकारुले निम्नतम सिकाई उपलब्धी हासिल गरेको हुने ।
ख) माध्यमिक तहमा प्राविधिक तथा व्यसायिक धारको शिक्षा व्यवस्थित र विस्तारित भएको हुने ।
ग) विद्यालयको प्रशासनिक काम गर्न योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्था हुने ।
घ) विधलय शिक्षामा प्रविधीको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाई वातावरणको निर्माण भएको हुने ।
ङ) माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।
च) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर वृद्धिका लागि पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा परिमार्जन लगनशिल र उत्प्रेरित शिक्षकको व्यवस्थापन प्रविधिको समुचित प्रयोग उचित सिकाई तथा शिक्षण वातावरणको निर्माण भएको हुने ।
छ) सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित गराई खुद भर्ना दर तथा टिकाउ दरमा वृद्दि हुने तथा कक्षा छाड्ने र कक्षा दोहोर्याउने दरमा कमि आउने ।
ज) उत्तीर्ण प्रतिशत र सिकाइ उपलब्धीमा वृद्धि भएके हुने ।
झ) छात्रबाससहितको बिग स्कुलको विद्यालय सञ्चालन भएको हुने ।
ञ) माध्यमिक तहको प्रत्येक कक्षाकोठामा स्मार्ट बोर्ड लगायतका डिजिटल सिकाइ सामग्री भएको हुने ।
ट) सबै माध्यमिक विद्यालय हरुमा विषयगत विद्यार्थी शिक्षक अनुपात व्यवस्थित ढङ्गले वितरण गरिएको हुने ।
ठ) एकीकृत विद्यालयको अवधारणा विकास गरी नजिकका विद्यालयहरु समायोजन गरेर शिक्षक विद्यार्थी अनुपात मिलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता भएके हुने।
ड) माध्यमिक तह (कक्षा ११ र १२) लाई एकीकृत गरी एकै स्थानमा सञ्चालन गरी शैक्षिक गुणस्तर र शिक्षकको प्रभावकारी व्यवस्थापन हुने।
ढ) माध्यमिक तह (कक्षा ९ र १०) लाई एकीकृत गरी एकै स्थानमा सञ्चालन गरी शैक्षिक गुणस्तर र शिक्षकको प्रभावकारी व्यवस्थापन हुने।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक नीति तथा कार्यविधि तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| २ | विद्यालयमा सेवाक्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गरी नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | इन्जिनियरिङ्ग, कला र गणित शिक्षा जस्ता विषयहरुको सिकाईलाई अन्तरसम्बन्धित गर्ने । | | | | | | | | | |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ५ | मापदण्ड अनुसार विद्यालयमा आवश्यक विषय शिक्षक व्यवस्था | संख्या | २ | १ | १ | १ | १ | ६ | ६ | गाउँपालिका |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, प्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | | १ | १ | | २ | २ | गाउँपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ९ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन गरी पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाई सामाग्री विकास निरन्तर अधावधिक गर्ने । | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| १० | क्षमतामा आधारित प्रधानाध्यापक व्यवस्थापन | | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| ११ | विद्यालय शिक्षालाई महामारी रोग, प्रकोप, संकट तथा योजना तयारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| १२ | अपाङ्गता भएका विद्यार्थीलाई आर्थिक सहयोग | पटक | १० | १० | १० | १० | १० | ५० | ५० | गाउँपालिका |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| १४ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाई उपलब्धी परीक्षण । | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | गाउँपालिका |
| १६ | वि.व्य.स., शिअस. तथा अभिभावकको क्षमता विकास र अभिमुखिकरण तालिम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | गाउँपालिका |
| १७ | छात्राहरुलाई सेनेटरी प्याट वितरण | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |

## ३.४. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

### ३.४.१ परिचय

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यवसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ । यसलाई वर्तमान मागको रुपमा नलिई आवश्यकताको रुपमा लिईएको छ । आमजनमानसमा प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यवसायिक शिक्षामा जोड दिनु बढि उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्विकृति ऐन, नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यवसायिक शिक्षा सामुदायिक विद्यालयाहरुमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । विद्यालय शिक्षामा प्राविधिक तथा व्यवसायिक शिक्षाको व्यवस्थाबाट कार्यमूलक, व्यवहारिक, प्राविधिक तथा व्यवसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्वश्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ, मूलुकको भौतिक, शैक्षिक राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ तसर्थ यस गाउँपालका अन्तर्गत रहेको हेलम्बु बोधिसत्व मोडल स्कुलमा वि.स. २०७९ सालमा केन्द्रबाट सञ्चालित प्राविधिक धारको सिभिल इन्जिनियरिङ (कक्षा ९-१२) तथा वि.स. २०८२ देखि कम्प्युटर इन्जिनियरिङ (कक्षा ९-१२) सञ्चालन भइरहेको छ । यस गाउँपालिकाभित्र रहेका अन्य कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यवसायिक धारका कक्षाहरु सञ्चालन गर्न सकिएको छैन । यसको मुख्य कारण प्राविधिक दक्ष जनशत्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ । तथापि विश्ववजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुदाँ हरेक माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउन अपरिहार्य रहेको छ ।

### ३.४.३ प्राविधिक तथा व्यवसायिक शिक्षामा देखिएका चुनौतिहरु

क) प्राविधिक तथा व्यवसायिक धारको कक्षा सञ्चालन गर्न सम्बन्धन र अनुमति लिनमा समस्या देखिएको ।
ख) भौतिक पूर्वाधार विकास गर्न ।
ग) प्राविधिक तथा व्यवसायिक धारको जनशक्ति व्यवस्थापन गर्न ।
घ) प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रत्याभुति दिलाउन ।
ङ) शैक्षिक सामग्री, ल्याव व्यवस्थापन गर्न ।
च) निरन्तर प्रयोगात्मक कक्षाहरु सञ्चालन गर्न ।
छ) पर्याप्त बजेटको व्यवस्थापन गर्न ।
ज) प्राविधिक तथा व्यवसायिक धारको स्थापनाका लागि स्थान तय गर्न आर्थिक व्यवस्थापन गर्न ।

### ३.४.४ उद्देश्यः

क) प्राविधिक तथा व्यवसायिक स्थापना गर्न संस्थागत विकास तथा सुदृढिकरण गर्नु ।
ख) प्राविधिक तथा व्यवसायिक धारको पूर्वाधार विकास गरी दक्ष जनशक्तिको उत्पादन गर्नु ।
ग) शिक्षालाई प्राविधिक तथा रोजगारमुलक रुपमा प्रदान गरी व्यवसायिक तथा आत्मानिर्भर जनशक्ति निर्माण गर्नु ।
घ) विद्यार्थीहरुलाई आत्मनिर्भर तथा स्वरोजगार गर्नु ।
ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालयसँग सम्बन्ध राखी सम्बन्धन लिई प्राविधिक धारको एउटा क्याम्पस तथा विश्वविद्यालय स्थापना गर्नु ।
च) विद्यार्थीहरुको रुचि तथा आवश्यकता अनुसारका विषयहरु शिक्षण सिकाइ गर्नु ।
छ) हाल हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकमा कक्षा ९–१२ मा सिभिल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन अध्यापन हुँदै आएकोमा त्रिभुवन विश्वविद्यालयबाट प्राविधिक धारको आङ्गिक क्याम्पसका लागि सम्बन्धन प्राप्त गर्न पहल गर्नु ।

ज) हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोक स्रोत विद्यालयका रुपमा सञ्चालन गर्नु।

झ) उच्च शिक्षामा प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरुलाई गाउँपालिकाले बनाएको कार्यविधि अनुरुप प्रदान गरिने छात्रवृत्तिलाई प्रभावकारी तवरले कार्यान्वयन गर्नु।

ञ) हाल हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकमा कक्षा ९–१२ मा गाउँपालिका अनुदानमार्फत् सञ्चालित कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन अध्यापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट शिक्षक लगायत सञ्चालन व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गर्नु।

### ३.४.५ रणनीतिहरु

क) यस गाउँपालिका भित्र एक वटा स्नातक प्राविधिक तथा व्यवसायिक धारको व्यवस्थापन गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

ख) सम्बन्धन प्राप्त गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

ग) स्थानीय तह मार्फत् प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरी आवश्यक आर्थिक पहल गर्ने ।

घ) विद्यार्थीहरुलाई आत्मनिर्भर तथा स्वरोजगार गर्ने ।

ङ) प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरी पढ्दै कमाउदै गरिने कार्यक्रमहरु सन्चालन गर्ने ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालयसँग सम्बन्ध राखी सम्बन्धन लिई प्राविधिक धारको एउटा क्याम्पस तथा विश्वविद्यालय स्थापना गर्ने ।

छ) विद्यार्थीहरुको रुचि तथा आवश्यकता अनुसारका विषयहरु शिक्षण सिकाइ गर्ने ।

ज) हाल हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकमा कक्षा ९–१२ मा सिभिल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन अध्यापन हुँदै आएकोमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्न पहल गर्ने।

झ) हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोक स्रोत विद्यालयका रुपमा सञ्चालन गर्ने।

ञ) उच्च शिक्षामा प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरुलाई गाउँपालिकाले बनाएको कार्यविधि अनुरुप प्रदान गरिने छात्रवृत्तिलाई प्रभावकारी तवरले कार्यान्वयन गर्ने।

ट) हाल हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकमा कक्षा ९–१२ मा गाउँपालिका अनुदानमार्फत् सञ्चालित कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन अध्यापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट शिक्षक लगायत सञ्चालन व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने।

### ३.४.६ उपलब्धी

क) सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्ने अवसर पाएको हुने ।

ख) दक्ष तथा रोजगारउमुख जनशक्ति तयार भएको हुने ।

ग) आत्मानिर्भर शक्ति उत्पादन हुने ।

घ) विद्यार्थीहरुलाई आत्मनिर्भर तथा स्वरोजगार भएको हुने ।

ङ) प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरी पढ्दै कमाउदै गरिने कार्यक्रमहरु सन्चालन भएको हुने ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालयसँग सम्बन्ध राखी सम्बन्धन लिई प्राविधिक धारको एउटा क्याम्पस तथा विश्वविद्यालय स्थापना भएको हुने ।

छ) विद्यार्थीहरुको रुचि तथा आवश्यकता अनुसारका विषयहरु शिक्षण सिकाइ भएको हुने ।

ज) हाल हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकमा कक्षा ९–१२ मा सिभिल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन अध्यापन हुँदै आएकोमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भएको हुने।

झ) हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोक स्रोत विद्यालयका रुपमा सञ्चालन हुने।

ञ) प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थी संङ्ख्या बढेको हुने।

ट) हाल हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकमा कक्षा ९–१२ मा गाउँपालिका अनुदानमार्फत् सञ्चालित कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन अध्यापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट शिक्षक लगायत सञ्चालन व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन भएको हुने।

### ३.४.७ नतिजा

क) सुरक्षित र सुचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने ।

ख) यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढिकरण भएको हुने ।

ग) प्राविधिक तथा व्यवसायिक शिक्षाकोअवसर लाभग्राहिहरुले आफनै स्थानीय तहमा सहज र सरल रुपमा प्राप्त गरेका हुने ।

घ) स्वावलम्बी तथा आमानिर्भर शक्ति उत्पादन हुनेछ ।

ङ) विद्यार्थीहरुलाई आत्मनिर्भर तथा स्वरोजगार भएको हुने ।

च) प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरी पढ्दै कमाउदै गरिने कार्यक्रमहरु सन्चालन भएको हुने ।

छ) राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालयसँग सम्बन्ध राखी सम्बन्धन लिई प्राविधिक धारको एउटा क्याम्पस तथा विश्वविद्यालय स्थापना भएको हुने ।

ज) विद्यार्थीहरुको रुचि तथा आवश्यकता अनुसारका विषयहरु शिक्षण सिकाइ भएको हुने ।

झ) हाल हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकमा कक्षा ९–१२ मा सिभिल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन अध्यापन हुँदै आएकोमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भएको हुने।

ञ) हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोक स्रोत विद्यालयका रुपमा सञ्चालन हुने।

ट) प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थी संङ्ख्या बढेको हुने।

ठ) हाल हेलम्बु बोधिसत्व मोडल स्कुल, हेलम्बु-६, सिन्धुपाल्चोकमा कक्षा ९–१२ मा गाउँपालिका अनुदानमार्फत् सञ्चालित कम्प्युटर इन्जिनियरिङ विषय अध्ययन अध्यापन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट शिक्षक लगायत सञ्चालन व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन भएको हुने।

### ३.४.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य

**प्राविधिक तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष (२०९०) | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्राविधिक तथा व्यवसायिक सम्बन्धन र अनुमति | पटक | | | | | १ | १ | १ | गाउँपालिका |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | संख्या | | | १ | | | १ | १ | गाउँपालिका |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | संख्या | १ | | | | १ | २ | २ | गाउँपालिका |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढिकरण | निरन्तर | १ | | | | १ | २ | २ | गाउँपालिका |
| ५ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विद्यालयलाई स्तरोन्नति गर्न | निरन्तर | | | | | १ | १ | १ | गाउँपालिका |

## ३.५ अनौपचारिक शिक्षा तथा अजीवन सिकाइ

### ३.५.१ परिचय

अनौपचारिक तथा निरन्तर सिकाईको आवश्यक औपचारिक शिक्षाको मुल प्रवाहबाट वञ्चित भइका मानिसलाई जीवनपर्यन्त सिकाईका लागि पाख्रिबास गाउँपालिकाले अनौपचारिक शिक्षा तथा निरन्तर सिकाईलाई गाउँ शिक्षा योजना २०७८-

२०८८ मा प्राथमिकतामा राखेको छ । अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननि हो तसर्थ जीवन उपयोगी ज्ञान र सीप हासिल गर्नको लागि औपचारिक र अनौपचारिक शिक्षाको आवश्यकता पर्दछ ।

सिकाई औपचारिक र अनौपचारिक माध्यमबाट हुने गर्छ । यो निरन्तर र अविछिन्न चलिरहने प्रकिया हो । सिकाई जन्मदेखि मुत्यपर्यन्त चलिरहनेभएकोले सिकाईबाट व्यक्तिले आफ्नो जीवनकालागि आवश्यक हुने ज्ञान, सीप र अनुभवहरुप्राप्त गरी रहेका हुन्छन । जीवनपर्यन्त एवम् आजीवन सिकाई नै अनौपचारिक शिक्षा हो । यसको लागि उमेरर समयावधिको सीमा रहदैन । आवश्यकताको आधारमा सबै उमेर समूहका व्यक्तिले विभिन्न माध्यमबाट सिक्ने कार्य नै अनौपचारिक शिक्षा हो ।औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर रहि आफ्नो जीवन यापन गर्नका लागि आवश्यक पर्ने ज्ञान, सीप र अनुभव प्राप्त गर्ने प्रकिया नै अनौपचारिक शिक्षा मार्ग हो । औपचारिक शिक्षाको अवसरबाट वञ्चित रहेका समूह र बिचमा कक्षा छाडेका वा तह पूरा नगरेका लक्षित समूहका लागि आफ्नो जीवन यापनका क्रममा आवश्यक पर्ने सूचना, ज्ञान सीप र अनुभव प्राप्त गर्न यो सिकाई मार्ग उपयुक्त मानिन्छ । हिजो आज यो मार्गबाट सिक्ने कार्यमा सहजताको लागि दुर एवम खुला सिकाईको अवसरहरु प्रदान गरिएको छ । यो प्रक्रिया मूलत: जीवनपयोगी सीप एवम् व्यवहारकुशल सीप र आयआर्जन सीपसँग सम्बन्धित रहेको छ । यद्यपि यो सिकाई विशेषगरी आधारभूत साक्षरता कक्षा, कार्यमूलक साक्षोत्तर कक्षा एवम् स्वरोजगार केन्द्रित ज्ञान र सीपसँग सम्बन्धित छ ।

समयको परिवर्तनसंगै आएका नवीनतम ज्ञान र सीपलाई हासिल गर्न यो सिकाई प्रकिया औपचारिक शिक्षाको मुल प्रवाहबाट अलग रहेका समूहको लागि महत्वपूर्ण रहेको छ । सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँग परिचित हुन यो प्रकिया उपयुक्त हुन्छ किनभने डिजिटल साक्षरता र स्वरोजगार केन्द्रित सीप अहिलेको अनिवार्य आवश्यकता हो ।

समुदायको आवश्यतालाई तत्काल र क्रमश : सम्वोधन गर्नका लागि संघ सरकार, प्रदेश सरकारले अनौपचारिक शिक्षा कार्यक्रमलाई उच्च प्राथमिकता दिएको देखिदैन । तथापि विगत देखि निरक्षर समूहकालागि साक्षरता कक्षा, नव साक्षर समूहकालागि साक्षोत्तर कक्षा र कार्यमूलक साक्षरता एवम् आयआर्जन केन्द्रित कार्यक्रमहरु निरन्तररुपमा सञ्चालनमा छन् । जुन पर्याप्त छैन । ६ वर्ष देखि १४ वर्ष र १५ वर्ष देखि ६० वर्ष सम्मका निरक्षर / साक्षरबालबालिका, युवा युवती र प्रोढहरुका लागि क्रमश : अनौपचारिक शिक्षा विद्यालय, साक्षरता कक्षा, साक्षोत्तर कक्षा र आयमूलक एवम् डिजिटल साक्षरता कक्षाहरु सञ्चालन रहेका छन । ती कार्यक्रमहरु लाई प्रभावकारीरुपमा सञ्चालन गर्न गराउने अगुवा संस्थाको रुपमा लागि "एक वडा एक सामुदायिक केन्द्र" को नीतिगत प्रावधान अनुरुप सामुदायिक सिकाई केन्द्रको स्थापना भई सञ्चालन रहेका छन । यद्यपि सबै स्थानीय तह वा पालिकाहरुमा सामुदायिक सिकाई केन्द्रको स्थापना हुन सकेको छनै । हाल त्यो जिम्मेवारी संघ सरकारले स्थानीयय सरकारलाई सुम्पेको छ । सामुदायिक केन्द्रलाई समुदायको लागि आधारभूत ज्ञान, सीप प्रदायक संस्था र सूचना स्रोत केन्द्रको रुपमा स्थापित गर्ने भनिएता पनि सबै सामुदायिक सिकाई केन्द्रहरु सो भूमिका प्रवाह गर्न सक्षम भएको देखिदैन । यद्यपि केही सामुदायिक केन्द्रहरु नमूना सिकाई केन्द्रको रुपमा स्थापित भई समुदायको साथी संस्थाको रुपमा सञ्चालनमा रहेको देखिन्छ । आजीवन सिकाई आफैमा अलग विधि होईन यो त समग्र शिक्षा प्राणालीलाई मार्गनिर्देश गर्ने सिद्धान्त हो । बाल शिक्षा देखि माध्यमिक शिक्षा हुदै उच्च शिक्षा सम्मको सिकाई हासिल गर्ने क्रममा हरेक व्यक्तीलाई आजीवन सिकाई कसरी गरी रहने भन्ने ज्ञान र सीप प्रदान गर्न जरुरी हुन्छ । त्यसकारण अरितिक, अनौपचारिक र औपचारिक सबै माध्यमहरुबाट आजीवन सिकाईको अवसर एवम् अभ्यासलाई सदृढ तुल्याउन आवश्यक छ । मानजीवनलाई सहज, उन्नत र खुशी तुल्याउनु नै आजीवन सिकाईको मूल ध्येय हो । यसै तथ्यलाई मनन गरेर गोकुलगंगा गाउँपालिकाले अनौपचारिक एवम आजीवन सिकाई पद्धतिसँग सम्बन्धित कार्यक्रमहरु विद्यालय बाहिर रहेका वा प्रवेश पश्चात बिचमा कक्षा छाडेका बालबालिका र पालिकावासी निरक्षर एवम् नवसाक्षरलाई उपलब्ध गराउनु अहिलेको आवश्यकता हो जसले पालिकावासीहरुको जीवनयापनमा थप सहजता ल्याउन कुरा निश्चित छ ।

### ३.५.२ वर्तमान अवस्था

हेलम्बु गाउपालिका भित्र रहेका अनौपचारिक शिक्षा तथा विगतका समयमा नै प्रौढ शिक्षा सञ्चालन भएको साथै यस पालिका भित्र दुई वटा सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा रहेका छन् जसले अनौपचारिक शिक्षा निरन्तर सिकाईका बारेमा कार्य गर्दै आएका छन् ।

### ३.५.३ अवसर र चुनौति

क) सम्पूर्ण औपचारिक शिक्षाबाट बञ्चित नागरीकलाई शिक्षित बनाउनु

ख) अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई आयआर्जन तथा सिपमुलक र जिवन उपयोगि शिक्षा प्रदान गर्नु ।

ग) औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरुलाई सिकाईको सहज र सर्वसुलभ पँहुच निश्चित गरी खुला शिक्षाको पहुच बृद्दि गरी ब्यबहारिक तथासिपयुक्त बनाउनु ।

घ) सिकारुको आवश्यकता अनुसारको साक्षरतामा आधारित कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नु
ङ) साक्षरता निरन्तर सिकाई सिपमुलक सिप तथा समय सापेक्ष सुचना र प्रविधीयुक्त साक्षरता कक्षा सञ्चालन
च) पाठ्य सामाग्रिको विकास
छ) सहजकर्ता क्षमताको विकास
ज) व्यक्तित्व विकासकालागि सामुदायिक सुचना केन्द्र सामुदायिक अध्ययन केन्द्र, घुम्ति पुस्तकालय स्थापना गरी अध्ययनलाई सहजता बनाउनु

### ३.५.४ उद्देश्यहरु

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु
ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,
ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु
घ) सबै नागरीकलाई समाबेशी र समतामुलक साक्षरता र निरन्तर सिकाईको अवसर सिर्जना गर्ने
ङ) औपचारिक शिक्षाबाट वञ्चित भएका सम्पूर्ण नागरीकलागि जिवन पर्यन्त शिक्षा सुनिश्चित गर्न
च) शिक्षा प्राप्त गर्न नसकेका व्यक्तिहरुलाई खुला शिक्षाको माध्यमबाट शिक्षा प्रदान गर्न
छ) अनौपचारिक तथा निरन्तर सिकाईको माध्यमबाट आजिवन सिकाई सँस्कृतिको विकास गर्न
ज) हेलम्बु गाउपालिका भित्रका सम्पूर्ण उमेर समुह अनुसारका नागरीकलाई कार्यमुलक साक्षरता अभिबृद्दि गराई पढ्ने बानिको विकास गर्न
झ) औपचारिक रुपमा शिक्षा लिन विद्यालय जान नसकेका तथा शरिरीक रुपमा अपाङ्गता भएका ब्यक्तिको लागि व्यबहारिक र सिपमुलक शिक्षा प्रदान गरी मर्यादित जीवनयापन गर्न सक्षम नागरीक बनाउन
ञ) औपचारिक अनौपचारिक तथा अतिरिक्त शिक्षा विच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समक्षता (equivalency) गतिशिलता (mobility) पारगम्यता (permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु
ट) अनौपचारिक शिक्षा तथा निरन्तर सिकाईका लागि एकिकृत प्रणालीमा आधारित संस्थागत सुदृढिकरण गर्नु
ठ) सामुदायिक अध्ययन केन्द्रको स्थापना विकास र विस्तार गर्नु
ड) विज्ञ समुह निर्माण गरी अनौपचारिक तथा निरन्तर सिकाई र सिकाई संस्कृतिको अवधारणा पत्र तयार पार्ने ।
ढ) गुरुकुल शिक्षाका आवश्यक नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नु ।
ण) हेलम्बुलाई ध्यान केन्द्र रुपमा विस्तार गरी सोसम्बन्धी शिक्षा प्रदान गर्ने नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नु ।

### ३.५.५ रणनिति

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने
ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने
ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने
घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने
ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी गाउँस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने
च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने
छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने
ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने
झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने
ञ) नागरिकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने

ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकुल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने
ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने
ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने
ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने
ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने
त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने
थ) गाउँपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने
द) अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाउन सार्वजनिक स्थानमा सन्देशमुलक सामाग्रीको लेखन
ध) रेडियो टेलिभिजन भर्चुअल नेटवर्क मोवाईल एप्लिकेशन तथा अन्य विद्युतिय सामाग्रिको माध्यमबाट सिकाईलाई दिगो बनाउन साक्षरता तथा जीवनोपयोगि र सिपमुलक कार्यक्रम उत्पादन गरी दुर शिक्षा तथा घुम्ति शिक्षा सञ्चालन तथा प्रशारण
न) सामुदायिक सिकाई केन्द्र विद्यालय नागरीक समाज सञ्चार माध्यम अभिभावक लगायत अन्य साझेदारहरु परिचालन गरी साक्षर कक्षा सञ्चालन गर्ने साथै स्वयंसेवक परिचालन गर्ने
ऩ) पठन संस्कृतिको विकासका लागि सामुदायिक अध्ययन केन्द्र विधुतिय पुस्तकालय सामुदायिक वाचन केन्द्रको स्थापना तथा स्तरिकरण गरी सिकाई स्रोत केन्द्रको रुपमा विकास गर्ने
प) मौलिक एवम् परम्परागत ज्ञान सिपको पहिचान संरक्षण संबर्धन आधुनिकिकरण एवं हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन
फ) राष्ट्रिय योग्यता अनुरुपको औपचारिक अनौपचारिक अतिरिक्त शिक्षा विच समक्षता कायम गराउन मापदण्डको विकास
ब) सिकारुको आवश्यकता अनुसारका डिजिटल सामाग्रिको विकास गराउने
भ) उमेर अनुसारको विविध सिपमुलक तालिम तथा गोष्ठी सञ्चालन गर्ने
म) गुरुकुल शिक्षाका आवश्यक नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने।
य) हेलम्बुलाई ध्यान केन्द्र रुपमा विस्तार गरी सोसम्बन्धी शिक्षा प्रदान गर्ने नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने।

### ३.५.६ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलब्धि

सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ। सम्पूर्ण औपचारिक शिक्षाबाट वञ्चित भएका नागरीकहरुका लागि समयानुकुलको अनौपचारिक तथा निरन्तर सिकाई र जिवनपर्यन्त जिवनोपयोगि र सिपमुलक सिकाईको अवसर प्राप्त हुने ।

#### नतिजा

क) साक्षर हेलम्बु गाउपालिका रुपमा विकास हुने
ख) लक्षितबर्ग तथा समुदायमा सिकाईको अवसर सिर्जना हुने
ग) अनौपचारिक शिक्षा तथा निरन्तर सिकाईको व्यवस्थापनका लागि आवश्यक संरचनागत ब्यबस्था तयार भई कार्य सञ्चालन हुने
घ) सामुदायिक सिकाई केन्द्रको विकास र विस्तार
ङ) विज्ञ समुहको निर्माण गरी अनौपचारिक शिक्षा सम्बन्धी अवधारणा पत्र तयारन हुने
च) जिवनोपयोगि र सिप मुलक सिकाईका लागि पाठ्यक्रम तथा पाठ्य सामाग्रि तयार हुने
छ) उत्पादनशिल र प्रतिस्पर् जनशक्तिको निर्माण हुने ।
ज) गुरुकुल शिक्षाका आवश्यक नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन भएको हुने।
झ) हेलम्बुलाई ध्यान केन्द्र रुपमा विस्तार गरी सोसम्बन्धी शिक्षा प्रदान गर्ने नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन भएको हुने।

### ३.५.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | क्रियाकलाप | ईकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य दोस्रो | भौतिक लक्ष्य वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |

| | | | | | | | | ५ वर्ष | १० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निराक्षरहरुको विवरण सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| २ | साक्षर पालिका | वडागत | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय र गाउँपालिका |
| ३ | सामुदायिक सिकाई केन्द्रको सञ्चालन र व्यवस्थापन | वडागत | २ | | | | | २ | २ | गाउँपालिका |
| ४ | पुस्तकालय तथा सामुदयिक वाचन केन्द्र सञ्चालन | वडागत | | | | | | १ | १ | गाउँपालिका |
| ५ | सामुदायिक सिकाई केन्द्रमा प्रविधिको विकास | सङ्ख्या | २ | | | | | २ | २ | गाउँपालिका |
| ६ | सिकाई केन्द्रको अन्य संघ सस्थासँग सहकार्य | निरन्तर | २ | | | | | २ | २ | गाउँपालिका |
| ७ | सिकाई सामाग्रीको विकास | पटक | १ | | | | १ | २ | २ | गाउँपालिका |
| ८ | विज्ञ समुहको निर्माण | पटक | १ | | | | | १ | १ | गाउँपालिका |
| ९ | परिचालक व्यवस्थापन तथा क्षमता विकास | वडा गत | २ | | | | | २ | २ | गाउँपालिका |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

मानिसको जीवनयापनका क्रममा आवश्यक पर्ने आधारभूत अनिवार्य तथा ऐच्छिक आवश्यता पूरागर्न समस्याहरुलाई समाधान गर्न बाधा अवरोधहरु हटाउन, जीवनस्तरलाई समायनुकुल बनाउन आवश्यकक पर्ने विभिन्न किसिमका ज्ञन सिप दक्षता र क्षमताको विकास गर्न निर्माण गरिने ब्यवस्थित दस्तावेजनैं पाठ्यक्रम हो । पाठ्क्रमको क्षेत्र अत्यान्तै ब्यापक हुनेहुदा समग्रमा यो एक मार्गदर्सन हो । शिक्षा पद्धतिलाई मार्गदर्सन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम निर्माणका आधारका रुपमा सामाजिक शत्तिहरु ज्ञानको प्रयोग मावि वृद्धि र विकास सिकाई प्रकृया र प्रविधिलाई लिने गरिन्छ । पाठ्यक्रमले मनानव जीवनका समस्या तथा संकटलाई दुर गर्न र नयाँ वातावरणमा समायोजन हुनकोलागि योग्य बनाउनु प्रयत्न गर्दछ । यसले मानविय मूल्य मान्यता शैक्षिक तथा सामाजिक जीवन दर्शन समाकालिन समाजका वास्तविकताहरु सिकाईका प्रकृया तथा विषय बस्तुहरु पाठ्यसामागी्रहरु विधि पद्धति क्रियाकलाप तथा मूल्याङकनका प्रकृयाहरुलाई समेत समेटेर बालबालिका तथा सिकारुका आवश्यतालाई निदान गर्ने गरी याजनाको बृस्तृित स्वरुपलाई समेट्ने कार्य गर्दछ । त्यसैले पाठ्यक्रमलाई एक बृहत दस्तावेजको रुपमा लिइनछ । पाठयक्रमको बिकार र कार्यन्वयन प्रविधिक कार्य भएकाले यसको उचित किसिमको प्रयोगले मात्र ब्यत्ति समाज र राष्टको आवश्यता र पाठ्रक्रमको उद्देश्यहरु पूरा हुन सक्छ ।पाठ्क्रमको निर्माण तथा दस्तावेजिकरण गर्दा सामाजिक मूल्यमान्यता र व्यवहारलाई सान्दर्भिताका आधारमा आत्मसात गर्न विभेद रहित समतामुलक र समावेशी दृष्टीकोण अनुसार व्यवहार गर्न आप्नो र अरुको कर्तब्य प्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङग बाट सोच्न र निर्णय गर्न व्यवहारको विकास गराउने किसिम बाट अघि बढ्न पर्दछ । त्यसैगरी पाठ्क्रमले ब्यक्ति समाज र राष्टको आवश्यता सुहाउदो ज्ञान सीप प्रदान गरेमा यसको कार्यन्वयन सहज र प्रभावकारितामा वृद्धि हुन जान्छ समन्वय र सहकार्यको विकास हुन्छ । पाठ्क्रमले राष्ट्रिय तहगत कक्षागत उद्देश्यहरु अनुसार कुनै कक्षामा के कस्ता विषयवस्तुहरु सिकाउने कुरा मात्र नभइ के कसरी सिकाउने हो र सिकेका कुरालाई के कसरी मूल्याङकन गर्ने भन्ने कुरा समेतको खाका निर्दिष्ट गर्नु पर्दछ ।

### ४.१.२ वर्तमान अवस्था

यस गाउँपालिका हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्क्रमको प्रयोग गरी आएको छ । त्यही पाठ्यक्रमको स्थानीय पाठ्यक्रम अंश अन्तर्गत स्थानीय पाठ्यक्रम **'हाम्रो हेलम्बु', साम्भोटा र सँस्कृत भाषा**मा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण भएको हुँदा शैक्षिक शत्र २०८०-२०८१ बाट कक्षा १ देखि ८ को स्थानीय विषयको पाठ्यक्रम अध्ययन अध्यापन हुँदै आएको छ । स्थानीय विषयले यस पालिकाको ऐतिहासिकता र समग्रता झल्काउनु मद्दत गर्नेछ भनी बालबालिकालाई स्थानीय परिवेश अनुकूल विषय क्षेत्रमा परिचित हुन सहयोग पुर्याउने छ । आभारभूत तह कक्षा १ देखि ३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमार्फत् उद्दार कक्षोन्नतिको नीति अनुसार मूल्याङ्कन कक्षा ४ र ५ मा ५० प्रतिशत निर्माणात्मक ५० प्रतिशत निर्णयात्मक मूल्याङ्न प्रणाली अपनाइएको छ । साथै यस गाउँपालिकाले तयार गरेको **अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा (School at Home) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२** को प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिने छ।

### ४.१.३ अवसर तथा चुनौतिहरु

क) प्रारम्भिक कक्षाहरुमा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा, र बहुभाषाको प्रयोग गर्नु ।
ख) सिकाई सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न ।
ग) स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता हुनु ।
घ) एकिकृत पाठ्यक्रमलाई प्रभावकारी रुपमा प्रयोग र कार्यान्वयन गर्ने ।
ङ) अपाङ्गमैत्री सिकाइका लागि पाठ्य तथा कार्यपुस्तिका निर्माण र प्रयोग गर्ने ।
च) स्थानीय विषय हाम्रो हेलम्बु/सम्भोटा शिक्षा/संस्कृत शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने।

### ४.१.४ उद्देश्यहरु

यस योजनामा पाठ्क्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखिएको छ

क) विद्यालय तहको पठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
ख) स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु
ग) पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्नु
घ) सिकाईलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।
ङ) सिकारुका सिकाई समस्या समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धितको व्यवस्था गर्नु ।
च) अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा (School at Home) सञ्चालन तथा व्यवस्थापन प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्नु।
छ) स्थानीय विषयलाई प्रभावकारी तवरले सञ्चालन गर्नु।

### ४.१.५ रणनीतिहरु

उद्देश्यहरु हासिल गर्नका लागि निम्नलिखित रणनितिहरु अवलम्वन गरिनेछ ।

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने,
ख) विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,
ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
घ) विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
ङ) शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने,
च) शिक्षकको पेसागत सक्षमता विकास गर्ने,
छ) सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
ज) विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने,
झ) सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने,
ञ) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,
ट) स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
ठ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,
ड) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास एवमं कार्यान्यिन गर्ने,
ढ) स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने।
ण) स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष सान्दर्भिक गुणस्तरीय प्रभावकारी वनाइ समृद्ध गाउँपालिका निर्माणक लागि सक्षम र प्रतिस्पर्धि नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइनेछ ।
त) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि सम्वद्ध सरोकारवालाहरु परम्परागत ज्ञानका दाता तथा अनुसन्धाता आदिको सक्रिय सहभागितामा अभिवृद्धि गरिनेछ र यसका लागि विद्यालयहरुलाई सक्षम वनाईनेछ ।
थ) स्थानीय पाठ्यक्रम मार्फत् विपद् व्यवस्थापन तथा प्रकोप व्यवस्थापन जस्ताविषयवस्तु समावेश गरी महामारी तथा संकट व्यवस्थापन र न्यूनिकरण गर्न प्रारम्भिक कक्षाहरुदेखि नै बालबालिकाहरुलाई सक्षम वनाउँदै लगिनेछ ।
द) स्थानीय पाठ्यक्रम मार्फत् यस गाउँपालिकाको धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकिय, सामाजिक अवस्थाका वारेमा साना कक्षाहरुबाट नै व्यवस्थित गरिनेछ ।
ध) यस गाउँपालिका भित्रका विद्यालयहरुमा सूचना सञ्चार तथा प्रविधिमा आधारित शिक्षणसिकाईका लागि अत्यावश्यक पूर्वाधारको विकास र त्यसको उचित प्रयोग गरिनेछ ।

न) शिक्षण सिकाइलाई बालकेन्द्रित लैगिंक अपाङ्गमैत्री वनाई सहभागितामूलक अन्तक्रियात्मक समस्यासमाधान केन्द्रित शिक्षणविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

ऩ) यस पालिकाभित्रका सबै विद्यालयमा शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सन्दर्भ सामाग्री र स्वअध्ययन सामग्रीका उपलव्धतालाई सर्वसुलभ बनाइनेछ ।

प) विभिन्न महामारी दैवी प्रकोप तथा संकटका समयमा वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइको शैक्षिक क्षतिलाई न्यूनिकरण गरिनेछ ।

फ) परीक्षा प्रणालीलाई समयसापेक्ष वनाई मूल्याङ्कन विधिलाई वैज्ञानिकिकरण गरिनेछ ।

ब) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारीका साथ प्रयोग र कार्यान्वयन गरिनेछ ।

भ) माध्यमिक परीक्षा मूल्याङ्कन प्रणालीलाई निरन्तर, आवधिक तथा प्रयोगात्मक तरिकाबाट अवलम्वन गरिनेछ ।

म) पाठ्यक्रमको समयसापेक्ष अभिमुखिकरण तथा पुनर्ताजकि तालिमको व्यवस्थन गरिनेछ ।

य) स्थानीय विषय हाम्रो हेलम्बु/सम्भोटा शिक्षा/संस्कृत शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

र) अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा (School at Home) सञ्चालन तथा व्यवस्थापन प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिने छ।

ऱ) स्थानीय विषय सम्भोटा तथा संस्कृत विषयलाई प्रभावकारी तवरले सञ्चालन गर्न गाउँपालिकाबाट आवश्यक शिक्षक व्यवस्थापन गरिनेछ ।

### ४.१.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धी

क) पाठ्यक्रमको प्रभावकारी कार्यान्वियनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।

ख) विद्यालय तहमा रहेका आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनमा उपयोगी सिपहरु समावेश हुने ।

ग) स्थानीय कला, संस्कृति, इतिहास, भाषा, परम्परा, सिप तथा ज्ञान तथा सकरात्मक सोच भएको निरन्तर सिकाईप्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

घ) स्थानीय विषय हाम्रो हेलम्बु/सम्भोटा शिक्षा/संस्कृत शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने।

ङ) अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा (School at Home) सञ्चालन तथा व्यवस्थापन प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने।

च) स्थानीय विषय सम्भोटा तथा संस्कृत विषयलाई प्रभावकारी तवरले सञ्चालन गर्न गाउँपालिकाबाट आवश्यक शिक्षक व्यवस्थापन गर्ने।

#### नतिजा

क) निर्माणाधिन स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन क्रमिक रुपमा कक्षा १ देखि ३ हुँदै कक्षा ५ सम्म हुने ।

ख) प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तह कक्षा १–५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजिकरण हुने ।

ग) सिकाइको अभिन्न अङ्गको रुपमा पाठ्यक्रम र मूल्याङ्कन रहने ।

घ) शिक्षण सिकाई क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ।

ङ) स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।

च) प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य हुने।

छ) स्थानीय विषय हाम्रो हेलम्बु/सम्भोटा शिक्षा/संस्कृत शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन हुने।

ज) अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा (School at Home) सञ्चालन तथा व्यवस्थापन प्रभावकारी सञ्चालन तथा व्यवस्थापन हुने।

झ) स्थानीय विषय सम्भोटा तथा संस्कृत विषयलाई प्रभावकारी तवरले सञ्चालन गर्न गाउँपालिकाबाट आवश्यक शिक्षक व्यवस्थापन भएको हुने।

### ४.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य दोस्रो ५ वर्ष | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप कार्यान्वय कक्षा, विषय | | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| २ | स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा परीक्षण | कक्षा, विषय | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| ३ | सिकाई सहजीकरण तथा पुस्तिका निर्माण र विकास | कक्षा, विषय | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| ४ | स्थानीय पाठ्यक्रम तथा सिकाई सहजीकरण पुस्तिका प्रवोधिकरण | कक्षा, विषय | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण | कक्षा, विषय | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| ६ | विद्यार्थी मूल्याङ्कन नमूना साधनको विकास कार्यसञ्चायिका फायलको प्रयोग | कक्षा, विषय | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| ७ | मातृभाषा स्थानीय भाषा | | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |
| ८ | सिकाई सहजीकरण कार्यलाई स्थानीय भाषा वा बहुभाषामा सहजीकरण | कक्षा, तह | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | विद्यालय र गाउँपालिका |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय

शिक्षकलाई शिक्षाका लक्ष्य एवम् उद्देश्य हासिल गर्न तथा शिक्षा योजनालाई कार्य रूपमा बदल्ने अनिवार्य मानवीय स्रोतका लिनु पर्दछ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यवसायिक रूपमा दक्ष पेशा प्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ । शिक्षामा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र दक्षता र नमुना व्यक्तित्व प्रदर्शन र विद्यार्थीहरूको सिकाइमा सकरात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरुरी हुन्छ । शिक्षक व्यवस्थापन र विकासले शिक्षकको प्राप्ति, शिक्षक विकास, शिक्षकको समुचित उपयोग र शिक्षक सम्भार लगायतका विस्तृत पक्षहरू समेटेको हुन्छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समानता, सान्दर्भिकता, सुशासन प्रवर्द्धनका लागि विगतमा संचालित विभिन्न योजना परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई प्राथमिकता राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

वर्तमान अवस्थामा शिक्षक सेवामा प्रवेश गर्नको लागि उपयुक्त जनशक्ति तयार पार्ने काम विश्वविद्यालय तथा विद्यालयहरूले गरीरहेका छन् । शिक्षक सेवामा प्रवेश गर्नका लागि आवश्यक पर्ने अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने, नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षकसेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइआएका शिक्षकहरूलाई नियुक्त गरी पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । अस्थायी तथा करारमा शिक्षक नियुक्ति भने सम्बन्धित विद्यालय वा स्थानीय तहबाट हुने गरेको छ । विद्यालयको निजी स्रोतका शिक्षक नियुक्ति गर्ने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य सम्बन्धित विद्यालयहरूले गर्दै

आएका छन् । यसका अलवा शिक्षक दरवन्दी कम भइ पठनपाठमा प्रतिकूल प्रभाव परेका विद्यालयको हकमा स्थानीय तहहरूले आफ्नैले स्रोत व्यहोर्ने गरी शिक्षक नियुक्ति गरेका छन् । राष्ट्रियरूपमा शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्डतालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार पार्ने कार्य र प्रशिक्षक तयार पार्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् । यसका अलवा स्थानीय तहहरूले समेत शिक्षक सहायता, शिक्षकको क्षमता अभिवृद्धि लगायतका क्षेत्रमा कार्य गर्दै आएका छन् ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बीच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन । त्यसैगरी देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू जस्तै शिक्षकसेवा आयोगबाट छनौट भई नियुक्त पाएका स्थायी शिक्षक, करारमा नियुक्त शिक्षक, राहत अनुदानमा कार्यरत शिक्षक, स्वयंसेवक शिक्षक तथा विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षकलाई छन् ।यस प्रकारका शिक्षकहरू हेलम्बु गाउँपालिका भित्र रहेका विद्यालयमा समेत विद्यमान रहेका छन् । विभिन्न किसिमका शिक्षकहरूका सेवा शर्त र सुविधा पनि फरक-फरक छन् । शिक्षकको कार्यसम्पादन मुल्यांकन केवल बढुवा प्रयोजनको लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धि सँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जीम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिनेछ । यसमाशिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरूको पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रमका उद्देश्य, उद्देश्य प्राप्तिका लागि अपनाउने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतीजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

राष्ट्रिय रूपमा शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यसपेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५९ अनुसार शिक्षक हुनकालागि शिक्षण अनुमतिपत्र अनिवार्यहुनुपर्ने, स्थायी शिक्षकको हुनकालागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तिर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीलेशिक्षण पेशामा थप आकर्षण बढेको छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यसैबाट ती शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेशागत विकास र सहयोग, पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली कार्यसम्पादनमा आधारितदण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली अवलम्वन गर्नु वाञ्छनीय रहन्छ ।

स्थानीय स्तरमा हेर्दा समेत हेलम्बु गाउँपालिकाबाट, करार, राहत तथा स्वयंसेवक शिक्षक अनुदान कोटाको लागि गरिएको शिक्षक पदका विज्ञापनमा आवेदन पेस गर्नेहरूको उल्लेख्य सङ्ख्याले शिक्षक पेसा प्रतिको आकर्षणलाई थप पुष्टि गर्दछ । तथापि यसरी नियुक्त भएका शिक्षकहरूलाई नेपाल सरकार तथा प्रदेश सरकारका तर्फबाट पेसागत विकासका कार्यक्रममा सहभागी नगराइएको तथा यस प्रणालीबाट नियुक्त शिक्षकको कार्य सम्पादन मूल्याङ्कन समेत नहुने व्यवस्था भएका कारण शिक्षक सेवा आयोगबाट सिफारिस भइ नियुक्त भएका स्थायी शिक्षक भन्दा बाहेकका शिक्षकको पेसागत विकास र कार्य सम्पादन मूल्याङ्कनको सन्दर्भमा स्थानीय तहबाट उपयुक्त विधि निर्माण गर्न आवश्यक रहेको देखिन्छ । यसका अलवा गाउँपालिकाले आफ्नो भूगोल भित्र रहेका मेधावी प्रतिभालाई शिक्षक पेसामा आकर्षित गर्ने नीति निर्माण गर्न आवश्यक देखिन्छ । यस गाउँपालिकाले तयार गरेको **अस्थायी, करार, अनुदान, राहत शिक्षक तथा विद्यालय कर्मचारी अवकाश प्रोत्साहन कार्यविधि २०८१** लाई प्रभावकारी तवरले कार्यान्वयन गरनेछ ।

### ४.२.३ अवसर तथा चुनौतिहरु

माथि उल्लेख गरिएको राष्ट्रिय परिवेश, स्थानीय परिप्रेक्ष्यमा र प्रस्तुत तथ्याङ्कका आधारमा हेलम्बु गाउपालिका क्षेत्र भित्र शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा देहायबमोजिमका चुनौतिहरूको पहिचान गरिएका छन् ।

क) शिक्षण पेसामा उच्च शैक्षिक उपलब्धी भएका जनशक्तिलाई आकर्षण गर्नु,
ख) पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु
ग) शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापना गर्नु,
घ) शिक्षकको पेशागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्नु,
ङ) शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलव्धीसँग जोड्नु,
च) विद्यार्थी अनुपात र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्नु ।
छ) पालिका अनुदानमा माध्यमिक तहमा विषयगत अध्यापन अनुमती प्राप्त शिक्षकहरुको व्यवस्थापन गर्नु ।

### ४.२.४ उद्देश्य

उपयुक्त समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्य निर्धारण गरिएका छन्

क) विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
ख) विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
ग) शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
घ) सक्षम जनशक्तिलाई शिक्षक पेसामा आकर्षित गर्ने ।
ङ) शिक्षकको छनोट, नियुक्ति र पुनर्वितरण लाई सुदृढ बनाउने,
च) शिक्षकको पेसागत विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्ने,
छ) सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षक प्रबन्ध गर्ने
ज) सुपरिवेक्षण, शिक्षक तालिम लगायतक अन्य आवश्यक प्रणालीको व्यवस्था गरी शिक्षकलाई पेसाप्रति थप जवाफदेही बनाउने
झ) शिक्षकहरु पेशागत क्षमता अभिबुद्धीको लागि तालिमको व्यवस्था गर्नु ।
ञ) शिक्षकलाई पुरस्कृत गर्ने र दण्ड नीतिलाई व्यवस्थित गर्ने ।
ट) विद्यालयहरुमा खेलकुद गतिविधिहरु, शिक्षण प्रशिक्षणका लागि कराँते, क्रिकेट, उसु, तेक्वान्दो, भलिबल, फुटबल लगायतको गाउँपालिकाबाट प्रशिक्षक नियुक्ति गरी हेलम्बुलाई खेलकुद हवको रुपमा विकास गर्नु।
ठ) प्रधानाध्यापकको कार्यसम्पादनलाई प्रभावकारी बनाउनु।

माथि उल्लेखित उद्देश्यहरू पूरा गर्न निम्नानुसारका रणनीतिहरू तय गरिएका छन ।

क) विद्यार्थी संख्यासँग अनुपात मिलाएर तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र आवश्यक अनुसार पुनर्वितरण गर्ने
ख) रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षक व्यवस्थापन गर्ने
ग) दक्ष र तालिमप्राप्त शिक्षकको आपूर्ति सुनिश्चित गर्ने र नियुक्ति प्रक्रिया पारदर्शी बनाउने
घ) शिक्षकहरूको नियमित पेशागत विकासका लागि तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण र मेन्टरिङको व्यवस्था गर्ने
ङ) शिक्षकलाई ICT उपकरण, स्मार्ट बोर्ड र डिजिटल शिक्षण विधि प्रयोगमा प्रशिक्षित गर्ने
च) शिक्षक पेसागत सहयोग प्रणालीमार्फत विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग उपलब्ध गराउने

छ) शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र मूल्याङ्कनसँग जोडेर वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने

ज) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकलाई पुरस्कार र प्रोत्साहन कार्यक्रममार्फत प्रेरित गर्ने

झ) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने

ञ) प्रधानाध्यापकलाई नेतृत्व, विद्यालय व्यवस्थापन, लेखा तथा संसाधन व्यवस्थापनमा तालिम प्रदान गर्ने

ट) शिक्षक तथा प्रधानाध्यापकको पेशागत विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने

ठ) नियुक्ति र पदस्थापन प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यूनिकरण गरी योग्यता र अनुभव आधारित निर्णय सुनिश्चित गर्ने

ड) कार्ययोजना, शैक्षिक योग्यता र अनुभवको आधारमा प्रधानाध्यापकको छनौट गर्ने

ढ) नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउने

ण) शिक्षकले कक्षा काठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापक जिम्मेवार हुने

त) शिक्षक व्यवस्थापन र विकासको प्रभावकारितालाई समय-समयमा अनुगमन गरी सुधारात्मक कदम चाल्ने

थ) शिक्षक सेवा आयोगबाट छनौट भइ आएका शिक्षकहरू भन्दा बाहेकका शिक्षकहरूको छनौट तथा नियुक्ति प्रकृयालाई व्यवस्थित, पारदर्शी तथा गुणतन्त्रमा आधारित बनाइने छ ।साथै यसरी नियुक्त गरीने शिक्षक पदमा उच्च शैक्षिक योग्यता भएका जनशक्तिलाई प्राथमिकता दिने गरी व्यवस्थित गरिनेछ ।

द) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगतरूपमा शिक्षक दरवन्दी मिलान तथा पुनरवितरण प्रकृया निरन्तर रूपमा गरिनेछ ।

ध) शिक्षा तालिम केन्द्रबाट तालिम प्रदान नगरीने शिक्षकहरूलाई गाउँपालिकाको तर्फबाट तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ । सबै प्रकारका शिक्षकलाई सूचना प्रवधी सम्बन्धी तालिम प्रदान गरी सञ्जालिकरण गरीने छ ।

न) स्थानीय रूपमा शिक्षकहरूको सञ्जाल निर्माण गरी अनुभवको आदान प्रदान गर्ने व्यवस्था मिलाईने छ । यस प्रकृयामा प्रविधीको प्रयोगलाई जोड दिइनेछ ।

ऩ) शिक्षकको कार्य सम्पादनमा सुधारमा ल्याई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न उत्कृष्ट शिक्षकलाई पालिका स्तरको पुरस्कारको व्यवस्था गरिनेछ ।शिक्षकलाई क्रियात्मक अनुसन्धान प्रकृयाबाट विद्यार्थीको सिकाई उपलब्धी वृद्धि गर्न प्रेरित गरिनेछ ।

प) अस्थायी, करार, राहत अनुदान तथा उच्च माध्यमिक तहमा कार्यरत शिक्षकले समेत अनिवार्यरूपमा पालिका समक्ष आफूले सम्पादन गरेका कार्यहरूको मूल्याङ्न गर्न फाराम भरी पेस गर्नुपर्ने व्यवस्था गरिनेछ ।

फ) शिक्षक पेशागत सहयोगका लागि विषयगत शिक्षकहरुको समुह तयार गर्ने तथा निममित बैठक गरी सिकाइ साटासाटको वातावरण सिर्जना गरिनेछ ।

ब) शिक्षक तथा प्रधानाध्यापकहरुका लागि आवश्यक प्रोत्साहन रकमको व्यवस्थापन गरी शैक्षिक गुणस्तर र सिकाइ उपलब्धीमा वृद्धि गरिनेछ।

भ) विद्यालयहरुमा खेलकुद गतिविधिहरु, शिक्षण प्रशिक्षणका लागि कराँते, क्रिकेट, उसु, तेक्वान्दो, भलिबल, फुटबल लगायतको गाउँपालिकाबाट प्रशिक्षक नियुक्ति गरी हेलम्बुलाई खेलकुद हवको रुपमा विकास गरिनेछ।

म) प्रधानाध्यापकको कार्यसम्पादनलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट थप प्रोत्साहन रकम उपलब्ध गराउनेछ।

### ४.२.६. उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धी

विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ। यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाई सुधार हुनेछ । शिक्षक तथा प्रधानाध्यापकहरुका लागि आवश्यक प्रोत्साहन रकमको व्यवस्थापन गरी शैक्षिक गुणस्तर र सिकाइ उपलब्धीमा वृद्धि हुनेछ।

**नतिजा**

क) स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रकृया स्वच्छ र पारदर्शी हुने
ख) विद्यार्थी संख्याको आाधारमा शिक्षक वितरण हुने,
ग) शिक्षक पेसा जिम्मेवार र मर्यादित पेसाका रूपमा रुपान्तरण हुने,
घ) शिक्षक सहायत प्रणाली व्यवस्थित हुने,
ङ) शिक्षकको पेसागत विकासमा स्थानीय तहको सहयोग हुने,
च) शिक्षकहरू सुचना तथा सञ्चार प्रविधी प्रति अभ्यस्त हुने र सो को प्रयोग शिक्षण सिकाई प्रकृयामा समेत हुने,
छ) शिक्षक सञ्जालको निर्माण भई अनुभवको आदान प्रदान हुने ।
ज) शिक्षक तथा प्रधानाध्यापकहरुका लागि आवश्यक प्रोत्साहन रकमको व्यवस्थापन गरी शैक्षिक गुणस्तर र सिकाइ उपलब्धीमा वृद्धि हुने।
झ) विद्यालयहरुमा खेलकुद गतिविधिहरु, शिक्षण प्रशिक्षणका लागि कराँते, क्रिकेट, उसु, तेक्वान्दो, भलिबल, फुटबल लगायतको गाउँपालिकाबाट प्रशिक्षक नियुक्ति गरी हेलम्बुलाई खेलकुद हवको रुपमा विकास भएको हुने।
ञ) प्रधानाध्यापकको कार्यसम्पादनलाई प्रभावकारी भएको हुने।

### ४.२.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | क्रियाकलाप | ईकाई | भौतिक लक्ष्य (वर्ष ५) | | | | | **भौतिक लक्ष्य ५ वर्ष** | भौतिक लक्ष्य वर्ष १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षकको पेशागत तालिम सन्चालन गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | असल कामको अभ्यास तथा अवलोकलन गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | शिक्षकलाई प्रोत्साहन पुरस्कार कार्यक्रम सन्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | विषयगत शिक्षक विच छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | शिक्षक दरवन्दी मिलान तथा पुनरवितरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | शिक्षक पेशागत सहयोगका लागि इ सन्जाल बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

शैक्षिक समता र समावेशीकरणले शिक्षा प्रणालीमा समान अवसर र सबैको सहभागिता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ । शैक्षिक समता समाजका सबै वर्ग, लिङ्ग, जाति, र आर्थिक अवस्थाका व्यक्तिहरूलाई शिक्षा प्राप्त गर्न समान अवसर प्रदान गर्नु हो । यसले सबैलाई शिक्षा प्राप्तिको हक प्रदान गर्दै न्यायोचित समाज निर्माणमा योगदान पुऱ्याउँछ । समावेशीकरण भनेको शैक्षिक प्रणालीमा सबै विद्यार्थीहरूको सक्रिय सहभागिता र तिनीहरूको आवश्यकता र क्षमतालाई ध्यानमा राखेर शिक्षा प्रणालीको विकास गर्न हो र यसले बालबालिकाहरूको शारीरिक, मानसिक, आर्थिक, र सामाजिक विविधतालाई सम्मान गर्दै सबैलाई समान रूपमा शिक्षा प्रदान गर्ने प्रयास गर्दछ ।

शैक्षिक समता र समावेशीकरणले विद्यार्थीहरूको क्षमता विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ र उनीहरूको सामाजिक र आर्थिक विकासको मार्ग प्रशस्त गर्छ । यसले समाजमा असमानता, विभेद, र अन्यायको अन्त्य गर्न मद्दत गर्छ । समावेशी शिक्षा प्रणालीले सबै बालबालिका, विशेष गरी गरीब, र ग्रामीण क्षेत्रका बालबालिकालाई समान अवसर प्रदान गर्दै उनीहरूको पूर्ण विकासमा सहयोग पुऱ्याउँछ ।

यसरी, शैक्षिक समता र समावेशीकरणले न केवल व्यक्तिको जीवन सुधार्छ, तर समग्र समाजको आर्थिक, सामाजिक, र सांस्कृतिक विकासमा पनि महत्वपूर्ण भूमिका खेल्छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागराकको मौलिक हकको रुपमा लिदै आधाभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने र अपाङ्गता भएका एवम् आर्थिक रुपले विपन्न नागरीकले कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वरा नि:शुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र निति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालिकबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको छ । तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नु पर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकासको लक्ष्य ४ ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छ । उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित नि:शुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवसीय तथा गैर आवसीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेशी व्यवस्था, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक धार्मिक जातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।

लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहका जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पर्यायाउनु, सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच पुर्याउन, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रुपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाई राख्नु, विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्नु, विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता सहित बालमैत्री बनाउनु जस्ता कार्यहरू अवसर चुनौति दुबै छन ।

शैक्षिक समता र समावेशीकरणका दृष्टिले विश्लेषण गर्दा यस गाउँपालिकाका बालबालिकाहरूको अवस्था सकारात्मक नै छ । तर पनि हालसम्म यहाँका विद्यालयहरूमा स्रोतकक्षाको व्यवस्था गर्न सकिएको छैन । त्यसैगरी आर्थिक विपन्नता र अपाङ्गताका कारणले कति बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् एकिन गर्न सकिएको छैन ।

### ४.३.३ उद्देश्य

शैक्षिक समता र समावेशीकरण विषय क्षेत्रअन्तरगत देहायका उद्देश्य रहेका छन् :

क) शिक्षा तथा सामाजिक सेवामा सबै बालबालिका र समुदायको समान पहुँच सुनिश्चित गर्दै विशेषगरी वञ्चित, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता वृद्धि गर्नु

ख) जात, लिङ्ग, भाषा, आर्थिक अवस्था, अपाङ्गता तथा भौगोलिक अवस्थाका कारण हुने विभेदलाई न्यूनीकरण गर्दै समावेशी, सुरक्षित र समान अवसरयुक्त वातावरण निर्माण गर्नु

ग) जोखिममा रहेका, विपन्न वर्ग, अपाङ्गता भएका, द्वन्द्वबाट प्रभावित, जनजाति, दलित, महिला, र आर्थिक रूपमा कमजोर वर्गलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु ।

घ) समता र समावेशीकरणका सिद्धान्तअनुसार गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासनमा सुधार गर्नु ।

ङ) लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धिमा वृद्धि गर्दै शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

च) विद्यालयमा कुनै प्रकारको विभेद, दुर्व्यवहार मुक्त वातावरण सुनिश्चित गर्नु ।

छ) स्थानीय विषय हाम्रो हेलम्बु/सम्भोटा शिक्षा/संस्कृत शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्नु।

ज) अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा (School at Home) सञ्चालन तथा व्यवस्थापन प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्नु ।

**४.३.४ रणनीतिहरू**

उल्लिखित उद्देश्य प्राप्त गर्न देहायका रणनीतिहरू अबलम्बन गरिने छ :

क) विद्यालयमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न शिक्षक, विद्यार्थी तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई नियमित अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

क) विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त गतिविधिहरूमा बालबालिकाको समावेशी तथा समान सहभागिता सुनिश्चित गर्ने

ख) विद्यालयमा विशेषगरी छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि ‘जेन्डर फोकल पर्सन’ वा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने

ग) प्रत्येक विद्यालयमा गुनासो पेटिका राखी विद्यार्थी तथा सरोकारवालाहरूका गुनासो सङ्कलन र समाधानको व्यवस्था गर्ने

घ) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरू (शौचालय, र्याम्प, सुरक्षित कक्षा कोठा आदि) निर्माण तथा सुधार गर्ने

ङ) घरधुरी सर्वेक्षणमार्फत बालबालिकासम्बन्धी आवश्यक विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजना तथा कार्यक्रम सञ्चालन गर्ने

च) साधारण विद्यालयमा भर्ना भएर अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाका लागि स्रोत कक्षा वा आवश्यक सहयोगी सेवा उपलब्ध गराउने

छ) समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

ज) विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

झ) विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

ञ) विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गता मैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गर्ने ।

ट) अपाङ्गता भएका र अन्य लक्षित समूहका बालबालिकाकालागि समतामूलक कार्यक्रम मार्फत् पहुँचको सुनिश्चितता गर्ने ।

ठ) दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने ।

ड) कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

ढ) भाषाका कारणले सिकाइमा समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गरी सिकाइमा सुधार गर्ने ।

ण) चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकालाई आवश्कताअनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने ।

त) आवश्यकताअनुसार केही विद्यालयमा स्रोतकक्षाको व्यवस्था गर्ने ।

थ) विद्यालयमा बालमैत्रीपन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने ।

द) स्थानीय विषय हाम्रो हेलम्बु/सम्भोटा शिक्षा/संस्कृत शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने ।

ध) अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा (School at Home) सञ्चालन तथा व्यवस्थापन प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने ।

न) **स्थानीय सरकार हेलम्बु गाउँपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन नीति २०८१** को प्रभावकारी कार्यान्वयन गर्ने ।

ञ) दलित विद्यार्थीलाई कक्षा १ मा भर्ना भएपछि उक्त विद्यार्थीको नाममा बैंकमा खाता खोली एक लाख रुपैयाँ जम्मा गरी निज विद्यार्थी स्नातक तह उत्तीर्ण भएपछि उक्त रकम निजलाई हस्तान्तरण गर्ने र बिचैमा छाडेमा गाउँपालिकामा फिर्ता गर्ने नीति तथा कार्यक्रम बनाउने।

### ४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ। लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चति भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

#### नतिजा

क) गाउँपालिकाभित्रका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, द्वन्द्व प्रभावित, सिमान्तकृत बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित हुनेछ ।

ख) विद्यालयहरूमा बालमैत्रीपनमा सुधार हुनेछ ।

ग) विद्यालयहरूमा अपाङ्गता र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने छ ।

घ) लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने।

ङ) विद्यालयमा सबै प्रकारका भेदभाव रहित बालमैत्री अपाङ्गमैत्री र लैङ्गिक मैत्री शैक्षिक वातावरण सिर्जना हुने।

च) किशोरीशिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।

छ) मातृभाषामा सिकाइको अवसरप्रदान गरिने ।

ज) स्थानीय विषय हाम्रो हेलम्बु/सम्भोटा शिक्षा/संस्कृत शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिने।

झ) अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा (School at Home) सञ्चालन तथा व्यवस्थापन प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिने।

ञ) **स्थानीय सरकार हेलम्बु गाउँपालिका बाल अधिकार संरक्षण तथा सम्वर्द्धन नीति २०८१** को प्रभावकारी कार्यान्वयन गरिने।

#### प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

समावेशी तथा समताका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य तलको तालिकामा उल्लेख गरिएको छ :

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पालिकाको भित्रको अवस्था र आवश्यकता पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय बाहिररहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ४ | आवासीय विद्यालय मार्फत् छात्रवृत्ति | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गता मैत्री र लैङ्गिक मैत्री भौतिक संरचना निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | |
| ६ | आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास तालिम | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | |
| ९ | अपाङ्गता भएका बालबालिकाका लागि गृह शिक्षा | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (School at Home) सञ्चालन तथा व्यवस्थापन | | | | | | | | |

## ४.४ दिवा खाजासहित विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालका विद्यालयहरूमा सञ्चालित दिवा खाजा कार्यक्रम (Mid-Day Meal Program) बालबालिकाहरूको पोषण, स्वास्थ्य, र शिक्षा सुधार्न सरकारी तथा गैरसरकारी पहल हो । यस कार्यक्रमले विद्यालय जाने बालबालिकाहरूलाई पौष्टिक खाना प्रदान गरेर उनीहरूको शारीरिक र मानसिक विकासमा सहयोग पुऱ्याउँछ । यो कार्यक्रम विशेष गरी गरी बी तथा विपन्नतामा रहेका बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि गर्ने, कक्षामा ध्यान दिन र सिकाइ परिणाम सुधार्न सहयोगी साबित भएको छ । दिवा खाजा कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, र स्थानीय सरकारको सक्रिय सहभागिता रहन्छ । यस पहलले बालबालिकाहरूको विद्यालय उपस्थितिमा वृद्धि, पोषण सुधार, र सिकाइमा सकारात्मक प्रभाव पार्दै आएको छ । दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम विद्यार्थीहरूको शारीरिक, मानसिक, र शैक्षिक विकासलाई प्रोत्साहित गर्नका लागि संचालित महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय उमेरका बालबालिकाहरूलाई नियमित स्वास्थ्य जाँच, पौष्टिक खाना तथा स्वच्छता सम्बन्धी शिक्षा प्रदान गरेर उनीहरूको स्वास्थ्य सुधार्न मद्धत गर्दछ । यस कार्यक्रम अन्तर्गत बालबालिकाहरूलाई आवश्यक पोषक तत्वहरू समावेश गरिएको खाना दिइन्छ, जसले कुपोषण घटाउन र उनीहरूको सिकाइ क्षमतालाई सहयोग पुग्दछ । विद्यालयहरूमा स्वच्छता सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरेर विद्यार्थीहरूलाई व्यक्तिगत सरसफाइ र स्वच्छताको महत्त्व बुझाउने प्रयास गरिन्छ । यसरी, दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमले बालबालिकाहरूको स्वस्थ र सशक्त भविष्य निर्माणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ ।

### ४.४.२ वर्तमान अवस्था

गाउँपालिकामा नेपाल सरकारबाट विद्यालय दिवा खाजा कार्यक्रम आ.व. २०७६-७७ मा लागु गरेपछि ३२ ओटा सामुदायिक विद्यालयका पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई विद्यालय मार्फत् दिवा खाजा खुवाउने कार्यक्रम शुरु गरिएको थियो ।बालबालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाइस्तर अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ विभिन्न ढाँचाका दिवा खाजा कार्यक्रम आधारभूत तहमा विगत केही दशक देखि कार्यान्वयनमा रहेको छ । "स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि ५ कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरी रहेको छ ।

जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनिय सहभागिता भएको थियो तथा समुदायको पनि सक्रिय सहभागिता रहेको थियो । साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्बन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरी स्थानीय स्तरमा उपलब्ध हुने ताजा तथा पौष्टिकयुत्त खानेकुरालाई स्वच्छतापूर्ण तरिकाले व्यवस्थापन गर्ने प्रयास गरिएको छ । आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम विद्यालय मार्फत् एक जना फोकल पर्सन तोकि दुई दिनको अनुशिक्षण दिएर सामग्री सहित वितरण गरिएको छ तथा विद्यालयमा नआउने विद्यार्थीको फोलिक एसिड तथा आइरन चक्की नछुटोस् भन्ने अभिप्रायले स्थानीय स्वयम् सेवकलाई उक्त कार्यमा परिचालन गरिएको छ । हेलम्बु गाउँपालिकामा ६-१२ सम्मका सबै विद्यार्थीहरुलाई स्थानीय तहबाट बजेट विनियोजन गरी दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ ।

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्नेभएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा अधारित स्वास्थ्य तथा पोषण कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु निकै प्रभावकारी तरिका देखिएको छ । विद्यालयमा खाजा कार्यक्रम अन्तर्गत स्थानीय खाजालाई लागु गरिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि विभिन्न किसिमका स्वास्थ्य ।शिक्षा प्रदान गर्नुका साथै सबै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणको अवस्था सुधार गर्ने उद्देश्य तथा रणनीतिअनुरुप वार्षिक स्वास्थ्य परीक्षण अर्द्धवार्षिकरुपमा जुकाको औषधि कशोरीका लागि फोलिक एसिड तथा अइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट हुने गर्दछ ।

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमासकारात्मक प्रभाव पर्ने स्पष्ट छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथास्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पार्दछ । खास गरी विद्यालय क्षेत्रमा सबै विद्यार्थीहरुका लागि स्वच्छ पिउने पानी र

विद्यार्थी सङख्याको आधारमा अलगअलग सफा र सुरक्षित स्थानमा बालमैत्री, अपाङ्गमैत्री, लैङिगक मैत्री, शौचालय हुन आवश्यक छ ।

### ४.४.३ अवसर तथ चुनौतीहरुः

दिवाखाजा तथा स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समिक्ष गर्दा निम्न लिखित चुनौतीहरु पहिचान गरीयो

- क) दिवा खाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताकालागि मितब्ययी प्रभावकारी दिगोपना पर्याप्त सँरचनागत व्यवस्थापनका लागि गाउँपालिका स्वास्थ्य कार्यालय विद्यालय सँग कार्यविधि हुनु पर्ने
- ख) सँघीय कानून तथा गाउँपालिकाको कार्यविधि अनुसार विद्यालयमा दक्ष स्वास्थ्य प्राविधिकि व्यवस्थापन गर्नु
- ग) दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताकामलागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चित गर्नु
- घ) विद्यालय खाजाका लागि उपयुक्त स्वरुप तथा स्थानीय पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्नु
- ङ) दिवाखाजाका लागि प्राविधिक क्षमता विकास गर्नु
- च) विद्यालय खाजालाई स्थानीय कृषि तथा ब्यपारलाई जोडनु
- छ) कार्यक्रमलाई प्रभावकारी अनुगमन र समयबद्ध मूल्याडकन पदति विकास गर्नु
- ज) विद्यालय खाजा कार्यक्रमलाई सबै विद्यार्थीहरुले पानउनेगरी कानूनी तथा वजेट व्यवस्थापन गर्नु
- झ) विद्यालय खाजा विद्यालय सस्थ्य, पोषण तथा सफाइ स्वच्छता सम्बन्धि नीतिगत तथा कार्यक्रम समन्वयात्मक कार्यलाई ब्यबीस्थत बनाउनु
- ञ) विद्यालय खाजा तथा अन्य विषयहरुलाई एकीकृतरुपमा सम्बन्धित गराउनु
- ट) विद्यालय स्वास्थ्य तथा बाताबरणीय लैडिग स्वच्छता अपाडगता तथा समय सापेक्षतामा परिवर्तन तथा थप विकास गरी कार्यान्वयन गर्नु
- ठ) सरसफाइ तथा स्वच्छताकालागि आबश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नु

### ४.४.४ उद्देश्यहरु

- क) बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
- ख) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर बृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाई उपलब्धीमा सुधार गर्नु
- ग) प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- घ) विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधारगरी व्यवहारमा परिवर्तन गर्नु ।
- ङ) अभिभावक तथा अन्य सरोकारवालाहरूको समन्वय तथासहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.५ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछः

- क) सबै सामुदायिक र संस्थागत विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्म पोषिलो र ताजा दिवाखाजा उपलब्ध गराउने।
- ख) विद्यालय भान्सा, भण्डार, भान्सामा प्रयोग हुने भाँडावर्तन र सामाग्री सुधार्ने, समूहमा हात धुने सुविधा विस्तार गर्ने।
- ग) पर्याप्त पानी, साबुन, सफाइ सामाग्री, अलग–अलग शौचालय र युरिनल, किशोरीका लागि चेन्ज रुम, कक्षा र परिसर सरसफाइ सुनिश्चित गर्ने।
- घ) प्राथमिक उपचार किट वितरण, बालबालिकाको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व वितरण नियमित गर्ने।
- ङ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि सेनिटरी प्याड वितरण प्रभावकारी बनाउने।
- च) विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य, स्वच्छता र महिनावारी व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- छ) अपाङ्गता भएका, वञ्चित र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई लक्षित गरी कार्यक्रम पहुँच सुनिश्चित गर्ने।

ज) शिक्षक र कर्मचारीलाई तालिम दिई क्षमता विकास गर्ने।
झ) अभिभावक र समुदायलाई अनुगमन, सुधार र मूल्याङ्कनमा सक्रिय सहभागी बनाउने।
ञ) स्वास्थ्य, पोषण, सरसफाइ र किशोरी स्वच्छता कार्यक्रमलाई स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने।
ट) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र पुनरावलोकन गर्दै प्रभावकारिता सुनिश्चित गर्ने।
ठ) शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने।
ड) बालबालिकाको लागि विद्यालयमा नै स्थानीय स्तरमा उत्पादित सफातजा र पोषिलो खाजा तयार गरी वितरण गरिने छ ।
ढ) भान्सा तथा भण्डार व्यवस्थापनमा प्रयोग हुने सामग्री आदिको स्वच्छता सम्बन्धी परामर्श तथा बालबालिकामा समूहमा हात धुने बानी विस्तार गरिनेछ ।
ण) सबै विद्यालयमा समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
त) अभिभावक आमा समूह मार्फत् सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
थ) सरसफाइका आवश्यक पूर्वाधारहरुको पूर्ण विकास भएको हुने ।
द) स्थानीय उत्पादनमा आधारित चक्रीय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने।
ध) सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।
न) सबै विद्यालयहरुमा विद्यालयमा नै खाजा बनाउन सक्ने पुर्वाधार निर्माण गर्न ।
ऩ) विद्यालयमा नै दिवा खाजाको लागि आवश्यक तरकारी उत्पादन गर्न प्रोत्साहन गर्ने
प) विद्यालयहरुमा किचन गार्डेनको प्रभावकारी व्यवस्थापन गर्ने।
फ) सहकारी सस्था वा आमा समूह वा बालक्वल वा अन्य व्यक्ति वा निकायलाई दिवा खाजाको प्रभावकारी व्यवस्थापन गराउन आवश्यक जिम्मेवारी दिने।

### ४.४.६ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप, तथा लक्ष्य

#### उपलब्धि

क) विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा समतामूलक पहुँच तथा सहभागिता भएको हुनेछ।
ख) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार,
ग) मनोसामाजिक सुधार साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।
घ) विद्यालयहरुमा किचन गार्डेनको प्रभावकारी व्यवस्थापन भई दिवा खाजाका लागि आवश्यक तरकारीको व्यवस्थापन भएको हुने।
ङ) सहकारी सस्था वा आमा समूह वा बालक्वल वा अन्य व्यक्ति वा निकायलाई दिवा खाजाको प्रभावकारी व्यवस्थापन गराउन आवश्यक जिम्मेवारी दिएको हुने।

#### प्रमुख नतिजाहरु

क) खाजा व्यवस्थापन समिति सकृय भई नियमित रुपमा मध्यान्हमा विद्यार्थीहरूले खाजा खाएको हुनेछ ।
ख) आधारभूत तहसम्मका बालबालिकाले स्थानीय उत्पादनमा आधारित स्वस्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुनेछ ।
ग) विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिकरूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए र आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुनेछ ।
घ) सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन भएको हुने।
ङ) सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
च) स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
छ) प्रत्येक विद्यालयहरुमा सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।

ज) स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने।

झ) विद्यालयहरुमा किचन गार्डेनको प्रभावकारी व्यवस्थापन भई दिवा खाजाका लागि आवश्यक तरकारीको व्यवस्थापन भएको हुने।

ञ) सहकारी सस्था वा आमा समूह वा बाल क्वल वा अन्य व्यक्ति वा निकायलाई दिवा खाजाको प्रभावकारी व्यवस्थापन गराउन आवश्यक जिम्मेवारी दिएको हुने।

### ४.४.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय कृषि सहकारी, किसान तथा अन्य स्रोतहरूसँग साझेदारी | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| २ | स्थानीय स्तरका मौसमी उत्पादनहरूको पहिचान तथा साप्ताहिक स्थानीय रेसिपी तयार | संख्या | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ३ | विद्यार्थीहरू र अभिभावकहरूलाई पोषण र स्वस्थ खाजा सम्बन्धी शिक्षा | संख्या | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ५ | परम्परागत खाना र पोषण बुकलेट तयार तथा कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ६ | एक विद्यालय एक किचन गार्डन स्थापना | निरन्तर | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | गाउँपालिका |
| ७ | खाजा व्यवस्थापन समिति गठन तथा अभिमुखीकरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ८ | अभिभावकको सहयोगमा विद्यालय दिवा खजा कार्यक्रमको लागि टिफिन वक्स वितरण (कक्षा ६-८) | संख्या | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| ९ | विद्यालायमा हात धुनका लागि पानी र साबुनको व्यवस्था | | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| १० | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षा | | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |

## ४.५ विद्यालय सुरक्षा, बिपत जोखिम न्यूनिकरण तथा उत्थानशिलता, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम्क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न

विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन् । नेपाल सरकार युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपबाट उत्पन्न आपतकालीन तथा संकटकालीन अवस्थामा बालबालिकाको शिक्षाको अधिकारको रक्षा गर्न प्रतिबद्ध छ । आपतकालीन र संकटको अवस्थामा शिक्षाको मुख्य उद्देश्य बालबालिका, व्यक्ति, परिवार र समुदायको जीवन रक्षा गर्नु, प्रकोपबाट हुने संकटको समाधान गर्ने, बालबालिकालाई सामाजिक द्वन्द्व, हिंसा र दुर्व्यवहारबाट जोगाउन र शिक्षा क्षेत्रलाई सक्रिय राख्न सक्षम बनाउने कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने रहेको छ । विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना मा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

विद्यालयहरू बालबालिकाको सुरक्षा र समग्र विकासका लागि पहिलो प्राथमिकता हो। हेलम्बु गाउँपालिका जस्तो पहाडी र भूकम्प तथा भूस्खलनको उच्च जोखिम भएको भूभागमा, विद्यालय सुरक्षा केवल भवनको संरचना मात्र नभई विद्यालय संचालन, शिक्षक तयारी, विद्यार्थी जागरुकता, आपतकालीन योजना, र स्थानीय समुदाय सहभागिता सहित सुनिश्चित गर्न आवश्यक छ । शिक्षा संस्थाहरूले प्राकृतिक विपद् (भूकम्प, बाढी, पहिरो, चिसो/हिउँका कारण अवरोध) तथा मानव निर्मित जोखिम (आगजनी, संरचनागत कमजोरी) दुवैलाई मध्यनजर राखेर तयारी गर्नुपर्छ। यसरी तयार पारिएको School Safety Plan ले आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, शिक्षकको क्षमता, र विद्यालय सञ्चालनमा न्यूनतम अवरोध सुनिश्चित गर्दछ ।

**सुरक्षा र जोखिम न्यूनीकरणका मुख्य अङ्गहरू:**

1. **भौतिक सुरक्षा:**
   - भवनको संरचना सुरक्षित, भूकम्प प्रतिरोधी, WASH सुविधा र आपतकालीन निकास सुनिश्चित।
   - खेलकुद मैदान, पुस्तकालय, प्रयोगशाला र ICT कक्षा सुरक्षित।
2. **आपतकालीन तयारी**:
   - Evacuation Plan: प्रत्येक विद्यालयमा स्पष्ट मार्गदर्शन, अभ्यास र तालिम।
   - Emergency Kit: प्राथमिक उपचार, आपतकालीन संचार उपकरण, खानेपानी।
   - शिक्षक र विद्यार्थीहरूलाई नियमित तालिम र अभ्यास।
3. **समुदाय सहभागिता**:
   - अभिभावक, SMC र स्थानीय सरकारसँग मिलेर आपतकालीन योजना निर्माण।
   - गाउँ स्तरमा Disaster Risk Reduction (DRR) Committees गठन।
4. **उद्यमशीलता र जीवनोपयोगी सीप**:
   - आपतकालीन अवस्थामा सीप आधारित गतिविधि (जस्तै स्थानीय उत्पादन, राहत सामग्री व्यवस्थापन) सञ्चालन।
   - बालबालिकामा समस्या समाधान, नेतृत्व र समूह व्यवस्थापनका सीप विकास।
5. **संकटपूर्ण/आपतकालीन अवस्थामा शिक्षा निरन्तरता**:
   - विद्यालय भवन क्षतिग्रस्त भएमा Alternative Learning Spaces: Community halls, temporary shelters।
   - ICT/Online/Radio-based शिक्षा माध्यमको प्रयोग।
   - जोखिम बालबालिकाको पहुँच सुनिश्चित गर्दै पढाइ निरन्तरता।

**महत्त्व**

- विद्यालयमा सुरक्षा र आपतकालीन तयारीले केवल जीवन रक्षा गर्दैन, सिकाइ गुणस्तर कायम राख्ने वातावरण पनि सुनिश्चित गर्दछ।
- उद्यमशीलता र आपतकालीन क्षमता विकासले बालबालिकालाई स्वतन्त्र, जिम्मेवार र सामाजिक रूपमा संवेदनशील नागरिक बनाउँछ।
- SESP र स्थानीय नीति अनुसार समावेशीता, बालमैत्री र दिगोपन सुनिश्चित गर्न मद्दत गर्छ।

हेलम्बु गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण र उद्यमशीलता कार्यक्रमले सुरक्षित, व्यवस्थित र आपतकालीन तयारी भएको शिक्षा वातावरण सिर्जना गर्ने लक्ष्य राखेको छ। यसले दस वर्षे शिक्षा योजनाको मुख्य आधार तयार पार्दछ र अन्य उपक्षेत्र (ICT, TVET, जीवनोपयोगी शिक्षा, बालविकास) सँग समन्वय गर्न मद्दत गर्छ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाइ वातावरणको लागि भौतिक र मानवीय प्रतिक्रिया व्यवस्थापन र कार्यान्वयन मापदण्डहरूको विकास गर्न आह्वान गर्दछ । विद्यालय सुधार योजनामा विपद् तयारी, प्रतिक्रिया र विपद जोखिम घटाउने र पुनर्लाभक कार्यक्रमहरू समावेश गर्ने प्राबधान हरु समेटिएका छन् । सरोकारवालाहरूलाई विपद् व्यवस्थापनको सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरेर विद्यालयहरूलाई बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसामुक्त र भयमुक्त सिकाइ केन्द्रका रूपमा विकास गर्नु पर्ने विषयलाई उठान गरिएको छ .

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत् विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ । विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन्। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ ।

### ४.५.३ अवसर र चुनौतीहरू -

**१. अवसरहरू (Opportunities)**

हेलम्बु गाउँपालिकामा विद्यालय सुरक्षा र आपतकालीन शिक्षा सुधारका निम्न अवसरहरू छन्:

१. **सरकारी नीतिहरू र कार्यक्रम:**
   - **Local Education Policy & SESP** अन्तर्गत विद्यालय सुरक्षा र DRR कार्यक्रमलाई प्राथमिकता।
   - **Disaster Risk Reduction Guidelines** र **Child-Friendly School Policies** लागू गर्न सहज।

२. **स्थानीय सरकारको सहभागिता:**
   - LG (गाउँपालिका) ले बजेट विनियोजन र व्यवस्थापन गर्न सक्षम।
   - स्थानीय सरकारको **प्रभावकारी नीति कार्यान्वयन**ले सुरक्षा कार्यक्रम दिगो बनाउन सकिन्छ।

३. **समुदाय र अभिभावक समर्थन:**
   - गाउँको सुदृढ समुदाय र SMC सदस्यहरूको सक्रिय सहभागिता।
   - अभिभावक जागरुकता कार्यक्रम मार्फत बालबालिकाको सुरक्षा सुनिश्चित गर्न सकिन्छ।

४. **NGO/INGO र अन्तर्राष्ट्रिय सहयोग:**
   - DRR, आपतकालीन शिक्षा, सुरक्षित भवन निर्माणमा सहयोग।
   - ICT/Online शिक्षा र Capacity Building मा विशेषज्ञ सहायता।

५. **ICT र डिजिटल शिक्षा:**
   - आपतकालीन अवस्थामा Remote/Online/Radio Education सञ्चालन।
   - बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित।

६. **उद्यमशीलता र जीवनोपयोगी क्षमता विकास:**
   - जोखिम व्यवस्थापन, नेतृत्व र समूह कार्य तालिम मार्फत बालबालिकामा आत्मनिर्भरता विकास।
   - आपतकालीन समयमा स्थानीय उत्पादन र राहत व्यवस्थापनमा संलग्न।

७. **भौगोलिक विशेषता:**

  - पहाडी भूभाग भएकाले **संकट व्यवस्थापन अभ्यास, DRR तालिम र उद्यमशीलता अभ्यास** प्रभावकारी।
  - Alternative Learning Space (Community Hall, Open Area) सजिलै सञ्चालन गर्न सकिन्छ।

८. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ।

९. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु ।

१०. संकटको क्षेत्र पहिचान गर्नु ।

११. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु ।

१२. योजना निर्माणको प्रक्रिया र सहभागिता ।

**२. चुनौतीहरू (Challenges)**

विद्यालय सुरक्षा, जोखिम न्यूनीकरण र आपतकालीन शिक्षामा सामना गर्नुपर्ने मुख्य चुनौतीहरू:

१. **भौगोलिक जोखिम:**
  - पहाडी भूभाग, भूस्खलन, भारी वर्षा, भूकम्प उच्च जोखिम।
  - दुर्गम क्षेत्रका विद्यालयमा निर्माण र आपतकालीन अभ्यास कठिन।

२. **स्रोत र पूर्वाधार अभाव:**
  - पुराना विद्यालय भवन, अपर्याप्त ICT, पुस्तकालय र खेलकुद सामग्री।
  - Emergency Kit र Alternative Learning Space धेरै विद्यालयमा सीमित।

३. **मानव स्रोत चुनौती:**
  - शिक्षकहरूको DRR/First Aid तालिम कम।
  - समुदाय र SMC सदस्यमा आपतकालीन तयारी र सुरक्षा ज्ञान सीमित।

४. **संकट/आपतकालीन शिक्षा पहुँच:**
  - क्षतिग्रस्त विद्यालयमा पढाइ निरन्तर राख्ने चुनौती।
  - ICT/Online/Radio माध्यम सीमित पहुँच।

५. **वित्तीय चुनौती:**
  - भवन सुधार, आपतकालीन सामग्री र तालिमका लागि पर्याप्त बजेटको अभाव।
  - LG बजेटमा अन्य प्राथमिकतासँग प्रतिस्पर्धा।

६. **सामाजिक चुनौती:**
  - बालबालिका र अभिभावकको जोखिम प्रति जागरुकता कम।
  - समुदायको दीर्घकालीन सहभागिता सुनिश्चित गर्न कठिन।

७. **प्राकृतिक आपतकालीन घटना अनियमित:**
  - अचानक बाढी, पहिरो, भूकम्प, हिउँको कारण तालिकाअनुसार योजना कार्यान्वयन अवरुद्ध।

- **अवसर:**
  - सरकारी नीति, LG नेतृत्व, समुदाय समर्थन, NGO/INGO सहयोग, ICT/उद्यमशीलता विकास।
- **चुनौती:**
  - भौगोलिक जोखिम, स्रोत अभाव, मानव संसाधन सीमितता, बजेट, सामाजिक जागरुकता, आकस्मिक प्राकृतिक घटनाहरू।

अवसर र चुनौतीको स्पष्ट विश्लेषणले जोखिम न्यूनीकरण रणनीति, कार्यान्वयन योजना, बजेट र Year-wise Targets निर्माण गर्न मद्दत गर्छ । दश वर्षे योजना अन्तर्गत सबै विद्यालयलाई सुरक्षित, बालमैत्री र आपतकालीन तयारी सम्पन्न बनाउन यी अवसरहरूलाई उपयोग गर्नुपर्छ।

**४.५.४ उद्देश्यहरू** (Objectives)

हेलम्बु गाउँपालिकामा विद्यालय सुरक्षा र आपतकालीन शिक्षा सुधारका उद्देश्यहरू तलका छन्:

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला पनि सबै बालबालिकाले समान रूपमा निरन्तर शिक्षा प्राप्त गर्न पहुँच र अवसर सुनिश्चित गर्नु

ख) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुऱ्याउनु

**१. बालबालिकाको जीवन सुरक्षा सुनिश्चित गर्नु**

- विद्यालयमा प्राकृतिक (भूकम्प, बाढी, पहिरो, हिउँ) तथा मानव-निर्मित (आगजनी, संरचनागत कमजोरी) जोखिमबाट बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु।
- सुरक्षित भवन, निकास मार्ग, सुरक्षा संकेत र प्राथमिक उपचारको उपस्थिति सुनिश्चित गर्नु।

**२. आपतकालीन तयारी र संकट व्यवस्थापन क्षमता विकास गर्नु**

- शिक्षक, विद्यार्थी र समुदायलाई **Disaster Risk Reduction (DRR)** र आपतकालीन अवस्थामा प्रतिक्रिया तालिम प्रदान गर्नु।
- Evacuation Plan अभ्यास, First Aid, Search & Rescue तालिम नियमित संचालन गर्नु।

**३. विद्यालयमा सिकाइ निरन्तरता कायम राख्नु**

- प्राकृतिक वा मानव-निर्मित विपद् भए पनि **Alternative Learning Spaces** र ICT/Online/Radio माध्यम प्रयोग गरी पढाइ निरन्तरता सुनिश्चित गर्नु।
- जोखिम बालबालिका, अपाङ्गता बालबालिकाको शिक्षा पहुँच सुनिश्चित गर्नु।

**४. समुदाय सहभागिता र जागरुकता अभिवृद्धि गर्नु**

- अभिभावक, SMC, गाउँ समुदाय र स्थानीय सरकारलाई आपतकालीन तयारी, सुरक्षा अभ्यास र DRR कार्यक्रममा सक्रिय संलग्न गराउनु।
- समुदाय-आधारित DRR Committee गठन र सञ्चालन।

**५. उद्यमशीलता र जीवनोपयोगी क्षमता विकास गर्नु**

- बालबालिकामा संकट व्यवस्थापन, नेतृत्व र समूह कार्य तालिममार्फत आत्मनिर्भरता विकास गर्नु।
- आपतकालीन अवस्थामा राहत सामग्री व्यवस्थापन र स्थानीय उत्पादन/उद्यममार्फत जीवनोपयोगी सीप सुदृढ गर्नु।

**६. पूर्वाधार र आपतकालीन सामग्री उपलब्धता सुनिश्चित गर्नु**

- प्रत्येक विद्यालयमा सुरक्षित भवन, आपतकालीन किट, पानी/खाना/औषधि, ICT/प्रयोगशाला सामग्री उपलब्ध गराउनु।
- Evacuation Route, Emergency Signage, Safety Equipment जस्ता पूर्वाधार सुनिश्चित गर्नु।

**७. जोखिम मूल्याङ्कन र सुधारात्मक कदम सुनिश्चित गर्नु**

- वार्षिक जोखिम मूल्याङ्कन र EMIS मा तथ्याङ्क अद्यावधिक।
- जोखिम मूल्याङ्कन अनुसार सुधारात्मक कदम चाल्नु।

८. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।

९. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने ।

१०. स्थानीय तथा विद्यालय स्तरका विद्यालय शिक्षामा विपद् जोखिम व्यवस्थापनलाई संस्थागत र मुलप्रवाहीकरण गर्ने

११. बृहत् सुरक्षित विद्यालय र विपद् जोखिम न्यूनिकरणलाई विद्यालयको पाठ्यक्रम तथा शिक्षकको पेशागत विकासमा एकीकृत गरी यसलाई विद्यार्थी, शिक्षक, विब्यस तथा समुदायमा प्रवाह गर्ने

१२. जलबायु, उर्जा र वातवरण सम्बन्धि सचेतना अभिवृद्धि गर्ने ।

यी उद्देश्यहरूले दश वर्षे योजना अन्तर्गत विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण र आपतकालीन शिक्षालाई सुरक्षित, दिगो, समावेशी र गुणस्तरीय बनाउने आधार तयार गर्छ। साथै, अन्य उपक्षेत्र (ICT, TVET, जीवनोपयोगी शिक्षा, बालविकास) सँग समन्वय गरी बालबालिकाको समग्र विकास सुनिश्चित गर्दछ।

### ४.५.५ रणनीतिहरू

हेलम्बु गाउँपालिकामा विद्यालय सुरक्षा र आपतकालीन शिक्षा सुधारका लागि अपनाइने रणनीतिहरू निम्नानुसार छन्:

**१. भौतिक सुरक्षा सुधार रणनीति**

- **सुरक्षित भवन निर्माण/सुधार:** पुराना विद्यालय भवन भूकम्प प्रतिरोधी बनाउने, सुरक्षित विद्यालय निर्माण।
- **पूर्वाधार सुनिश्चितता:** ICT/प्रयोगशाला, पुस्तकालय, खेलकुद क्षेत्र, शौचालय, खानेपानी।
- **सुरक्षा संकेत र निकास मार्ग:** प्रत्येक विद्यालयमा स्पष्ट संकेत, Emergency Exit र सुरक्षा दिशानिर्देश।

**२. आपतकालीन तयारी र क्षमता विकास रणनीति**

- **Evacuation Plan अभ्यास:** वार्षिक योजना अनुसार शिक्षक र विद्यार्थीको अभ्यास।
- **Emergency Kit उपलब्धता:** प्राथमिक उपचार सामग्री, संचार उपकरण, खानेपानी।
- **Teacher Training:** First aid, DRR, crisis management, search & rescue तालिम।

**३. संकट/आपतकालीन अवस्थामा शिक्षा निरन्तरता रणनीति**

- **Alternative Learning Spaces:** क्षतिग्रस्त विद्यालयमा Temporary Learning Spaces (Community Hall, Open Area, Tent)।
- **ICT/Online/Radio Education:** प्राकृतिक विपद् वा अन्य आपतकालीन अवस्थामा पढाइ निरन्तरता।
- **At-risk Children Access:** विपन्न, अपाङ्गता बालबालिकाको शिक्षा पहुँच सुनिश्चित।

**४. समुदाय सहभागिता रणनीति**

- **DRR Committees:** स्थानीय सरकार, SMC, अभिभावक र समाजिक संगठन संलग्न।
- **Community Awareness Program:** बालबालिका, अभिभावक, शिक्षकलाई जोखिम र तयारी विषयमा जागरुक बनाउने।
- **Volunteer Mobilization:** विपद्को अवस्थामा राहत, सुरक्षा र आपतकालीन व्यवस्थापनमा स्थानीय स्वयंसेवक सक्रिय।

**५. उद्यमशीलता र जीवनोपयोगी क्षमता विकास रणनीति**

- **Risk Management & Leadership Training:** बालबालिकालाई समूहमा समस्या समाधान, नेतृत्व विकास।
- **Alternative Livelihood & Relief Skills:** आपतकालीन समयमा स्थानीय उत्पादन, राहत सामग्री व्यवस्थापन र व्यवसायिक तालिम।
- **Integration with TVET & Life Skills:** विद्यालयमा सञ्चालन हुने व्यावसायिक/ICT तालिमसँग समन्वय।

**६. अनुगमन, मूल्याङ्कन र सुधार रणनीति**

- **EMIS Tracking:** विद्यालय सुरक्षा, आपतकालीन सामग्री, शिक्षक तालिम र Evacuation Plan को तथ्याङ्क अद्यावधिक।
- **Quarterly Reporting:** LG र SMC मार्फत गतिविधिहरू अनुगमन।
- **Annual Review & Corrective Actions:** जोखिम मूल्याङ्कन र सुधारात्मक कदम।

क) संघीय सरकारले बनाएको विपद्/आपतकालीन कार्यविधि स्थानीय स्तरमा लागू गर्ने संयन्त्र विकास गर्ने।

ख) स्थानीय सरकार र विज्ञहरूसँग अन्तरक्रिया गरी तहगत वैकल्पिक सिकाइ पाठ योजना तयार गर्ने।

ग) स्थानीय रेडियो, टेलिभिजन र अन्य सञ्चार माध्यमसँग समन्वय गर्ने।

घ) विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा जोड दिने।

ङ) गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गर्ने, जसमा विद्यालय शिक्षा उपसमिति पनि रहने।

च) प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।

छ) महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण–सिकाइ उपाय तयार गर्ने।

ज) स्थानीय तह र विद्यालयका कर्मचारी/शिक्षकहरूको आपतकालीन क्षमता विकास गर्ने।

झ) विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन समावेश गरी कार्यान्वयन गर्ने।

ञ) हरित विद्यालय, जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

ट) संकट/आपतकालिन अवस्थामा बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

ठ) विपद् पूर्व तयारी, प्रतिकार्य र ड्रिल अभ्यासलाई विद्यालयको वार्षिक योजना समावेश गर्ने।

ड) शिक्षक र विद्यार्थीलाई विपद्, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी ज्ञान र व्यवहारिक तालिम दिने।

ढ) अभिभावक र समुदायलाई आपतकालीन शिक्षामा सक्रिय सहभागी बनाउने।

ण) संकट–आपतकालिन अवस्था व्यवस्थापनका लागि नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने।

**समग्रमा**

क) स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।
ख) विपद्प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।
ग) विद्यार्थी, शिक्षक, अभिभावकलाई प्रकोप रोकथाम, र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ ।
घ) विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ ।
ङ) विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ ।
च) बृहत बिधालय सुरक्षा योजनालाई कार्यन्वयनमा ल्याइने छ
छ) हरित विद्यालय अभियान जलवायु परिवर्तन, उर्जा र वातावरण शिक्षा तथा दिगो विकासका लागि शिक्षा जस्ता कार्यक्रम कार्यान्वन गर्ने
ज) हेलम्बु गाउँपालिकाको लागि शिक्षा क्षेत्रको विपद आपत्कालीन योजना, २०८२ को प्रभावकारी कार्यान्वयन गर्ने।

**रणनीतिक दृष्टिकोणको समग्र विश्लेषण**

क) भौतिक सुरक्षा र ICT पहुँच सुधारले **सुरक्षित र दिगो सिकाइ वातावरण** सुनिश्चित गर्दछ।
ख) शिक्षक तालिम, DRR अभ्यास र Community Participation ले **आपतकालीन क्षमतामा सुधार** ल्याउँछ।
ग) Alternative Learning Space र ICT/Online शिक्षा माध्यमले **सिकाइ निरन्तरता** सुनिश्चित गर्छ।
घ) उद्यमशीलता तालिमले बालबालिकामा **जीवनोपयोगी क्षमता र नेतृत्व विकास** गर्छ।
ङ) EMIS आधारित अनुगमन र मूल्याङ्कनले **Risk Reduction Strategies** लाई दिगो बनाउँछ।

### ४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

क) आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य र समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन विकासमा योगदान पुगेको हुनेछ
ख) हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको

ग) हुने ।
घ) जलवायु, उर्जा र वातवरण सम्बन्धि सचेतना अभिवृद्धि भएको हुने ।
ङ) दस वर्षभित्र सभी विद्यालयमा भूकम्प प्रतिरोधी भवन निर्माण/सुधार हुने ।
च) Evacuation Plan सबै विद्यालयमा तयार गरिसकिएको र नियमित अभ्यास हुने ।
छ) शिक्षकहरूको पूर्ण तालिम (First Aid, DRR, Crisis Management) हुने ।
ज) प्रत्येक विद्यालयमा Emergency Kit, खानेपानी, प्राथमिक उपचार सामग्री उपलब्ध हुने ।
झ) DRR Committees सबै वडामा गठन र सक्रिय सञ्चालन हुनेछन्।
ञ) ICT/Alternative Learning Space तयार भई आपतकालीन अवस्थामा शिक्षा निरन्तरता सुनिश्चित हुने ।
ट) बालबालिकामा उद्यमशीलता, नेतृत्व, जीवनोपयोगी क्षमता विकास हुने ।

### ख) नतिजा

क) विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने ।
ख) स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने ।
ग) महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने ।
घ) बालबालिकाको जीवन पूर्ण रूपमा सुरक्षित हुने ।
ङ) शिक्षक, विद्यार्थी र समुदायको आपतकालीन प्रतिक्रिया क्षमता वृद्धि हुने ।
च) प्राकृतिक विपद् वा अन्य आपतकालीन परिस्थितिमा सिकाइ निरन्तरता कायम रहने ।
छ) जोखिम बालबालिका र अपाङ्गता बालबालिकाको शिक्षा पहुँच सुनिश्चित हुने ।
ज) बालबालिकामा समस्या समाधान, नेतृत्व र जीवनोपयोगी सीप विकास हुने ।
झ) स्थानीय सरकार, विद्यालय र समुदायको समन्वय र सहभागिता मजबुत हुने ।

### ४.५.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विपद् सम्बन्धी नीति, मार्गदर्शन तथा कार्यविधि तयार | पटक | १ | | | | १ | २ | |
| २ | स्थानीय पाठ्यक्रममा विपद व्यवस्थापन सम्बन्धी विषयवस्तु समावेश | पटक | १ | | | | १ | २ | |
| ३ | विपद सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा अभ्यास | पटक | | | १ | | १ | २ | |
| ४ | विपद व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना तयार | पटक | | २ | | | १ | २ | |
| ५ | विभिन्न निकायहरू समन्वय र जिम्मेवारीका लागि संयन्त्र तयार | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ६ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | ५० | ६० | ७० | ९० | १०० | १०० | |
| ७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ८ | भर्चुअल शिक्षण सिकाई सम्बन्धी शिक्षकको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | विद्यालय लामो सम्म बन्द हुने अवस्थामा गृह विद्यालय अवधारणा कार्यान्वयन | आवश्यकता अनुसार | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | स्थानीय पाठ्यक्रममा जलवायु उर्जा तथा वातावरण परिवर्तनबाट हुन सक्ने सम्भावित क्षतिलाई अल्पिकरण तथा अनुकूलन सम्बन्धी विषय वस्तुलाई समावेश गर्ने | निरन्तर | १ | | १ | | १ | ३ | |
| ११ | स्थानीय स्तरमा जलवायु परिवर्तनको असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | विद्यालय क्षेत्रलाई अधिकार सम्पन्न बनाइ खाद्य सुरक्षा बढाउने | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| १३ | शैक्षिक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | पोषणयुक्त बँगैचा विकासलाई अभियानको रुपमा लाने | संख्या | १ | ५ | १० | १० | ६ | ३२ | |
| १५ | समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन सहितको विपद् पूर्वतयारी अथवा जोखिम न्यूनीकरण तथा पूर्वतयारी | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १६ | जलवायु परिवर्तनबारे अध्ययन अध्यापन तथा जनचेतना अभिवृद्धि | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १७ | बर्खे पानी सङ्कलन तथा प्रयोग गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| १८ | प्लास्टिकजन्य फोहरमैला व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

प्रत्येक बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक भौतिक पूर्वाधारको सुनिश्चितता हुनु अपरिहार्य छ । विद्यालयको भौतिक वातावरणमा विभिन्न तत्वहरू पर्दछन्, जसले शिक्षण-सिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ। भवन/ कक्षाकोठा, फर्निचर, शौचालय सुविधा, पिउने पानी, खेल मैदान, खेल सामाग्री, सुरक्षित घेरबार, पार्क/बगैंचा, पुस्तकालय, विषयगत प्रयोगशाला, प्रविधि र सूचना प्रणालीका सामग्री, शैक्षिक सामग्रीहरू आदि जस्ता तत्वहरू विद्यालयको भौतिक पुर्वाधारहरू अन्तर्गत पर्दछन ।विद्यार्थीले विद्यालयमा सुरक्षित महसुस गर्नुपर्छ । यसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरू विपत जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित, बालमैत्री, हरित विद्यालयका रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ

भौतिक पूर्वाधार विकाससले भौतिक संरचनालाई जनाउँछ । त्यस्ता जोखिम रहित र सुविधा सम्पन्न हुनका साथै बालमैत्री, लैङ्गिकमैत्री समेत हुन जरुरी हुन्छ । राष्ट्रिय भवन संहिता २०६० र बस्ती विकास, शहरी योजना तथा भवन निर्माण भवन निर्माण सम्बन्धि आधारभूत मार्गनिर्देशन २०६२ मा प्राविधिक नक्साङकन, स्ट्रक्चरल डिजाइन अनिवार्य, सिभिल इन्जिनियरबाट प्रमाणित गर्ने र जोखिमयुक्त संरचना र पर्खाल भत्काउने आदिजस्ता मापदण्द निर्धारण गरेको छ भने विद्यालयको हकमा शिक्षा नियमावलि २०४९ नियम ४ सँग सम्बन्धित अनुसूचि ३ मा कक्षाकोठाहरु ९ फिट उचाई घाम पानीबाट बचाउ हुने किसिमको, पूर्वप्रथमिक विद्याल भवनको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, निम्न माध्यमिक वि र माविमा १.०० वर्गमिटर क्षेत्रफल भएको कक्षाकोठा हावा प्रकाश आउने किसिमको १ विद्यार्थी २ प्रति पुस्तक सम्पूर्ण विद्यार्थिहरु एकैसाथ उभिन सक्ने कम्पाउन्ड र विद्यालयको हाताभित्र घेराबारा भएको हुनुपर्ने व्यावस्था गरेको छ । राष्ट्रिय शिक्षनीति २०७६ ले भौतिक पूर्वाधार, पाठ्यसामग्री अदिलाई बाल, अपाङ्गता र लैङगिक मैत्री बनाउने, बालबालिकाहरुको स्याहार केन्द्र लगायतको संरचना जोखिमरहित सुविधासम्पन्न सहितको आधुनिक बानाउने उद्देश्य ले गुरुयोजना निर्माण गर्ने समेत नीतिगत व्यावस्था गरेको छ । नमूना विद्यालय छनौट कार्यविधिमा समेत भौतिक पूर्वाधार जस्ता सूचकहरु राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भौतिक पूर्वाधार निर्माणको मापदण्ड र मूल्याङ्कन नियमन गर्ने प्रवाधन रहेको छ । सुक्षित र पूर्वधार प्रयोग गर्न सक्ने भौतिक संरचना निर्माण गरी शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनका साथै गुणस्तरिय समावेशी, सर्वव्यापी जीवनउपयोगी र प्रविधिमैत्री

शिक्षा आदि प्रदान गर्ने लक्ष्य राखेर भौतिक विकासको आवश्यकता, सम्भावना र चुनौति लाई पहिचान गरी आगामी १० वर्षे शैक्षिक गुरुयोजनामा उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप र स्रमेत व्यावस्थापन समेत उल्लेख गरी निर्माण गरेको हुनु पर्छ ।

### ४.६.२ वर्तमान अवस्थाः

२०८१ को तथ्याङ्क अनुसार यस हेलम्बु गाउँपालिकामा जम्मा ३४ वटा विद्यालयहरु रहेका छन् । यस गाउँपालिकामा सञ्चालित शिक्षण संस्था आधारभूत विद्यालय १ देखि ५ जम्मा २१ विद्यालय आधारभूत विद्यालय १ देखि ८ कुल ३ वटा विद्यालय, माध्यमिक विद्यालय ९ देखि १० जम्मा ७ वटा विद्यालय आधारभूत विद्यालय १ देखि १२ जम्मा ६ वटा विद्यालय सामुदायिक बालविकास केन्द्र १ वटा रहेका छन । केही विद्यालयहरुमा भौतिक संरचरनाहरु पर्याप्त छैनन् । विद्यालयको भौतिक पक्षसँग सम्बन्धित विवरणमा हर्दा प्रयोगमा आएको पक्की भवन संख्या कम रहेको छ । फलामको ब्लक प्रयोगमा आएका कच्ची भवन प्रयोगमा आएका शौचलय आदिको संख्या धेरै रहेका छन् । छात्रा शौचलय, खानेपानीको व्यावस्था, विद्यालयमा घेराबारा पर्याप्त हुन सकेको छैन । बालबालिकाहरुलाई सावुनपानीले हात धुने व्यावस्था, प्राथमिक उपचार व्यावस्था ध्यान पुर्याउनु पर्ने अवस्था रहेको छ ।

### ४.६.३ अवसर र चुनौतिहरु

क) विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् -
ख) जोखिम रहित तथा सुविधायुत्त भौतिक पूर्वाधार विकासमा मापदण्ड र गुरुयोजना निर्माण ।
ग) पूर्वाधारलाई बालमैत्री, अपाङगमैत्री, लैङगिकमैत्री र सूचना सञ्चार प्रविधिको संरचना सहित निर्माण गर्नु ।
घ) पूर्वाधार विकास र विस्तार गर्दा पारदर्शी जवाफदेहि तथा गुणस्तरीय बनाउनु ।
ङ) आवश्यक स्रोतको व्यावस्थापन गर्नु ।
च) निरन्तर नियमन अनुगमन नियन्त्रण र मूल्याङकन गर्नु ।

### ४.६.४ उद्देश्यः

क) सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदका लागि पर्याप्त, सुरक्षित र समावेशी भौतिक पूर्वाधार सुनिश्चित गर्नु
ख) विद्यालय भवन र अन्य पूर्वाधारलाई बालमैत्री, हरित र विपद् जोखिममुक्त बनाउँदै दीर्घकालीन टिकाउ विकास प्रवर्द्धन गर्नु
ग) पूर्वाधार विकासमा नीतिगत व्यावस्था अनुरुपको सुरक्षित जोखिमरहित, मापदण्ड अनुसारका संरचना सहित पूर्वाधार विकास गर्ने ।
घ) शिक्षण सिकाई क्रियाकलाप अनुकूल हुने गरी बालमैत्री, अपाङगमैत्री, लैङगिक मैत्री आधारभूत सुविधासहितको पूर्वाधार विकास गर्ने ।

### ४.६.५ रणनीतिहरू

क) विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार विकासका मापदण्ड तयार गर्ने।
ख) पूर्वाधार निर्माण र स्तरोन्नतिका लागि संघसंस्था, सरोकारवालासँग लागत साझेदारी गर्ने।
ग) कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा/खाजाका घरलगायत पूर्वाधार समावेश गरेर डिजाईन गर्ने।
घ) प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्थासहित स्तरोन्नति गर्ने।
ङ) पूर्वाधार निर्माणसँगै विद्यालय व्यवस्थापन र संस्थागत क्षमता अभिवृद्धि गर्ने।
च) विद्यालय भौतिक पूर्वाधारका लागि सूचक तयार गरी अनुगमन गर्ने।
छ) आंशिक क्षति भएका विद्यालय संरचनाको मर्मत सम्भार नियमित गर्ने।
ज) विद्यालय भवन र पूर्वाधारलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउने।
झ) विद्यालयलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको रूपमा विकास गर्ने।
ञ) खेलकुद मैदान, पुस्तकालय/बुक कर्नर र अन्य सिकाइ स्रोत सुनिश्चित गर्ने।

ट) विद्यार्थीहरूको पहुँच र समावेशीता सुनिश्चित गर्दै सबै पूर्वाधार डिजाइन गर्ने।

ठ) अनुगमन, मूल्याङ्कन र सुधार मार्फत पूर्वाधारको टिकाउपन र प्रभावकारिता सुनिश्चित गर्ने।

ड) पूर्वाधार विकासमा गुरुयोजना र मापदण्ड तयार गरी कार्यन्वयन गर्ने।

ढ) विद्यालयमा प्राथमिक उपचार सहितको पूर्वाधार तयार गर्ने।

ण) पूर्वाधार निर्माण गर्न आवश्यक स्रोत साधनको व्यावस्थापन गर्न सम्बन्धित निकाय वा संघसस्थाहरुसँग साझदारी गर्ने।

त) भौतिक पूर्वाधार जोखिमको मूल्याङकन गरी जौखिमयुत्त लाई हटाउने तथ मर्मत सम्भार गर्ने।

थ) विद्यालयका सुधार गर्न आवश्यक कार्यविधि निर्माण गरी कार्यन्वयन गर्ने।

द) सुरक्षित मापदण्डअनुसारका ICT संरचना अनुसार स्मार्ट कक्षाकोठा निर्माण ध्यान दिइनेछ ।

ध) प्रत्येक विद्यालयमा बाल उद्यान निर्माण गर्ने ।

### ४.६.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु

#### उपलब्धि

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ। जेखिमरहित सुरक्षित र न्युनतम सुविधा सम्पन्न भौतिक पूर्वाधारको निर्माण गरी प्रभावकारी सिकाई क्रियाकलापको वातावरण तयार हुने

#### नतिजा

क) जेखिम रहित तथा न्युनतम सुविधायुत्त भौतिक पूर्वाधार विकासका लागि १० वर्षे गुरुयोजना र मापदण्ड तयार हुने ।

ख) सबै विद्यालयमा आवश्यक भौतकपूर्वाधार निर्माण भएको हुने।

ग) विद्यालयमा बालमैत्री लैङगिक तथा अपाङगमैत्री षुअत सहितको भौतिक पूर्वाधार विकास हुने।

घ) विद्यालयमा रहेको भौतिक सम्पतिको प्रयोगमा कार्यविधि मापदण्ड र प्रभाबकारिता को सूचक तयार गर्ने।

ङ) सबै विद्यालयमा गण्नित, विज्ञानको प्रयोगशाला कप्यूटर ल्याब पुस्तकालय, अध्ययन कक्षा, चमेना गृह बालउद्यान स्वच्छ खाने पानी उपलब्ध हुने।

च) भौतिक पूर्वाधार विकासकोमा स्रोत व्यावस्थापनका लागि सम्बन्धित निकाय, संघ-संस्था, अभिभावक आदिमा सहकार्य हुने ।

### ४.६.७ क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भौतिक पूर्वाधार विकासको १० वर्षे गुरुयोजना तथा मापदण्ड तयार गर्ने । | पटक | | १ | | | | १ | |
| २ | बालमैत्री, अपाङगमैत्री र लैङगिकमैत्री पूर्वाधार विकास गर्ने | पटक | | १ | १ | १ | १ | ४ | |
| ३ | बालउद्यान निर्माण गर्ने । | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | |
| ५ | विद्यालयको मर्मत सम्भार | आवश्यक | ५ | ५ | ५ | ५ | ५ | २५ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधि भन्नाले साधरणतया सूचना आदन प्रदान गर्ने उपकरणहरुलाई जनाउदछ । सूचना तथा प्रविधिले विद्युतिय ÷चुम्वकिय तरङग जस्ता उपकरणहरुको माध्यमबाट विभिन्न डाटाहरुलाई ध्वनि, शब्द, तस्विर र संकेत अदिलाई आदनप्रदान गर्नका साथै त्यस्ता सूचनालाई भण्डारण, सम्पादन, प्रचार प्रसार अदि समेत गर्दछ । यस्ता विभिन्न किसिमका उपकरणहरु आदि पर्दछन । यसले गर्दा विश्वलाई नजिक बनाएको छ ।

शिक्षा क्षेत्रको भूमिका शैक्षिक सुशसन शैक्षिक सूचना व्यावस्थापन का साथै प्रभावकारी शिक्षण सिकाइमा प्रयोग गर्ने नीति समेत रहेको छ । नेपालमा शैक्षिक सूचना व्यावस्थापन गर्न सूचना तथा समेत रहेको छ भने विभिन्न सिकाईको शैक्षिक सामग्रीहरुको उत्पादन वितरण गरी सबैको शैक्षिक गुणस्तरमा पहुँच पुर्‍याउन प्रयास गरेको छ ।२०७२ सालको भूकम्पका बेलामा पनि सूचना र प्रविधिको माध्यमबाट पठनपाठन गरेको थियो । यस्ता कठिन माहामारीमा समेत सञ्चार प्रविधिको माध्यमबाट बैकल्पिक शिक्षणसिकाई निरन्तर दियो ।

स्थानीय सरकार सञ्चनलन ऐन २०७४ मा सामुदायिक केन्द्रस्थपना गरेर डिजिटल साक्षरता बढाउने लक्ष्य रहेको छ । सुचना तथा सञ्चार नीति २०७२ र डिजिटल नेपाल फ्रेमवर्क २०७६ ले सुचना तथ सञ्चार प्रविधिको प्रयोग सम्बन्धी गुरुयोजना निर्माण गर्ने । स्मार्टकक्षाकोठा निर्माण अनलाईन सिकाई कार्य, शिक्षण व्यावस्थापन प्रणालि, वायोमेट्रिक हाजिरि, ग्रामिण क्षेत्रमा मोवाइल सिकाई केन्द्र का साथै अनलाईन शिक्षा प्रदान गर्ने नीति लिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३ मा पूर्वाधारलई सुदृढ बनाउदै उपयुत्त प्रयोगमा जोड दिने । राष्ट्रिय विज्ञान प्रविधि तथा नब प्रवर्दन नीति २०७६ मा गुणस्तरिय र सुशासनमा नीति मार्फत् अध्ययन अनुसन्धान गरी क्षमताको अभिवृद्धि गर्ने । राष्ट्रिय शिक्षा नीति २०७६ को ४८ मा लाई शिक्षा प्रणलिको अभिन्न रुपमा एकिकृत गर्दै शिक्षाको पूर्वाधार निर्माण गर्ने, सिकाई प्रक्रियालाई प्रविधि मैत्री बनाउने । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको शिक्षा क्षेत्र योजना मार्फत् विद्यालयको सुशासन कार्य गर्ने सिकाईप्रति विद्यार्थीलाई आकर्षित गर्ने सबै विद्यार्थीको लागि आधारभूत साक्षरता बढाउने जस्ता विभिन्न रणनीति, तथा नीतिगत व्यावस्था गरेको छ ।

### ४.७.२ वर्तमान अवस्था

यस गाउँपालिकामा समेत प्रविधिमैत्री बनाउन पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । गाउँपालिकाका ३२ वटा विद्यालयहरु सबैमा बिजुली बत्तिको व्यवस्थापन गरिएको छ । सबै विद्यालयहरुमा इन्टरनेटको व्यवस्थापन गरिएको छ । विद्यालयको शिक्षण सिकाइमा **ICT** को सान्दर्भिक प्रयोग गरी ICT लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन हुने र विद्यार्थी अभिभावक समेत साधारण डिजिटल साक्षर आजको आवस्यकता पूरा गर्नु रहेको छ । हाल पूरानै पद्धतीबाट अध्यापन गराइरहेको छ । सबै विद्यालयमा स्मार्ट कक्षा निमार्ण गरी अन्तरक्रिया डिजिटल सामग्री स्थापना गर्दै गणित, विज्ञान प्रयोगशालामा अनिवार्य सुचना तथा सञ्चार प्रविधीको प्रयोग गर्नु तथा अन्य विषयको लागि आवश्यकअनुरुप गर्नु पर्ने अवस्था रहेको छ । कोभिड १९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरुले पालिका स्तरीय शैक्षिक सामग्री निमार्ण, प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिएको भएता पनि आगामी दिनमा हुन सक्ने जोखिमलाई जुध्न सक्ने प्रविधीको प्रयोग गर्नु आवस्यक रहेको छ ।

### ४.७.३ अवसर र चुनौतिहरु

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरूपहिचान गरिएको छ-

क) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चित गरी शिक्षक र विद्यार्थीको सिकाइ अनुभव प्रभावकारी बनाउनु

ख) ICT प्रयोगमार्फत डिजिटल क्षमता, अनुसन्धान, सहकार्य र रचनात्मक सोच विकास गर्दै गुणस्तरीय र समावेशी शिक्षा प्रवर्द्धन गर्नु

### ४.७.४ उद्देश्यहरु

क) पालिका स्तरीय education e-portal center, Digital Lab / e-Library स्थापना गर्नु ।

ख) सबै विद्यालयहरुमा क्ष्ऋत् को पूर्वाधार निमार्ण गर्न र क्ष्ऋत् सामाग्री वितरण गर्न स्रोतको अभाव

ग) सूचना तथा प्रविधिको प्रयोगमा बढवा दिदैँ education e-portal center, Digital Lab/e-Library को माध्यमबाट शिक्षालाई गुणस्तरीय समतापूर्ण, सबैको पहँचमा पुर्‍याउने सुशासनयुक्त शैक्षिक प्रशासन स्थापना र शैक्षिक सूचनालाई प्रभावकारी व्यवस्थापन बनाउनु

### ४.७.५ रणनीतिहरु

क) सबै विद्यालयमा ICT को आधारभूत संरचना र उपकरण (कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदि) उपलब्ध गराउने।

ख) शिक्षकहरूको ICT प्रयोग क्षमता वृद्धि गर्न तालिम र कार्यशाला सञ्चालन गर्ने।

ग) कक्षा र विषय अनुसार तयार गरिएका अन्तरक्रियात्मक डिजिटल पाठ्य सामग्रीको प्रयोग बढाउने।

घ) शिक्षक सहायता, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीमा ICT को प्रयोग गर्ने।

ङ) शैक्षिक स्रोत र सामग्रीमा इन्टरनेट सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।

च) विद्यालय प्रशासन, सूचना व्यवस्थापन र शिक्षासम्बन्धी सेवा प्रवाहमा ICT प्रयोग विस्तार गर्ने।

छ) सामुदायिक सिकाइ केन्द्रहरूमा ICT स्थापना गर्ने।

ज) दुर्गम क्षेत्रका विद्यालयमा ICT पहुँच सुनिश्चित गर्न मोबाइल/साझा उपकरण वा अनलाइन समाधानको व्यवस्था गर्ने।

झ) ICT मार्फत विद्यार्थी केन्द्रित, अनुसन्धान र परियोजना आधारित सिकाइ प्रवर्द्धन गर्ने।

ञ) ICT सम्बन्धी अनुगमन, मूल्याङ्कन र सुधार कार्य योजनामा समावेश गरी प्रभावकारिता सुनिश्चित गर्ने।

ट) पलिका तथा विद्यालय स्तरीय दुवैले नीति तथा दश वर्षे गुरुयोजना तयार गरी कार्यन्वयन गर्ने

ठ) पालिका स्तरीय भ् education e-portal center निमार्ण गर्ने ।

ड) ICT का आधारभूत संरचना निमार्ण गर्न तिनओटै सरकार र सम्बन्धित सङ्घसस्थासँग सहकार्य गरी स्रोतसाधनको व्यवस्था गरिने छ ।

ढ) आधारभूत तहको ६– ८ कक्षाको कम्प्युटर विषय अध्यापन गर्ने शिक्षकलाई शैक्षिक सूचना व्यवस्थापन गर्न सस्थागत क्षमता विकास गर्न वार्षिकरुपमा तालिम प्रशिक्षण दिइनेछ ।

ण) विद्यालयको एकिकृत लेखापालन सफ्टवेयर सम्बन्धी तालिम सञ्चालन गर्ने ।

त) कोभिड १९ जस्ता महामारीमा शिक्षा शाखाको मातहतमा रही लिडर विद्यालयको शिक्षकहरुले पालिका स्तरीय शैक्षिक सामग्री निमार्ण, प्रसार र वितरण गर्ने र अन्य विद्यालयले विद्यालयले विद्यार्थीलाई सहजीकरण गरिने छ ।

थ) विद्यालयमा सुचना तथा सञ्चार प्रविधीको प्रयोगको प्रभावकारिता र उपलब्धताको निरन्तर अनुगमन तथा मूल्याङ्कन गरिने छ ।

द) सबै विद्यालयमा बायोमेट्रिक हाजिरीको विकास गरिने छ ।

ध) सबै विद्यालयमा स्मार्ट कक्षा निमार्ण गरी अन्तरक्रिया डिजिटल सामग्री स्थापना गर्दै गणित, विज्ञान प्रयोगशालामा अनिवार्य सुचना तथा सञ्चार प्रविधीको प्रयोग गर्ने र अन्य विषयको लागि आवश्यकअनुरुप प्रयोग गर्ने ।

न) प्रत्येक विद्यालयमा सुचना तथा सञ्चार प्रविधीको आधारभूत पूर्वाधारहरु निमार्ण गरी न्युनतम सामग्रीसमेत वितरण गरीने छ ।

### ४.७.६ नतिजा, क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुनेछ। विद्यालयको शिक्षण सिकाइमा क्षत्रृत् को सान्दर्भिक प्रयोग गरी **ICT** लाई वैकल्पिक माध्यमको विस्तार हुनका साथै शैक्षिक सूचनालाई व्यवस्थित गर्दै सुशासन हुने र विद्यार्थी अभिभावकसमेत साधारण डिजिटले साक्षरता हुने ।

#### नतिजा

क) पालिका र विद्यालयस्तरमा सुचना तथा सञ्चार प्रविधी को प्रयोग सम्बन्धी नीति तथा गुरुयोजना निमार्ण भएका हुने ।
ख) पालिका स्तरीय education e-portal center मार्फत् शैक्षिक सामग्री निमार्ण वितरण र प्रसार गरिएको हुने ।
ग) लिडर विद्यालयमा सुचना तथा सञ्चार प्रविधी सिकाइ केन्द्र स्थापना भएको हुने ।
घ) विद्यालयको लेखापालन र कम्प्युटर विषयको शिक्षण गर्ने शिक्षकलाई तालिम प्राप्त भएको हुने ।
ङ) प्रत्येक विद्यालयमा प्रविधिको पूर्वाधारसहित न्युनतम सामग्री सम्पन्न हुने र त्यसको माध्यमबाट सिकाइ क्रियाकलाप भएको हुने ।
च) प्रत्येक विद्यालयमा आधुनिक सु–सम्पन्न गणित, विज्ञान, कम्प्युटर प्रयोगशालाहरु निमार्ण भएको हुने ।

- आधारभूत तहको ६–८ मा अध्यापन भइरहेको कम्प्युटर सम्बन्धी छुट्टै शिक्षक उपलब्ध भएको हुने ।

### ४.७.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुचना तथा सञ्चार प्रविधी प्रयोग सम्बन्धी पालिका तथा विद्यालय स्तरीय नीति तथा गुरुयोजना निमार्ण | संख्या | | १ | | | १ | २ | |
| २ | पालिका स्तरीय education e-portal center निमार्ण | संख्या | | | १ | | १ | २ | |
| ३ | विद्यालयमा सिकाइ केन्द्र स्थापना | संख्या | | | | | १ | १ | |
| ४ | सबै विद्यालयमा सुचना तथा सञ्चार प्रविधी को पूर्वाधारसहितका स्मार्ट भवन निमार्ण | संख्या | ११ | १० | १० | २ | ३२ | ३२ | |
| ५ | ६–८ को कम्प्युटर विषय अध्यापन गर्न व्यस्थापन, विषय शिक्षकलाई तालिम | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ^ | विद्यालयको एकिकृत लेखापालन सफ्टवेयर उपलब्ध गराएर तालिम सञ्चालन | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ७ | शिक्षक विद्यार्थी र अभिभावकलाई साधारण साक्षरता बनाउने अभिमुखी कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | |
| ८ | सबै विद्यालयमा उच्च गतिको इन्टरनेट जडान | निरन्तर | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |

## ४.८ विद्यालयमा समायोजन गरी एकीकृत विद्यालयको स्थापना

### ४.८.१ परिचय

नेपालमा विद्यालय समायोजन/मर्ज (School Consolidation/Merger) को अवधारणा विद्यार्थी सङ्ख्या घट्दो, स्रोत–साधनको दोहोरो प्रयोग, भौगोलिक पहुँचको असन्तुलन तथा शिक्षाको गुणस्तरमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न विकास गरिएको हो। विद्यालय समायोजन भन्नाले भौगोलिक रूपमा नजिक रहेका, न्यून विद्यार्थी भएका वा प्रभावकारी रूपमा सञ्चालन हुन नसकेका विद्यालयहरूलाई आपसमा गाभ्ने, स्थानान्तरण गर्ने वा पुनःसंरचना गर्ने प्रक्रिया बुझिन्छ। यस प्रक्रियाले सीमित शैक्षिक स्रोतहरूको प्रभावकारी उपयोग गर्दै सुरक्षित, गुणस्तरीय र समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्ने लक्ष्य राख्दछ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको हक सुनिश्चित गर्दै विद्यालय शिक्षा व्यवस्थापनको जिम्मेवारी संघ, प्रदेश र विशेषतः स्थानीय तहलाई प्रदान गरेको छ। संविधानको धारा ३१ तथा अनुसूची ८ र ९ अनुसार विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन र नियमन स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्दछ। यही संवैधानिक व्यवस्थाका आधारमा स्थानीय सरकारले विद्यालय समायोजनसम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने अधिकार प्राप्त गरेको हो। विद्यालय समायोजनसम्बन्धी कानुनी व्यवस्था शिक्षा ऐन, २०२८ (संशोधित) र शिक्षा नियमावली, २०५९ मा पनि स्पष्ट रूपमा उल्लेख गरिएको छ। यी कानुनी प्रावधानहरूले विद्यालय खोल्ने, गाभ्ने, स्थानान्तरण गर्ने वा बन्द गर्ने अधिकार सम्बन्धित निकायलाई प्रदान गर्दै विद्यार्थीको शैक्षिक अधिकार, शिक्षक व्यवस्थापन तथा विद्यालयको सम्पत्ति संरक्षणलाई प्राथमिकतामा राखेका छन्। यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन, नियमन र सुधारका लागि स्थानीय तहलाई पूर्ण अधिकार प्रदान गर्दै विद्यालय समायोजनलाई कानुनी रूपमा वैध बनाएको छ।

